नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

नपाली मनका नपाली पत्रिका

आइतबार, साउन १५, २०७४ | Sunday, July 30, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला थ्व: ७ | वर्ष २३, अंक २०१ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ विश्व चर्चित माउथासेन बन्दीगृह

५ पाउको हिसाब गोलमाल

८ नवाजकै भाइ शहवाज भावी प्रमका दाबेदार

११ नेपाल विद्युतीय फोहोरको डम्पिङ्साइट बन्दै

चुनाव एकैपटक गर्ने पक्षमा प्रम

'सुशील कोइरालाको पालामा नाकाबन्दी भएको हो। ओलीको पालामा नाकाबन्दी हटेको हो। अनि कसरी कांग्रेस भारतपरस्त हुन्छ?'

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले केन्द्र र प्रदेशको निर्वाचन एकैपटक गर्नुपर्छ भन्ने पक्षमा आफू रहेको बताउनुभएको छ। उहाँले खर्चको हिसाबले पनि त्यसो गर्नु उपयुक्त हुने बताउनुभयो। शनिबार साँझ प्रमुख सञ्चारमाध्यमका सम्पादकहरुसँग बालुवाटारमा कुराकानी गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो- 'यसबारेमा निर्वाचन आयोगसँग पनि सकारात्मक छलफल भइरहेको छ, दलहरुसँग पनि कुराकानी हुनेछ।'

उहाँले संविधान संशोधनका लागि चाहिएअनुसारको भोट पाइयोस् भनेर ढिला गरिएको बताउँदै फेल भएमा अप्ठ्यारो पर्छ भनेर यसो गरिएको बताउनुभयो। संविधान संशोधन नहुँदा असोज २ गते हुने स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा राष्ट्रिय जनता पार्टी आउन सक्ने वा नसक्ने भन्ने बारेमा प्रधानमन्त्रीले उहाँहरुले निर्वाचनमा आउने नभनेको बताउँदै भन्नुभयो- 'तापनि प्रयास भइरहन्छ। उहाँहरु पहिला पनि विभिन्न हिसाबले निर्वाचनमा आउनुभएको छ।'

आफू नेतृत्वको सरकारको प्राथमिकता सुशासन र विकास भएको बताउँदै प्रधानमन्त्रीले सँगसँगै तीनवटै निर्वाचन आगामी माघ ७ गतेसम्ममा सम्पन्न गराउने बताउनुभयो। संसद्को म्याद थप्ने कुरा नहुने उहाँको सक्षिप्त जवाफ थियो।

प्रधानमन्त्री देउवाले आफ्नो आगामी भारत भ्रमण राजकीय हुने जानकारी आएको बताउँदै एजेन्डाका बारेमा छलफल भइरहेको बताउनुभयो। प्रधानमन्त्री निकट अधिकारीहरुले उहाँको भारत भ्रमण भदौ ८ बाट हुने सम्भावना रहेको जनाए पनि भारतका लागि नेपालका राजदूत दीपकुमार उपाध्यायले *नेपाल समाचरपत्र*सँग शनिबार राति कुरा गर्दै वास्तविक तिथि तय हुन

- भारत भ्रमणको एउटा एजेन्डा महाकाली सन्धिको कार्यान्वयन
- भारत र चीनसँग सन्तुलित सम्बन्ध भन्दिनँ। राम्रो सम्बन्ध राख्छु।
- संशोधन पास होस् भनेर ढिलाइ
- सचिवालयलाई बलियो र अनुगमन संयन्त्रलाई कडा पार्ने प्रमको उद्घोष

अझै बाँकी रहेको बताउनुभयो। प्रधानमन्त्रीले भारत भ्रमणका क्रममा विगतमा आफ्नै कार्यकालमा भएको महाकाली सन्धिअनुसार पञ्चेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)लाई पूर्णता दिने बारेमा भ्रमणमा छलफल हुन सक्ने संकेत गर्नुभयो।

अनौपचारिक रुपमा प्रस्तुत हुनुभएका प्रधानमन्त्री देउवाले भारत र चीन दुवै देशसँग आफ्नो सरकारले राम्रो सम्बन्ध राख्ने बताउनुभयो। उहाँको भनाइ थियो- 'म सन्तुलित सम्बन्ध भन्दिनँ। राम्रो सम्बन्ध राख्छु।'

भारतीय नाकाबन्दीविरुद्धको अडानका कारण प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमालेलाई राष्ट्रवादी र नेपाली कांग्रेसलाई भारतपरस्त भन्ने खालको आरोप लगाएको प्रसंगमा उठेको एक जिज्ञाशामा प्रधानमन्त्री देउवाको भनाइ थियो- 'सुशील कोइरालाको पालामा नाकाबन्दी भएको हो। ओलीको पालामा त नाकाबन्दी हटेको हो। अनि कसरी कांग्रेस भारतपरस्त हुन्छ?'

उहाँले स्थानीय तहको निर्वाचनमा विभिन्न कारणले गर्दा कांग्रेस पहिलोबाट दोस्रो भएको जनाउँदै आगामी दिनमा सुधार्नेसमेत बताउनुभयो।

उहाँले आफूले राजधानीका खाल्डा पुर्ने कामलाई प्राथमिकतामा राखेको बताउँदै प्रधानमन्त्रीले आफूले आदेश दिएपछि ८३ प्रतिशत खाल्डा पुर्ने काम भएको र सम्बद्ध मन्त्रीले आफैले निरीक्षण गर्न लागेको बताउनुभयो। उहाँले राष्ट्रिय गौरवका आयोजना समयमा सम्पन्न गर्नका लागि आफूले चाँडै निरीक्षण गर्न लागेको बताउँदै मेलम्चीको काम चाँडो गर्न निर्देशन दिने बताउनुभयो।

प्रधानमन्त्रीले नेपालमा अहिलेको समस्या कार्यान्वयनको भएको जनाउँदै मुग्लिन-नारायणगढ सडक खण्डको निर्माण चाँडो सम्पन्न गर्नका लागि आफू त्यहाँ गएर वा ठेकेदारलाई यतै बोलाएर निर्देशन दिने तयारीमा रहेको समेत बताउनुभयो। 'जनशक्ति चाहिन्छ भने थप्नुपर्‍यो। पैसा चाहिन्छ भने म दिन्छु। तर काम हुनुपर्‍यो।' -प्रधानमन्त्रीले भन्नुभयो। प्रधानमन्त्रीले नै सडकका खाल्डा हेर्दै हिँड्ने अनि अरू निकायले के गर्ने भन्ने सम्बन्धमा उठेको एक जिज्ञाशामा प्रधानमन्त्रीले भन्नुभयो- 'यो राजधानी पनि हो। त्यसैले सुधार्नका लागि म आफै लागेको छु।'

उहाँले नेपालको व्यापार घाटा कम गर्नका लागि विद्युत् उत्पादन गरेर निर्यात गर्न सक्नुपर्ने बताउँदै परियोजनाहरुमा रहेको ढिलासुस्तीलाई अन्त्य गर्न आफूले अनुगमन संयन्त्रलाई बलियो बनाउनेसमेत बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

'कालापानी नेपालको हो, सल्टिन्छ'

प्रधानमन्त्री देउवाले डोकलाम क्षेत्रमा भारत र चीनबीच उत्पन्न तनाबको समस्या समाधान हुने आफूले ठानेको बताउँदै भन्नुभयो- 'मैले त्यो समस्यालाई ठूलो ठानेको छैन। चाँडै सल्टिन्छ भन्ने विश्वास छ।'

उहाँले दार्जिलिङको मामिला पनि भारतको आन्तरिक मामिला भएको र त्यो सुल्झने आफूलाई विश्वास रहेको बताउनुभयो। उहाँले कालापानी विवादका बारेमा भन्नुभयो- 'कालापानी नेपालको हो। यो सल्टिन्छ।'

प्रधानमन्त्रीले चीनसँग भएका सम्झौताअनुसार नाका खोल्नेलगायत सबैकुरा कार्यान्वयन हुँदै जानेसमेत अर्को एक प्रसंगमा बताउनुभयो।

तीन जना नेपालीलाई १ बुक तास

हेमन्त जोशी, काठमाडौं

नेपालमा प्रचलित कानुनअनुसार तास खेल्नु सामाजिक अपराध हो। तर विभिन्न चाडपर्व विशेष गरी दशैं, तिहार, साथीभाइसँगको जमघट, उत्सव, पिकनिकजस्ता कार्यक्रममा तास खेल्नु आम प्रचलनजस्तै भइसकेको छ। के तपाई हामीलाई प्रत्येक ३ जना नेपालीले औसतमा १ बुक तास प्रयोग गरिरहेका छौं भनेर थाहा छ?

भन्सार विभागको तथ्यांकअनुसार नेपालमा गत आर्थिक वर्षमा १४ करोड ६५ लाख ६२ हजार रुपियाँ बराबरको १ करोड १५ लाख ९७ हजार बुक तास वार्षिक रुपमा आयात हुने गरेको छ। उक्त तथ्यांकलाई आधार मान्दा वार्षिक रुपमा औसत ३ जना व्यक्तिले १ बुक तास प्रयोग गरिरहेका छन्।

कोही रमाइलोका लागि तास खेल्छन् भने कोही बानीका रुपमा आफ्नो जीवनभरको कमाइ दाउमा लगाइरहका हुन्छन्। केही व्यक्तिले तास खेलेर आफ्नो सर्वस्व नै

तास खेल्नेलाई पक्राउ गर्ने गरिए पनि राज्यले नै चीन, भारत, मलेसिया, ताइवान, बेलायत र अमेरिकालगायतका मुलुकबाट वर्षेनी करोडौंको तास आयात गर्न दिने गरेको छ।

गुमाएको पनि हामीले समाचार पढ्दै र सुन्दै आएका छौं। तर हामीमध्ये थोरैलाई मात्र हेक्का छ कि तासबाट नै हाम्रो वार्षिक रुपमा करोडौं रुपियाँ विदेशिने गरेको छ। नेपालले चीन, भारत, मलेसिया, ताइवान, बेलायत र अमेरिकालगायत मुलुकबाट आयात गरिएका तास प्रयोग गरिरहेको छ। नेपालमा तास सबैभन्दा धेरै चीनबाट आयात हुन्छ। भन्सार विभागको गत आर्थिक वर्षको तथ्यांकमा चीनबाट मात्र १२ करोड ६१ लाख ५० हजार रुपियाँ बराबरको १ करोड ११ लाख ३ हजार बुक तास नेपाल भित्रिएको छ। त्यस्तै, अमेरिकाबाट गत आर्थिक वर्षमा १ करोड २८ लाख ५३ हजार रुपियाँ बराबरको ३ लाख ५४ हजार ५ सय ४५ बुक तास आयात भएको छ।

गत आर्थिक वर्षमा आयातित तासमार्फत ५ करोड ५३ लाख ७ हजार रुपियाँ राजस्व संकलन भएको छ। त्यस्तै, आर्थिक वर्ष २०७२/७३ मा १८ करोड ७० लाख ४१ हजार रुपियाँ बराबरको १ करोड ४४ लाख ९ हजार ६ सय बुक तास आयात भएको थियो भने सोमार्फत ६ करोड ६५ लाख ९ हजार रुपियाँ राजस्व संकलन भएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ। नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ। मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

साझा प्रकाशनमा शृंखलाबद्ध अनियमितता

ईश्वरराज ढकाल, काठमाडौं

साझा प्रकाशनमा एकपछि अर्को अनियमितताको नयाँ विषय सार्वजनिक हुन थालेका छन्। साझाका अध्यक्ष तथा महाप्रबन्धक डोलिन्द्र शर्माले यसरी अनियमितता गरेको पोल खुल्दै गएको छ। स्रोतका अनुसार आफूखुसी जागिर खुवाएका नयाँ कर्मचारीको आडमा उनले मनपरी गर्न थालेका हुन्। यहाँसम्म कि आफू संलग्न रहेको अल्पाइन पब्लिकेसनको प्रेस ल्याएर स्थापना गर्दै सबैलाई झुक्याउन सफल भएका छन्। छापाखानाभित्र विना टेन्डर प्रेस ल्याएर राखिएको छ। सात सदस्यीय सञ्चालक समितिको निर्णयबिना नै जनकको पाठ्यपुस्तक छपाइ गर्न भन्दै अल्पाइनबाट थोत्रो वेब प्रेस मेसिन ल्याएर राखिएको हो। गत फागुनमा कसैलाई जानकारी नै नदिई मेसिन राखेका अध्यक्षले सबै सञ्चालकलाई पंगु बनाएका छन्। उनले सो प्रेसबाट जनकको किताब छपाइ गरी आफैले कमिसन लिएका थिए।

'यो त एउटा नमुना मात्रै हो यस्ता

गर्नु गऱ्यौ डोलिन्द्र... !

अनियमितता र नियमविपरीत दर्जनौं काम गरेका छन्।' -स्रोतले *नेपाल समाचारपत्र*सँग भन्यो।

त्यसैगरी कार्यालयमा कार्यरत स्थायी कर्मचारीलाई मनपरी रुपमा हटाएर करिब ८४ जना नयाँ कर्मचारी भर्ती गरेका छन्। '४२ जना कर्मचारीको विज्ञापन गरेर थप ४२ जना कर्मचारी मनपरी नियुक्ति गरेका हुन्। साझामा करिब ७० जना कर्मचारी कार्यरत छन्। यतिसम्म कि सहायक तृतीय तहमा दरबन्दीभन्दा ७ जना बढी कर्मचारी नियुक्त गरेका छन्। उनलाई कानुनले केही गर्दैन।' -उनको पछिल्लो गतिविधि देखेर अहिले कर्मचारीले भन्ने गरेका छन्। सञ्चालक समितिलाई हात लिन सफल शर्माले सञ्चालकलाई रिझाउन सबैका आफ्नालाई नियुक्त गरेको स्रोतको दाबी छ।

(क्रमशः पृष्ठ ९ मा)

महानगर

युरोप यात्रा २

हिटलरद्वारा ९० हजार बन्दी मारिएको

विश्व चर्चित माउथासेन बन्दीगृह

पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com

भोकै राखिएका बन्दीहरु

'लअब आजबाट तिमीहरू स्वतन्त्र हुँदै छौ। नुहाइ-धुवाइ गरेर सफा लुगा लगाई तिमीहरू यहाँबाट आ-आफ्ना घर जान सक्छौ।' माउथासेन बन्दीगृहका जेलरको यो आदेशपछि क्रूर यातना भोगिरहेका झन्डै एक लाख संख्यामा रहेका बन्दीहरूमा खुसीको सीमा रहेन। को पहिला स्नानगृहमा जाने भनेर तँछाड-मछाड गर्न थाले।

शुरूमै स्नानगृह छिरिसकेका बन्दीहरूले आफूलाई ठूलो भाग्यमानी सम्झँदै खुसीले नाच्न थाले। स्नानगृह बन्दीहरूले भरिइसकेपछि फोहोराहरूबाट पानी बर्सन थाल्यो। धेरैपछि चिसो पानीले नुहाउन पाएकोमा बन्दीहरूमा खुसीको सीमा थिएन। बिचरा बन्दीहरू, खुसीले गाउँदै नुहाएको मिनेट बितेको थिएन एकाएक चारैतिरका झ्याल-ढोकाहरू आफैं बन्द हुन थाले। बन्दीहरूको मनमा चिसो पस्न नभ्याउँदै पानी बर्सिरहेको फोहोराबाट विषालु ग्यास बर्सिन थाल्यो। पत्तो नै नपाउने गरी छिनभरमै निसास्सिएर त्यस दिन विषालु ग्यासबाट १० हजार २ सय जना बन्दीको एकै चिहान भयो।

सन् १९३६ मा जर्मनीका तानाशाही हिटलर एसएस बाहिनी तथा प्रहरी विभाग प्रमुखमा नियुक्ति भएपछि उनले आफ्नो विचारसँग सहमत नहुनेहरूलाई कैद गर्न यस्ता हजारभन्दा बढी यातनागृह निर्माण गरेको कुरा इतिहासमा पढेको थिएँ। तर, उनले निर्माण गरेका बन्दीगृहमध्ये सबैभन्दा बढी बन्दी मारिएको बदनाम माउथासेन बन्दीगृह कुनै दिन आफ्नै आँखाले प्रत्यक्षरूपमा अवलोकन गर्ने अवसर जुट्ने कुरा भने कल्पनाभन्दा बाहिरकै कुरा थियो। यसपटक तीन महिनाको युरोप भ्रमणका बेला यो अवसर बंगलादेशी मित्र मोनी अब्दुसले जुटाइदिए। भियनाबाट झन्डै २ सय किलोमिटर टाढा जर्मनी सीमासँगै रहेको यो त्रासदीपूर्ण बन्दीगृहमा उनले आफ्नै गाडीबाट मलाई लिएर गए। यसभन्दा अघि नै उनले अस्ट्रियाको एउटा सुन्दर शहर मेल्क स्ट्रिट घुमाइसकेकाले उनीसँग गफ गर्न मलाई कुनै संकोच थिएन। झन्डै २७ वर्षदेखि अस्ट्रियामा बस्दै आएका अब्दुसले गाडी चलाउँदै भनिरहेका थिए- 'पत्रकार भएकाले तिमीलाई मैले यहाँ लिएर आएको हुँ।'

आङ नै सिरिङ्ग हुने नारकीय यातना

यो बन्दीगृह हेर्ने जोकोहीलाई पनि जर्मन बन्दीगृहहरूमा जस्तो बर्बर अत्याचार आदिम हिंसाको इतिहासमा कतै पनि पाइँदैन भन्ने लाग्छ। दिउँसै आङ सिरिङ्ग हुने चारैतिर जंगलले घेरिएको यो बन्दीगृहमा हिटलरद्वारा ८ अगस्ट १९३८ बाट बन्दी राख्न शुरू गरिएको रहेछ। जर्मनीले अस्ट्रिया कब्जा गरेको ५ महिनाभित्रै यो बन्दीगृह निर्माण गरेको इतिहास छ।

बन्दीगृहको मूल ढोकाबाट प्रवेश गर्नेबित्तिकै दुवैतिर बन्दीहरूलाई राख्ने स-साना कोठा भएका लामा एकतले घरहरू देखिन्छन्। एउटा कोठामा करिब सय जना जति अट्ने भए पनि त्यस बेला एउटै कोठामा ५ सयभन्दा बढी बन्दीलाई कोचेर राखिने गरेको रहेछ। चर्पी र नुहाउने कोठासमेत एउटै कोठामा बनाइएको छ। हिटलरको राजनीतिक सिद्धान्तको विरोध गर्ने जतिलाई सीधै यो बन्दीगृहमा ल्याएर राखिने रहेछ। अनि त्यहाँ अराएको काम नगर्ने र विरोध गर्नेहरूलाई चरम यातनासहित सीधै मृत्युदण्ड दिने गरिएको छ। कति ठाउँमा त जिउँदै जलाउने ठाउँहरूसमेत देखियो। जिउँदै जलाएर मारिने भन्दा विष खुवाएर, गोली ठोकेर, खानै नदिई भोकभोकै पारेर, ग्यास चेम्बरमा राखेर र लात्ताले हान्दै जंगलमा लगेर मारिनेहरूलाई उल्टो भाग्यमानी कैदी मानिँदो रहेछ।

विश्वयुद्धको दौरानमा सबैभन्दा बढी ९० हजार कैदीलाई मारिएका यस बन्दीगृहमा मारिने सबै कैदीको नाम सिसाको टेबुल र पुस्तिकामा उतारेर राखिएको छ। त्यसैले अहिले पनि मारिने कैदीका नाति-पनातिहरूले हामी नेपालीले श्राद्ध गरेजस्तै यहाँ आएर श्रद्धाञ्जलीस्वरूप आफ्नो संस्कृतिअनुसारका पैतृक कर्म गर्ने गरेको देखियो। मारिएका बन्दीहरूको सूची र तस्वीरहरू हेर्दा यस बन्दीगृहमा हंगेरी, पोल्यान्ड, अस्ट्रिया, जर्मनी, रसिया, फ्रान्स, युगोस्लाभिया, इटली, स्पेन र नेदरल्यान्डबाट ल्याइएका यहुदीहरूको संख्या सबैभन्दा बढी देखिन्छ। यहाँ लेखिएको रेकर्डअनुसार विभिन्न ठाउँमा बनाइएका यस्ता यातनागृहमध्ये सबैभन्दा बढी १ लाख ९० हजार बन्दीलाई हिटलरले यहीं कोचेर राखेका रहेछन्। विश्वयुद्धमा जर्मनीको पराजयपछि अमेरिकी सैनिकले यो बन्दीगृह कब्जा गरेपछि यहाँबाट ९० हजार भाग्यमानी कैदीहरू मुक्त भएका रहेछन्।

यस बन्दीगृहभित्र बनाइएको संग्रहालयमा राखिएका चित्र, यातना भोगेका कैदीहरूको रेकर्ड गरिएका चित्कार, लास फाल्ने खाल्टा, जिउँदै जलाइने चिता, कंकाल भण्डारण गर्ने ठाउँहरू हेर्दा अहिले पनि जो-कोहीको आँखा रसाएर आउँछ। यस बन्दीगृहभित्र त्यस बेला भएको बर्बर अत्याचारको

बंगलादेशी मित्र मोनी अब्दुससंग लेखक माउथासेन बन्दीगृह बाहिर।

अवलोकन गर्ने जो-कोहीलाई पनि हिटलर र जर्मनी नाजीहरूप्रति पैतालादेखिको रिस मात्र होइन कि अत्यन्त घृणासमेत जगाउँछ। सम्भवतः यही भएर पनि होला, बन्दीगृहको यति ठूलो संग्रहालयमा कहीं कतै पनि हिटलरको एउटा सानो तस्वीर पनि फेला पार्न सकिएन।

इतिहासलाई केलाउँदा दोस्रो विश्वयुद्ध हुनु ठीक अगाडि २२ अगस्ट १९३९ मा जर्मनीको शीर्ष सैनिकहरूको भेलामा हिटलरले उर्दी जाहेर गर्दै भनेका रहेछन्- 'जिउँदो रहन जर्मनीका लागि अझै धेरै भूमि आवश्यक छ। तीव्र गति र क्रूरतामा सारा शक्ति लुकेको छ, हामीले त्यसको उपयोग गर्नुपर्छ। लाखौं शिशु र महिलालाई सखाप पारेर चङ्गेज खाँ महान् राष्ट्र निर्माता र इतिहास पुरुष भए। पश्चिमको असहाय सभ्यता मेरो बारेमा के सोच्छ, मलाई त्यसको केही पर्वाह छैन। त्यसकारण आउने युद्ध जमिन मात्र कब्जा गर्ने उद्देश्यले होइन, शत्रुहरूको भौतिक अस्तित्व पनि समाप्त गर्ने उद्देश्यले हुनेछ। त्यसैले मेरो आदेश छ- जोसुकै होस्, जसले मेरो नीतिको विरोध गर्छ, गोलीले उसको मुख सदाका लागि बन्द गरिदिनू। अहिले तत्कालै उत्तरका पोल जाति र पोलिस भाषाभाषीका सारा नरनारी, बूढा-बच्चाहरूलाई विनाहिचकिचाहट निर्ममतापूर्वक हत्या गर्न म आदेश दिन्छु। जर्मनीको भलाइ यसरी मात्र हुन सक्छ।'

हिटलरको यो आदेशपछि पोल्यान्डमा थुप्रै बन्दीगृह निर्माण मात्र गरिएन, हिटलरले दोस्रो विश्वयुद्ध समाप्त हुनुअघि ६० लाख यहुदीको हत्यासमेत गरे। युरोपेली यहुदीहरूको हत्या गर्ने मुख्य केन्द्र पोल्यान्डलाई बनाइएको रहेछ। पूरै यहुदीलाई समात्दै पोल्यान्डको बन्दीगृहमा जम्मा गरिन्थ्यो र उनीहरूलाई दुई भागमा बाँडेर राखिन्थ्यो। एकातिर बूढाबूढी र बच्चाहरू राखिन्थ्यो भने अर्कोतिर काम लाग्न सक्ने युवायुवतीहरू। यसरी राखिएका बन्दीहरूमा सबभन्दा पहिला बिरामीलाई ग्यास च्याम्बरमा हालेर हत्या गरिन्थ्यो। बन्दीगृहमा उनीहरूलाई चिन्न विशेष खालको कपडा पहिऱ्याइन्थ्यो। हरेक बन्दीको घाँटीमा नम्बर झुन्ड्याइएको हुन्थ्यो। यहुदी बन्दीहरूका लागि ताराअंकित नम्बर दिइन्थ्यो। स्वस्थ बन्दीहरूलाई विनाखाना १८-२० घन्टा काममा जोताइन्थ्यो। नाजीहरू यहुदीहरूका लागि खाना खुवाएर जिउँदो राख्नु आफ्नो कर्तव्य होइन भन्थे। त्यस्ता व्यक्तिहरू कुपोषणको सिकार भएपछि उनीहरूलाई सुई दिएर मारिन्थ्यो। बूढाबूढी भोकै मर्नु नै विधिको विधान थियो। कति बच्चाहरूलाई विषालु चकलेट खुवाएर मारिन्थ्यो।

बन्दीगृहलाई दुईवटा श्रेणीमा विभाजन गरिएको हुन्थ्यो। पहिलो बन्दीगृहमा दास-श्रमिकहरूलाई राखिन्थ्यो भने अर्कोलाई मृत्यु बन्दीगृह भनिन्थ्यो। पहिलो श्रेणीका बन्दीहरू दोस्रो श्रेणीको बन्दीगृहमा जानु अनिवार्य थियो। मृत्युगृहमा विषाक्त ग्यास हालेर मारिएका बन्दीहरूलाई विशेष खालको भट्टीमा जलाइन्थ्यो। पूरै विश्वयुद्धभरि स्वस्थ बन्दीहरूको शरीरमा विभिन्न औषधिहरूको प्रयोग गरिन्थ्यो। युद्धमा घाइते सैनिकहरूका लागि आवश्यक रगतको आपूर्ति ती बन्दीहरूबाटै गरिन्थ्यो। यति मात्रै होइन, बन्दीगृहलाई एक किसिमको अप्राकृतिक यौनाचारको अखडा नै बनाइएको रहेछ।

माउथासेन बन्दीगृहमा सबै कैदीहरू भाग्लान् भनेर बन्दीगृहहरूको चारैतिर काँडेतारको तीनवटा घेरा लगाइएको हुन्थ्यो। जसमा चौबीसै घन्टा बिजुली प्रवाहित गरिएको हुन्थ्यो। निश्चित अन्तरालमा उभ्याइएको बुर्जामा पाले तैनाथ हुन्थे। ढोकामा टाँसिएका ठूलठूला पोस्टरहरूमा लेखिएको हुन्थ्यो- 'कठिन परिश्रमले मात्र तिमीहरूको छुटकारा सम्भव छ।' भाग्ने कोसिस गरेमा, काम गर्न इन्कार गरेमा वा आदेशको पालना नगरेमा अलग-अलग तरिकाले अमानुषिक यातना दिएर मृत्युदण्ड दिइन्थ्यो। गोली ठोक्नकै लागि बनाइएको एउटा खम्बामा उभ्याएर गोली ठोकिन्थ्यो। बन्दीहरूलाई यो दृश्य हेर्न बाध्य बनाइन्थ्यो। थोरै संख्या भएमा झुन्ड्याएर मारिन्थ्यो।

नाजीहरूले यहुदीहरूलाई सामूहिक संहार गरेको कुरा सम्झन सायद यति वर्णन नै काफी हुन्छ। चेल्मनो नामको सबैभन्दा सानो बन्दीगृहमा मात्र ३ लाख ६० हजार बन्दीहरूको हत्या गरिएको थियो। त्यसै गरी ट्रेबलिनको अर्को यस्तै बन्दीगृहमा ७ लाख ५० हजार बन्दी मारिएका थिए। कब्जा गरिएका इलाकामा बढी भएका यहुदीहरूलाई घेरेर अलग पारिन्थ्यो, जसलाई घेटो भनिन्थ्यो। कति पटक यस्ता घेटोमा आगो लगाएर जिउँदै यहुदीहरूलाई मारिन्थ्यो। सन् १९४१ को आँकडाअनुसार वार्सा घेटोमा मात्र ५ लाख ९० हजार बन्दीहरू थिए, जसलाई हिटलरको आदेशले सखाप पारियो।

यहुदी समस्याको अन्तिम समाधानको नाममा उनीहरूलाई जसरी सखाप पार्ने योजना हिटलरले बनाएका थिए, त्यसको सानो झल्को मात्र हो यो। विश्वयुद्धको ६ वर्षको अवधिमा करोडौं मान्छे नाजीहरूको हातबाट बलि चढे, जसको सही हिसाबकिताब निकाल्नु अहिले पनि सम्भव भएको छैन। पोल्यान्डको एउटा आँकडाअनुसार सन् १९३९-४५ सम्ममा जर्मनको कब्जामा रहेको पोल्यान्डमा मात्र ६० लाख २८ हजार नागरिकको हत्या गरिएको थियो। जसमा ६ लाख ४४ हजार सैनिक थिए भने बाँकी सबै निर्दोष नागरिकहरू। आँकडाअनुसार पोल्यान्डमा मात्र ३२ लाख यहुदीहरू मारिएका थिए।

सोभियत इतिहासकारहरूका अनुसार अस्विचमा मात्र ४० लाख मान्छेको हत्या गरिएको थियो। नाजीहरूको आक्रोशपूर्ण घृणाको सिकार भएका जातीय शत्रुता र क्रूरताको तस्वीर इतिहासमा दुर्लभै पाइन्छ। पूरै युरोपमा मात्र ६० लाख यहुदीहरूको हत्या गरिएको थियो। यस्तो नरसंहारको योजना हिटलरले पहिले नै बनाएको भन्ने कुरा उनले ३० जनवरी १९३९ मा जर्मन संसद् राइख स्टेगसमक्ष गरेको भाषणले पुष्टि गर्दछ। उनले संसद्लाई सम्बोधन गर्दै भनेका थिए- 'युरोपलाई यहुदीमुक्त बनाउन अर्को विश्वयुद्धको आवश्यकता छ।'

चेकोस्लोभाकियाका मुक्ति सेनाद्वारा मारिएका हिटलरका जल्लाद हेड्रिकले निर्देशन दिंदै युरोपका लगभग १ करोड १० लाख यहुदीहरूमध्ये एक जना पनि बच्न हुँदैन भनेका थिए। यही भएकाले होला अर्का कुख्यात नाजी जल्लाद आइख मेनले गर्वका साथ आफ्नो रिपोर्टमा पूर्वी युरोपका २० लाख यहुदीहरूलाई म एक्लैले सखाप गरेको भनी निशंकोच लेखेका छन्। पछि अमेरिकामा शरण लिन पुगेका आइख मेनलाई त्यहाँ समातिएपछि नुरेमबर्ग अदालतको फैसलाअनुसार इजरायलमा फाँसी दिइएको थियो।

विश्वयुद्धको ६ वर्षको बीचमा बच्चा र महिलाहरूमाथि नाजीहरूले गरेको अत्याचारको लेखाजोखा गर्नु असम्भव छ। त्यस बेलाका सारा कागजातहरू नष्ट गरिसकेको अवस्था छ। कपडाको रासमा लुकाइएका बच्चाहरूको लास बन्दुकको संगीनमा उनेर आमासामु पैशाचिक नाच देखाउनु, मनोरञ्जन गर्नु र स-साना नानीहरूलाई आमाबुबाकै अगाडि बलात्कार गर्नु नाजीहरूको दैनिक हकजस्तो बनिसकेको थियो। घाँटीमा डोरीले खसीबोकालाई झैं बाँधेर झुन्डका झुन्ड यहुदी, पोलिस र रसियन बच्चाहरूलाई गहिरो खाल्टोमा फ्याँकी चुना-माटोले पुर्नु नाजीहरूको दैनिक खेलजस्तो बनिसकेको थियो। मारिएका ६० लाख यहुदीमध्ये १६ वर्षभन्दा मुनिका १२ लाख बच्चाको निर्मम हत्या गरिएको थियो।

हृदयविदारक रिपोर्ट

युद्धपछि सोभियत संघ, अमेरिका र बेलायतको आग्रहमा पत्रकार तथा बुद्धिजीवीहरु समावेश गरी बनाइएको उच्चस्तरीय प्रतिनिधिमण्डलले सारा घटनाको अनुसन्धान गरेर तयार गरिएको हृदयविदारक रिपोर्टका केही बुँदाहरु :

- संगीतको धुन सुनाउँदै बन्दीको हत्या गरिएको
- मान्छेको छालाबाट पर्स, पन्जा र ल्याम्पसेड बनाइएको
- बन्दीहरुलाई आगोको भट्टीमा जिउँदै फ्याँकिएको
- मृत बन्दीहरुको कपाल काटिएको र सुनको दाँत उखेलिएको
- प्रश्नको उत्तर नदिने बन्दीलाई तातो कोठामा यातना दिएर मारिएको

स्रोतः विकास मुखर्जी र जेपी सिंहद्वारा लिखित पहिलो र दोस्रो विश्वयुद्ध पुस्तकबाट

को थिए हिटलर ?

दोस्रो विश्वयुद्धको नाम आउनेबित्तिकै सबैभन्दा पहिले सम्झिने नाम हो- एडोल्फ हिटलर। उनको जन्म २० अप्रिल १८८९ मा अस्ट्रियाको एउटा सानो गाउँमा भएको थियो। माता क्लारा र पिता एलायन्सबाट जन्मेका हिटलरकी आमा पनि हिटलरजस्तै निष्ठुरी स्वभावकी थिइन्, जसको प्रभाव हिटलरमा परेको देखियो। उनी बच्चैदेखि छुद्र स्वभावका थिए। पढ्नमा खासै ध्यान नदिने हिटलर विद्यालयमा शिक्षकहरूलाई अभद्र व्यवहार गरेकोमा कैयौंपटक विद्यालयबाट निष्कासनमा परेका थिए।

सन् १९०७ मा अस्ट्रियाको राजधानी भियनामा आएर उनी फाइन आर्ट कलेजमा भर्ना हुन खोजे। तर प्रवेश परीक्षामै अनुत्तीर्ण भएपछि सन् १९१३ मा जर्मनीको म्युनिख पुगेर आफूले कोरेको चित्र बेची गुजारा चलाउन थाले। भियनाका गल्लीहरू घुम्दादेखि नै हिटलर यहुदीविरुद्ध आक्रोशित बनिसकेका थिए। सन् १९१४ मा प्रथम विश्वयुद्ध शुरू भयो। यही बेला सेनाहरूको आवश्यकता भइरहेको मौका छोपी उनी जर्मनी सेनामा छिर्न सफल भए। प्रथम विश्वयुद्ध उनका लागि वरदान मात्र साबित भएन, यो जागिर पाएपछि उनको जीवन नै बदलियो।

२ डिसेम्बर १९१४ मा राम्रो काम गरेको भन्दै उनी आइरन क्रसबाट विभूषित भएका थिए। कुकुर पाल्नु उनको ठूलो सोख थियो। ब्लान्दी नामको उनको बफादार कुकुर उनीसँगै बंकरमा मरेको थियो। उनी हमेसा भनिरहेका हुन्थे- 'म मान्छेलाई

भन्दा कुकुरलाई बढी प्रेम गर्छु, किनभने कुकुर आफ्नो बफादारीका लागि कुनै सर्त राख्दैन।'

प्रथम विश्वयुद्धमा जर्मनीले हारेपछि उनी निकै दुःखी भए। प्रथम विश्वयुद्धमा जर्मनी हार्नुको दोष उनी यहुदीहरूलाई दिन्थे। यहुदीहरूकै कारण जर्मनी तहसनहस भएको उनको ठम्याइ थियो। युद्धपछि डामाडोल भएको जर्मनीको सेनामा उनलाई पछि महत्त्वपूर्ण जिम्मेवारी दिएपछि नै हिटलरको उदय भएको हो।

सन् १९१९ मा ३० वर्षको उमेरमा हिटलरले जर्मन वर्कर्स पार्टीको सदस्यता लिएर राजनीतिमा प्रवेश गरे। वाक्पटुताका कारण उनी छोटो समयावधिमै जर्मनीका युवायुवतीमा लोकप्रिय बने। सोही कारणले पार्टी प्रवेश गरेको दुई वर्षभित्रै उनी पार्टी कब्जा गर्न सफल भए। पार्टी आफ्नो कब्जामा आइसकेपछि उनले पार्टीको नाम फेरेर 'नेसनल सोसलिस्ट वर्कर्स पार्टी' राखे। जसको संक्षिप्त नाम 'नाजी पार्टी' थियो। यही नाजी पार्टी नै पछि गएर फासीवादको प्रतीक बन्दै विश्व आतंक बन्यो।

सन् १९२३ सम्ममा त उनले जर्मनका जनतालाई आफू भगवान् नै हो भन्ने बनाइसकेका थिए। यही कुराको फाइदा उठाउँदै सन् १९३३ मा भएको आमचुनावमा अत्यधिक बहुमतले हिटलरको नाजी पार्टीले चुनाव जित्यो। अनि हिटलर जर्मनीको चान्सलर बनेसँगै विश्वमा कुख्यात तानाशाहको जन्म भयो। हिटलरको चरम तानाशाहबाट पीडित स्वयम् उनको देश जर्मनी, अस्ट्रियासहित कैयौं युरोपका मुलुकहरूमा घृणाका कारण उनको नामसमेत उच्चारण गर्दैनन्। तर, नेपालजस्तो अविकसित मुलुकहरूमा भने अहिले पनि उनैलाई आदर्श मानेर हिँड्ने नेताहरूको कमी छैन।

हिटलरको मृत्यु पनि दर्दनाक नै थियो। पाप धुरीबाट कराउँछ भनेजस्तै हिटलरको अन्त्य पनि सुखद थिएन। चारैतिरबाट आफन्तहरूले छोडेपछि आफ्नो ५६औं जन्म दिनको ठीक १० दिनअघि ३० अप्रिल १९४५ मा उनी आफू लुकेको बर्लिनको बंकरमा आफूनी श्रीमती इभा ब्राउन र आफ्नो बफादार कुकुरलाई साइनाइड विष खुवाएपछि आफूले पनि सोही विष खाएर आत्महत्या गरेका थिए। हिटलरकै अन्तिम इच्छाअनुसार पेट्रोल छर्केर उनको लास चिन्न नसकिने गरी जलाइएका कारण इतिहासमा उनको मृत्यु अहिलेसम्म पनि रहस्यमय बनेको छ।

बन्दीहरु राख्ने घर

यही स्थानगृहमा ग्यासबाट हिट्लरले १० हजार बन्दी मारे

जिउँदै मान्छे छिराएर मार्ने मानव ओभन

तस्वीरहरू : नेपाल समाचारपत्र

थाइल्यान्डको फेस्टिबलमा नेपालका फिल्म विद्यार्थीलाई आउटस्ट्यान्डिङ अवार्ड

*थाइल्यान्ड इन्टरनेसनल फिल्म डेस्टिनेसन फेस्टिबल*मा यस वर्ष नेपालको फिल्म *लस्ट एन्ड फाउन्डले बेस्ट आउटस्ट्यान्डिङ प्रेजेन्टेसन अवार्ड* जितेको छ।

थाइल्यान्ड सरकारले अन्तर्राष्ट्रिय फिल्मका लागि छायांकन गन्तव्य बनाउने उद्देश्यले हरेक वर्ष आयोजना गर्ने यस फेस्टिबलमा यस वर्ष १४ देशका ३३ फिल्म प्रतिस्पर्धामा थिए। विश्वभरिका फिल्म स्कुल र कलेजहरुबाट मात्रै सहभागी हुन पाउने उक्त प्रतिस्पर्धामा यस वर्ष नेपालबाट ओस्कर इन्टरनेसनल कलेजबाट ३ र कान्तिपुर फिल्म एकेडेमीबाट एक गरी ४ फिल्म प्रतिष्पर्धामा सहभागी भएका थिए। जसमा कान्तिपुर फिल्म एकेडेमीमा अध्ययनरत विद्यार्थीहरु अशिन पौडेल र रोनिस राउतले बनाएको ७ मिनेटको छोटो फिल्म *लस्ट एण्ड फाउन्ड*ले उक्त अवार्ड चुम्न सफल भएको हो। फिल्मले अवार्डका साथमा ३० हजार भाट अर्थात् नेपाली मुद्रा १ लाख रुपियाँ प्राप्त गरेको छ।

फिल्मले थाइल्यान्डका पर्यटकीय शहरलाई उजागर गरेको छ। असिनका अनुसार १० वर्षकी एक बच्ची बाबुआमाका साथमा थाइल्यान्ड पुग्दा हतारिएर घुम्न जाँदा स्थायिन टुकटुक गाइडले भेटेपछि पर्यटकीयस्थल घुमाउँदै उनलाई होटल पुऱ्याउन सहयोग गरेको कथामा यो फिल्म केन्द्रीत छ। '१० वर्षकी बच्ची र ६० वर्षका थाई टुकटुक गाइडबीचको कथामा फिल्म घुमेको छु' -उनले भने।

गत बिहीबार थाइल्यान्डको बैंककमा सम्पन्न फेस्टिबलमा मेक्सीकोको *इफ आइ वेर ब्रेभले बेस्ट फिल्म*को अवार्ड जितेको थियो। उक्त समारोहमा थाइल्यान्डका पर्यटनमन्त्री, शैनिक प्रमुख तथा थाइल्यान्ड सरकारका उच्च पदस्थ अधिकारीहरु र थाइल्यान्डलगायत विश्व फिल्म क्षेत्रका प्रख्यात फिल्मकर्मीहरुको उपस्थिति रहेको अशिन र रोनिसले जानकारी गराएका छन्।

श्रुतिको रोमान्स

बलिउड अभिनेता कमल हसनकी नायिका छोरी श्रुति हसन हालै आफ्नो ब्रिटिस एक्टर प्रेमी माइकल कोर्सेलको साथमा देखिइन्। उनीहरु दुवै मुम्बईको एक रेष्टुरेन्टमा हात समाएर घुमिरहेको अवस्थामा देखिएको भारतीय सञ्चार माध्यमले जनाएका छन्।

श्रुतिले भने अहिलेसम्म आफू माइकलसँग डेट गरिरहेको कुरा स्वीकार गरेकी छैनन्। तर उनीहरु दुवैको केमिस्ट्रिले भने यो कुरा लुकाउन नसकेको समाचारमा चर्चा गरिएको छ। भारतीय सञ्चार माध्यमद्वारा जब उनलाई यस बारेमा सोधियो उनले आफू यस्तो अफवाहको पछि नलाग्ने बताएकी थिइन्।

'म न यस्तो कुराहरुमा ध्यान दिन्छु, न यसको बारेमा कुनै कमेन्ट नै गर्छु। यस किसिमको खबरबाट म निराश पनि हुँदिन। म आफैं यस्ता अफवाहलाई इग्नोर गर्छु। किनभने म आफ्नो पर्सनल लाइफको बारेमा कसैसँग डिस्कस गर्न चाहन्न' -श्रुतिले भनेकी छिन्।

भनिन्छ कि श्रुति र माइकल पछिल्लो ८ महिनादेखि डेट गरिरहेका छन्। श्रुति र माइकलको पहिलो भेट एक कमन फ्रेन्डमार्फत लण्डनमा भएको थियो। उक्त समय श्रुति एक ब्रिटिस रक ब्यान्डसँग एक गीत रेकर्डिङका लागि गएकी थिइन्। पहिलोचोटी एकअर्कालाई भेटेर उनीहरु निकै खुसी देखिन्थे। केही महिनाअघि पनि उनीहरु मुम्बई यएरपोर्टमा सगै देखिएका थिए। जुनबेला श्रुतिले आफूहरुको फोटो सामाजिक सञ्जालमा सेयर पनि गरेकी थिइन्। माइकल ब्रिटिस थिएटर आर्टिस्ट हुन्।

राष्ट्रिय गीतहरुको एल्बम सार्वजनिक

हरिराम महर्जनको शब्द तथा जुगल डंगोलको संगीतमा राष्ट्रिय गीतहरुको सँगालो *मेरो माटो* सार्वजनिक गरिएको छ।

विन्ध्यवासिनी म्युजिकले बजार व्यवस्थापन र प्रवर्द्धन गरेको उक्त गीतिसंग्रहको शुक्रबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको हो। कार्यक्रममा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, साहित्यकार दुर्गालाल जोशी, गायक प्रेमध्वज प्रधान, विन्ध्यवासिनी म्युजिक कम्पनीका प्रबन्ध निर्देशक सुवास रेग्मीलगायतले एल्बमको विमोचन गरेका थिए। जम्मा ८ वटा गीतहरु रहेको संग्रहमा शब्द हरिराम महर्जन र संगीत जुगल डंगोलको रहेको छ भने विभिन्न गायकगायिकाले गाएका छन्। कार्यक्रममा गीतिसंग्रहमा रहेको मध्ये ४ वटा गीत प्रस्तुत पनि गरिएको थियो। *अग्लाअग्ला हिमाल मेरा* बोलको गीत गायक उत्तम महरा, *खबरदार होसियार* बोलको गीत रामकृष्ण दुवाल, *जाति धर्मको कित्ता छोडौं* बोलको गीत र *मेरो प्यारो ठेचो गाउँ*को बोलको गीतलाई सामूहिक रूपमा प्रस्तुत गरिएको थियो। कार्यक्रममा दुर्गालाल श्रेष्ठले उक्त गीतिसंग्रहमा गीत, संगीत तथा गायनको उचित संयोजन रहेको चर्चा गर्दै राष्ट्रियताप्रति चिन्तित रहेको बताए। विन्ध्यवासिनीका सुवास रेग्मीले भने, 'देशलाई राष्ट्रिय भावनासँग जोड्न सहयोग गरिएको हो।'

त्यस्तै कार्यक्रमका प्रमुख अतिथि जोशीले माटोको महिमालाई बुझ्न र राष्ट्रिय भावनालाई उजागर गर्न उक्त गीतिसंग्रह सार्थक रहेको चर्चा गरे। एल्बम हरिराम महर्जनकी स्वर्गीय आमा धनकुमारी महर्जनप्रति समर्पित रहेको छ।

रंगराज शर्मा

पहिलोपटक नेपाली गीतसंगीतको ऐतिहासिक विशेषांक



सर्वत्र बजारमा उपलब्ध छ

- कामनाको श्रीवृद्धिमा गीतसंगीतका महारथीहरूको हात
- अमर साधक
- मीरा राणा : नेपालकी आशा भोषले
- प्रेमध्वज प्रधान : गोल्डेन भ्वाइस अफ नेपाल
- योगेश वैद्य : नेपालका महम्मद रफी
- यादव खरेल : इन्द्रेणी गीतकार
- ओमविक्रम विष्ट : पप सम्राट्
- दीप श्रेष्ठ : सेन्टिमेन्टल किङ
- मुक्ति शाक्य : नेप्लिज ब्ल्युज
- दीपक जंगम : संगीतदूत

संगीतकर्मी र संगीतप्रेमीले छुटाउनै नहुने विशेष अंक

साथमा ३ सय ४२ कालजयी तथा लोकप्रिय नेपाली गीतहरूको कोर्ड

विचार

कसैको गुणहरुको प्रशंसा गर्नमा आफ्नो समय नष्ट नगर, उसका गुणहरुलाई अपनाउने प्रयत्न गर।
-कार्ल मार्क्स

चन्द्रमामाथि कैयौं माच्छे ओर्ले, तर हामी अझै ढुक्क भएर घरको भऱ्याङ ओर्लन सक्दैनौं।
-भूपि शेरचन

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

बाघ संरक्षणमा गतिलो समन्वय आवश्यक

एक शताब्दि अघिसम्म मुलुकको पूर्वदेखि सुदूरपश्चिमका तराई चारकोसे झाडी र वन-जंगलमा सहजरूपमा बाघ विचरण गर्ने गर्दथे। तराई मात्र होइन, चुरे र मध्य पहाडी भेगमा समेत बाघ भेटिएको अग्रज सुनाउँछन्, तर अहिले त्यस्ता कुरा किंवदन्ती भइसके। चारकोसे झाडी र वन-जंगल जसरी पातलिँदै गएको छ, बाघको चहल-पहल र संख्यासमेत सीमित क्षेत्रका प्राकृतिक बासस्थानमा खुम्चिँदै गएको छ। तराईका चितवन, पर्सा, बाँके, शुक्लाफाँटा र बर्दियामा मात्रै बाघको प्राकृतिक बासस्थान बनेको छ। त्यो पनि सीमित राष्ट्रिय निकुञ्ज र आरक्षमा।

पछिल्लो सरकारी तथ्यांकअनुसार नेपालमा १ सय ९८ वयश्क बाघ भेटिएका छन्। त्यसमध्ये सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा १ सय २०, बाँकेमा ४, पर्सामा ७, शुक्लाफाँटामा १७ र बर्दिया राष्ट्रिय निकुञ्जमा ५० बाघ छन्। बासस्थानको विनाश, घट्दो आहारा प्रजाति, मौलाउँदो अवैध व्यापार र चोरी शिकार, बढ्दो मानव-वन्यजन्तु द्वन्द्व जस्ता कारणले विश्वमै लोपोन्मुख सूचीमा सूचीकृत यो जन्तुको संख्या घट्दो अवस्थामा पुगेको छ। यस्तै कारणले गर्दा एक शताब्दि अघिसम्म विश्वमा करिब एक लाखको हाराहारीमा रहेको अनुमान गरिएको बाघको संख्या अहिले ३ हजार ५ सयको हाराहारीमा सीमित भएको बताइन्छ।

बाघका विभिन्न ४ प्रजाति संसारबाटै लोप भइसकेको पुष्टि भइसकेको छ। अहिले पाटे बाघ, चिनियाँ बाघ, सुमात्रेली बाघ, साइबेरियाली बाघ, बंगाली बाघ र मलायन बाघसहित प्रजातिका बाघमात्रै प्राकृतिक बासस्थानमा फेला परेका छन्। नेपालमा पाइने बाघलाई पाटे बाघका रूपमा बुझ्ने गरिन्छ। नेपालसहित भारत, चीन, भुटान, बंगलादेश, म्यानमार, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, उत्तर कोरिया, रुस, थाइल्यान्ड र भियतनाममा मात्रै बाघ पाइन्छ। नेपालसहित बाघ पाइने मुलुकले सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएका छन्। सन् २०१० मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको कार्यकालमा रुसको सेन्ट पिटर्सवर्गमा भएको बाघ पाइने मुलुक आबद्ध अन्तर्राष्ट्रिय सम्मेलनले त्यस्तो प्रतिबद्धता जनाएको थियो। नेपाल सो लक्ष्य प्राप्तिमा अघि बढिरहेकाले मुलुकका बाघ पाइने निकुञ्ज र आरक्षमा बाघको संख्या बढिरहेको सरोकारवालाहरूको दाबी छ। सेन्ट पिटर्सवर्ग सम्मेलनपछि नेपालले प्रधानमन्त्रीको अध्यक्षतमा राष्ट्रिय बाघ संरक्षण समितिसमेत गठन गरेर संरक्षण गतिविधि अघि बढाएको छ।

भनिन्छ, जुन ठाउँको प्राकृतिक बासस्थानमा बाघ पाइन्छ, त्यहाँको पर्यावरण सन्तुलित र सम्पन्न हुन्छ। त्यति मात्र होइन, सो क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष पर्यटकीय गतिविधि मौलाउँछ, मुलुकलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत पुग्छ। चितवन, बर्दियालगायतका राष्ट्रिय निकुञ्ज पुग्ने पर्यटकको संख्याले त्यस्तो कुरा पुष्टि गरिरहेको छ। तर, बाघको बासस्थान संरक्षित क्षेत्रमा मात्रै सीमित गरिनुहुँदैन। करिब ७३ प्रतिशत जंगलले ढाकेको चुरे क्षेत्रसम्म संरक्षण कार्यक्रम केन्द्रित गरिएमा बाघको विचरण क्षेत्र फराकिलो बन्नुका साथै पर्यटकीय क्षेत्र पनि विस्तार हुने संरक्षणकर्मी बताउँछन्। निकुञ्ज र मध्यवर्ती क्षेत्रसँगै अन्तरदेशीय बाघ करिडोर, प्राकृतिक बासस्थान व्यवस्थापन अर्को महत्त्वपूर्ण पक्ष हो। नेपाल-भारतबीच विभिन्न ८ स्थानमा जैविक करिडोर पहिचान भइसकेकाले एक-अर्को मुलुकबीच गतिलो समन्वय जरुरी देखिन्छ। त्यति मात्रै होइन, निकुञ्ज, आरक्ष आसपासमा निर्माण गरिने सडकलगायत अन्य पूर्वाधार वन्यजन्तु मैत्री बनाइनुपर्छ। साथै स्थानीय समुदाय, सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संरक्षण साझेदार, सुरक्षा निकायबीच पनि समन्वय जरुरी छ।

आत्मनिर्भरता र विकासको सवाल

दामोदर पौडेल

फ्रान्सका राष्ट्रपति फास्वा ओलानको घोषणाअनुसार उनी आफ्नो देशको संसद् सानो आकारको बनाउन चाहन्छन्। त्यसैले उनी सासदको संख्या एक तिहाइले घटाउने तयारी गर्दै छन्। सरकारी खर्च कटौती गर्दै छन्। यस्तै जापानले अनावश्यक खर्च कटाउने क्रममा हुलाक सेवालाई निजीकरण नै गऱ्यो। चिनले पनि सैनिक खर्चमा ब्यापक कटौती गरेको थियो। अर्थात् अहिलेको अनुपातमा धेरै सैनिकको संख्या घटाएको छ। यसो नगरेको भए चिनको सैनिक खर्च अझ बढी हुने थियो। विश्वका धेरै धनी राष्ट्रहरुले आफ्ना वर्षेनी हुने साधारण अर्थात् चालू खर्चहरु घटाइरहेका छन्। उनीहरुलाई जनताको हितमा खर्च गर्न नसकिएकोमा चिन्ता हुने गर्दछ। त्यति गरेर पनि उनीहरु हामीलाई सहयोग गरिरहेका छन्।

नेपालमा भने त्यस्तो छैन। राजनीतिज्ञ वा नेताहरुलाई भाग पुऱ्याउनका लागि धेरै काम हुन्छन्। संविधान सभामा ६०१ जना सभासद् बनाउनुको कारण त्यही हो। ब्यापक प्रतिनिधित्व देखाउने दाँत हो। संविधान सभामा ब्यापक जनप्रतिनिधित्वको कुनै अर्थ रहेन। संविधान दलहरुको नेतृत्वको निणर्यकै आधारमा बन्यो र अरु विषयमा पनि यही प्रथा चल्यो। हाम्रो संविधान भन्ने हल्लाको पनि कुनै शिर-पुच्छर भेटिएन। संविधानको विरुद्धमा आवाज उठिरहेका छन्। विभिन्न समुदायको प्रतिनिधित्वलाई समेट्नका लागि त्यो समुदायका कमजोर वर्गलाई माथि उचाल्न सक्नुपर्दछ। तर सबै राजश्व प्रशासनको खर्चमा नै सकिएपछि कताबाट गरिब र पिछडिएको पक्षको हित गर्ने ? यो अहं सवाल हो। विदेशीको सहयोगको भरमा नै हाम्रा विकास, निर्माण र गरिबी निवारणका योजनाहरु बन्ने हुन् भने उनीहरुले सहयोग नगरे के गर्ने ? हामी विदेशीले सहयोग र ऋण दिएकोले दंग छौं र विदेशीहरु नेपालीहरुले आत्मनिर्भरता गुमाएकोमा खुसी छन्। आत्मनिर्भरता गुमाएको देश र त्यहाँका जनतालाई आफ्नो वशमा लिन सजिलो हुन्छ। हामी आफ्नो धर्म, संस्कृति, परम्परालाई गरिबीको भ्रम भएको कारणले पैसा पाएर बेच्छौं, धर्म परिवर्तन गर्दछौं, विवाहको माध्यमबाट समेत धर्म परिवर्तन गर्दछौं। अर्कोतर्फ भाषा, जाति आदिका लागि लडेको कुरा पनि गर्दछौं। अर्थात हामी स्वाभिमानी छैनौं, त्यसैले अरुको इसारामा नारा जे पनि लगाउँछौं।

धर्म नमान्ने विचार बोक्ने नेताहरु अन्य धर्मको बहकावको कारणले हिन्दु धर्मको विरोध गरेर अरु धर्मको पछि लाग्ने मात्र होइन वरु संसदमा आफ्नो मुखबाट हिन्दु धर्म हटाउने घोषणा गर्दछन्। धर्म नमान्ने नारा दिँदै देशको राजनेता बन्ने सपना देख्नेकी पत्नी भारतीय धर्मगुरुले टीका लगाइदिन खोज्दा अस्विकार गर्दछिन्। हामी नेपाली स्वाभिमानको नाममा हिंसा निम्त्याउँछौं। त्यसबाट अझ गरिबी बढ्छ। त्यो गरिबीले स्वाभिमान अझै घट्छ। हामी अझै अरुबाट बढी प्रभावित हुने बन्दछौं। प्रचण्डजी जातीयसमेतका स्वाभिमान आफूहरुले ल्याएको दम्भ गर्दछन्। जबकी त्यही जातीय घृणाको बिउ रोपेकाले तराई अझै अशान्त छ। पहाड पनि केही अशान्त छ। जनता पीडित छन्। छिमेकमा भाइबहिनी जसरी बसेकाहरु जातीय द्वेषको कारणले एकले अर्कोलाई अविश्वास गर्न थालेका छन्। गरिबी अझै बढेको छ। के यही हो जातीय र राष्ट्रिय स्वाभिमान ?

ऋण र सहयोगमा मात्र होइन बरु आफ्नै राजस्वको पैसाले जनतालाई केही दिने व्यवस्था गर्न सक्नु राज्यको काम हो। नेपालको राजश्व र खर्चको घडी उल्टो चलेको छ। सरकार यसमा अझै खेलवाड गरिरहेको छ। ६०१ जना सांसदबाट मुक्ति लिएर वर्तमान संविधानअनुसार १६५ जना जनताबाट चुनिएका र ११० जना समानुपातिक गरेर २७५ जना मात्र संसद हुनेछन् भन्ने आशा सबैलाई थियो तर यो पुरा नहुन सक्छ। प्रधानमन्त्री शेरबहादुर देउवाले सांसद थप्न लागिएको छैन भने पनि हावा नचली पात हल्लेको छैन। हाम्रा ठूला दलका नेताहरुबीच अब २४० जना निर्वाचित प्रतिनिधी र १५० जना समानुपातिक प्रतिनिधीका दुईवटा व्यवस्थापिकाका सदनहरु रहने गरी संविधान संशोधन गर्ने सल्लाह हुँदै छ भन्ने सुनिन थालेको छ। कुनै दिनमा यो सुनियो भने अन्यथा हुने छैन। स्मरणीय छ कि देशको राजश्वले साधारण खर्च नै पुग्दैन, विकास खर्च विदेशीकै माध्यमबाट मात्रै भएका तथ्य लुकाउन हुँदैन।

सबै निर्णय दलहरुले गर्ने देशमा सांसदको संख्या बढाउनुको औचित्य यसै पनि छैन। अर्कोतर्फ संसारका कुनै पनि देशमा यति कम जनसंख्यामा यत्तिका सांसद छैनन्। फ्रान्सको जनसंख्या करिब ७ करोड छ। नेपालको जनसंख्या ३ करोडभन्दा कम छ। तर सांसदको संख्या नेपालको बढी छ। के संसद भनेको बेरोजगार राजनीतिज्ञहरुलाई रोजगारी दिने थलो हो ?

काठमाडौंमा चुनावताका दुई दलको नाममा मेयरहरुका उम्मेदवारले हारे पनि काठमाडौं महानगरपालिकाका जनताले राम्रै मत दिएका थिए। ती दलहरु खहरेका बाढी होइनन् भने जनताको अभिमत लिएर सांसदको संख्या नबढाउन तथा साधारण खर्च घटाउन अभियान चाल्न आवस्यक छ। यो देशभरकै समस्या भएकाले देशभर नै संभावित रूपमा सांसद संख्या बढाउने अवस्था आउन नदिन र प्रशासनिकसमेतका खर्च कम गर्न दबाब दिनुपर्दछ। रोजगारी नभएको कारणले इमानदारीका साथ काम गर्ने माध्यमको अभावमा गुजारा चलाउन नसकेर मर्ने, चोरी गर्ने, ठगी गर्ने आदि मानिसहरु सायद योग्यता भएअनुसार न्यायाधीश, प्रहरी, निजामती कर्मचारी, शिक्षक आदि काम पाएको भए तिनीहरुले ती काम गर्ने थिएनन् कि ? जबकि ती पदवालाहरुले आफ्नो तलबले चित्त नबुझाएर भ्रष्टाचार गर्दछन्। कोही घुस खान्छन्। कोही आफ्नो विद्यालयमा राम्रो नपढाएर ट्युसन पढाउन जान्छन्। अर्थात् यस्तै-यस्तै भएको छ।

थोमस जोफर्सनले भनेका छन् कि जब कुनै पनि नाम वा किसिमको सरकार जीवन, स्वतन्त्रता, र आनन्दको प्राप्तिमा जनतालाई जे दिनुपर्ने हो त्यो दिन सक्दैन तब त्यसलाई बदल्ने र नयाँ सरकार गठन गर्ने अधिकार जनतालाई छ। जोफर्सनको भनाइको समय अहिले छैन। हामी केवल एक मतको माध्यमले असल मानिस छान्न सक्छौं। ठूला दलहरुलाई नै मत दिने इच्छा भए पनि कमसेकम ५ वटा ठूला दलमध्येका अपेक्षाकृत राम्रा अर्थात इमान्दार उम्मेदवारलाई जिताउने हो भने पनि धेरै समस्या समाधान हुन्छन्। यसो भन्नाको पछाडि यो पनि कारण हो कि कतिपयहरु राम्रो भएर पनि मतै खेर जाने उम्मेदवारलाई मत दिएर के काम हुन्छ र भनेर ठूला दलका नेताहरुलाई नै मत दिन्छन्।

त्यसैले सरकार, दलका नेताहरु र राजनीतिज्ञहरुलाई यो पनि भन्नुपर्ने हुन्छ कि आफूले गल्ती गरेर जनतालाई चाहिँ इमानदारीको उपदेश दिने काम गर्नुहुँदैन। जनताको हित गर्न सक्ने ठाउँमा रहेका नेताहरु इमानदार हुन सकेको भए यो देश विश्वको सबैभन्दा सुन्दर देशमा पर्ने थियो। हामीसँग रहेका अमूल्यमध्येका पानी, विद्युत, जडिबुटी, पर्यटनजस्ता विषयको सदुपयोगबाट विश्वका धनी देशमध्ये नेपाल पनि एउटा देश बन्न सक्थ्यो। यसो गरिँदैन, बरु नेपालमा एउटा नकारात्मक पक्षले अर्को नकारात्मक पक्षलाई छोप्ने प्रयास हुन्छ र विकासलाई बहानाहरुको माध्यमबाट बेवास्ता गरिन्छ।

सबै दलले धेरै विषयमा गलत गरेको हामीले देखिरहेका छौं। तर पनि तिनीहरुको विकल्पमा निर्णय लिन हामीले सकिरहेका छैनौं। अर्कोतर्फ उनीहरु अर्थात दल र दलका नेताहरु सबै राम्रा काम आफूले र नराम्रा काम अरुले गरेको भन्ने गर्दछन्। हामी भागशान्ति विश्वासमा छौं। अर्थात् हामीलाई कसले बढी भ्रम दिन सक्यो भन्ने मात्र सवाल छ। त्यो अब बुझ्नुपर्ने समय आएको छ। यो देशमा भएको केही विकास वास्तवमा भन्ने हो भने विदेशीको सहयोग र ऋणबाट भएको छ। त्यसमा पनि भ्रष्टाचार भएका छन्। शायद ऋण र सहायता दिनेहरुको निगरानीले पनि केही काम गरेको छ। जनतासँग प्रशस्त पैसा छ। तर लगानीको वातावरण नहुँदा र त्यो पैसा ठगहरुले डुबाउँछन् कि भनेर बैंकमा राखिएको अवस्था छ। लगानी भइहाल्यो भने घर-जग्गाजस्ता अनुत्पादक क्षेत्रमा पैसा फसाउनुपरेको छ। त्यसैले जनताले आफ्नो पैसा ढुक्क भएर उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनु राजनीतिक दल र सरकारको दायित्व हो। यसले विकास हुन्छ, रोजगारी सृजना हुन्छ, स्थानीय स्रोतको सदुपयोग हुन्छ। साथै देशको पैसा विदेशिने क्रम रोकिन्छ।

विकासको माध्यम वहुआयामिक हुन्छ। त्यसमा एक पक्ष भनेको हामीलाई विकास गर्ने, इमान्दार, सचेत नेताको आवश्यक छ। प्रशासक र प्राविधिकहरु राजनीतिज्ञको पछाडि लाग्ने होइन बरु इमानदारीका साथ विकासको पछि लाग्ने हुनुपर्दछ। नेपालजस्ता विकासोन्मुख देशमा राजस्वको आधा रकमभन्दा बढी विकासमा लगाउने वातावरण बन्नुपर्ने हुन्छ। यसबाट जनताको रोजगारी र राज्यको आम्दानी बढ्छ। सरकार इमानदार भएमा र जनताको श्रम एवं पैसाको सदुपयोग हुने ग्यारेन्टी भएमा विकास हुन्छ। जनताले पनि त्यसका लागि अब नयाँ शिराबाट कसरत गर्नुपर्ने हुन्छ।

> “जनतासँग प्रशस्त पैसा छ। तर लगानीको वातावरण नहुँदा र त्यो पैसा ठगहरुले डुबाउँछन् कि भनेर बैंकमा राखिएको अवस्था छ। लगानी भइहाल्यो भने घर-जग्गाजस्ता अनुत्पादक क्षेत्रमा पैसा फसाउनुपरेको छ। त्यसैले जनताले आफ्नो पैसा ढुक्क भएर उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनु राजनीतिक दल र सरकारको दायित्व हो।”

पाठक पत्र

फिजेट स्पिनरको लत बस्ला है

औंलामा राखेर फनफन घुमाइने एउटा सानो खेलौनाले अहिले विश्वमै ठूलो लोकप्रियता कमाइरहेको छ। नेपालमा समेत धेरै बालबालिकाहरुको हातमा देखिन थालेको छ अहीले फिजेट स्पिनर। तनाव कम गर्न र एकाग्रता बढाउन सहयोग गर्ने विश्वासले गर्दा यसका प्रयोगकर्ताहरु बढेका हुन्। बच्चाहरुका लागि भने यो मनोरञ्जनको बस्तु पनि बनेको छ। प्लास्टिक तथा मेटलयुक्त यस्ता स्पिनर बजारमा विभिन्न रङ्ग तथा डिजाइनमा किन्न पाइन्छ। नेपाली बजारमा यस्ता स्पिनरको मूल्य न्यूनतम एक सय रुपियाँदेखि एक हजार रुपियाँसम्म पर्ने गर्छ। विदेशमा भने लाखौं रुपियाँसम्मका स्पिनर पाइन्छन्। गोलाकार स्पिनरको बीचमा एउटा रिङ्ग हुन्छ। साइडमा तीनवटा प्वाल हुन्छन्। सोही तीन प्वालमध्ये एउटामा औंला राखेर यसलाई घुमाइन्छ। त्यसरी घुमाउँदा स्पिनर नझरोस् भन्नका लागि अर्को एउटा औंला (बुढी औंला)ले सहारा दिइन्छ। यस खेलको विशेषता यति मात्रै हो। यसकै लागि अहिले बालबालिका मरिहत्ते गरिरहेका छन्। बजारमा यसलाई एकाग्रता बढाउने र तनाव हटाउने सामग्रीका रुपमा प्रचार गरिँदै आएको छ।

तर यो खेलौनामा लत बस्यो भने हानिकारक हुनसक्ने अवस्था पनि छ। स्पिनर फिजेटको प्रभावकारीतालाई आजसम्म चिकित्सकीय विज्ञानले पुष्टि गरेको छैन। अधिकांश बच्चामा एकाग्रता नहुने समस्या बढी हुन्छ। तिनीहरुमा एकाग्रता कायम गर्न यस्ता खेलहरु उपयोगी हुनु स्वाभाविक हो। तर यही कुरा लत बन्न गयो भने बच्चाहरुमा समस्या पनि निम्त्याउन सक्छ। फिजेट स्पिनरले पनि बालबालिकालाई केही समयको लागि रमाइलो महशुस गराउनुका साथै उनीहरुलाई पढाइलेखाइको तनावबाट मुक्ति दिलाउँछ। तर त्यसो भन्दैमा यसैको पछि लाग्नु गलत हुन्छ। यदि कुनै बच्चा चकचके छ, एकै ठाउँमा बस्दैन र कुनै पनि कुरा ग्रहण गर्न समस्या हुन्छ भने उसलाई यसले एकाग्र हुन मद्दत गर्न सक्छ। तर, त्यसो भन्दैमा यसैमा लत बसाउन भने हुँदैन।

- श्रवण पाण्डेय, मनोचिकित्सक, काठमाडौं

घरजग्गाको कर बढाउन पाइँदैन

कर बढाउन जथाभावी घरजग्गाको मूल्याङ्कन गरेर काठमाडौं महानगरपालिकाले जनताको ढाड सेक्ने काम गरेको छ। काठमाडौं महानगरपालिकाले आर्थिक ऐनमा पुनरवलोकन गर्न जरुरी छ। कर बढाउन ऐनमार्फत घरजग्गाको मूल्यांकनमा नयाँ आधारहरू तय गरिएको छ त्यो गलत हो। यसै कारण महानगरपालिका एक कदम पछि हटेर त्यो जनचाहाना विपरीत गरिएको अहिलेको निर्णय कार्यान्वयन नगर्ने गरी काम गर्नुपर्छ। कर घरजग्गाको मूल्यांकनमा लिइएको नयाँ नीति गलत छ। त्यसकारण महानगरपालिकाले घरको बनोटका आधारमा जग्गा तथा घरको मूल्यांकन दरलाई पुनरवलोकन गर्नु जरुरी छ। महानगरपालिकाले ल्याएको नयाँ व्यवस्थाले राजश्वमा नै थप प्रभाव पर्ने र त्यसले उठिरहेको राजश्व पनि नउठ्ने अवस्था आउन सक्नेछ भन्नेमा अहिले नै हेक्का हुन पनि जरुरी छ। महानगरपालिकाले विभिन्न आधारहरु तय गरेर कर बढाउने गरी घर जग्गाको मूल्यांकन ४ गुणासम्म बढाएको निणर्य गलत छ। कर बढाउन ल्याएको नीतिले कर उठ्ने समस्या हुने अवस्था छ। यसमा पुनरावलोकन र फेरि सोच्ने काम होस्।

- सरोज तिवारी, काठमाडौं

म गल्कोटेको पीडा !

मेरो गाउँ कति राम्रो छ। मात्र तुलना गर्छु काठमाडौं अर्थात देशको राजधानीसँग। जहाँ साँस्कृतिक सम्पदाले भरीभराउ छ। तर प्रकृति विगारेर फोहोर बनाइसके। पहाडको एउटा कुना, कन्दरा, पहाडको ठाउँमा जन्मेको जो कोहीलाई यो धुलाम्मे शहरभन्दा आफ्नो ठाउँ जन्मस्थान प्यारो लाग्छ। त्यसो त राजधानीमा जन्मनेहरुलाई पनि प्यारो नलाग्ने भन्ने आशय भने होइन। राजधानीको यो धुलाम्मे वातावरणले तिनै बिकट र कुना कन्दरा सोच्न, सम्झन बाध्य गराउँछ। चिसो हावा स्वच्छ वातावरण, आफ्नै मुहानको पानी ठाडो घाँटी लगाएर घटघट पिउँदाको याद अनि अतृप्त प्यास मेटिदाको क्षण स्मरण गर्दा यो शहर विरक्त लागेर आउछ, तर के गर्ने सरकारको आखाँ ती पहाडसम्म पुगेन।

त्यहाँ एउटा गुणस्तरीय कलेज भइदिएको भए किन आउनुपर्थ्यो र यो धुलाम्मे शहरमा ? बिडम्वना यस्तै छ, हरेक मान्छेलाई केही न केही कुराको आवश्यकता भएर यो राजधानीको धुलो खान आउनुपरेको छ। कतिलाई स्वास्थ्य समस्या, कतिलाई भनेजस्तो रोजगार, कतिलाई गुनस्तरीय शिक्षा, यस्तै विभिन्न बाहनामा राजधानी भित्रिनेहरु लामबद्ध छन्। त्यसैले त राजधानीमा मान्छेको चाप थेगिसाध्य छैन। प्राकृतिक रूपमा त राजधानीका सबै प्राकृतिक सम्पदाहरु मासिइसकेका, सिध्याइसकेका छन्। भएका मानव निर्मित कलाहरुको क्षत्विक्षत् भएको छ। कला संस्कृतीले कुँदिएका पहेँला गजुरहरु धमिलो भएका छन्।

यस्तै पुर्खाले निर्माण गरेका मठ, मन्दिर, धरहरा अब नक्सामा मात्र सीमित भएका छन्। कति आफैं ढले, कति कसैद्वारा ढलाइए। बाटोमा टिठलाग्दो गरि उभिएका सालिकहरु अहिले सडक अवरुद्ध गर्न प्रयोग गरेका छन्। ढलेका सालिकहरुलाई सबैले कुल्चेर हिँड्न थालेका छन्। दादागिरी देखाउनेहरुले नियम मिच्दै भित्ताहरु रङ्गीविरङ्गी बनाएर मुर्दावाद र जिन्दावादका तस्वीरहरु कोरेका छन्। कति चरम लापरवाही गरेका छन् ? त्यसैले साह्रै याद आउँछ आफ्नै गाउँ, आफ्नै ठाउँको। आफ्नै गाउँको त्यो कोइलीको आवाज अनि निर्मल वातावरणको सम्झनाले सधैं सताइरहन्छ मलाई। त्यसैले राजधानीलाई सुन्दर बनाउनुपरेको छ। यसका लागि केही गर्ने कि ?

- राकेश रोका, गल्कोट, बाग्लुङ

साझा बस ठानेर ठगिएँ

म काठमाडौंको एनएसीअगाडि गाडीको प्रतीक्षा गरिरहेको थिएँ। मलाई झक्तपुरको लोकन्थलीमा पुग्नुथियो। त्यसैले माइक्रो वा साझाबस पाए हुन्थ्यो भन्ने लागेको थियो। ठिमी चल्ने माइक्रो स्ट्यान्डमा एउटा लामो बस देखियो। सो बसको कन्डक्टरले भक्तपुर-भक्तपुर भनेर कराएको पनि सुनें। कतै नअलमलिइ बसभित्र पसें। सिट पनि पाइयो। चारैतिर हेरें। सीसी क्यामरा जडान, नयाँ र लामो बस। संयोगले साझा बस नै पाएँ भनेर मन प्रफुल्लित भयो। तर ठाउँ-ठाउँमा बढी नै समय रोक्ने र मान्छे कोच्ने अनि रुखो व्यवहार गर्ने गरेको देख्दा भने साझा बस पनि अब खेर गएछ भन्ने लाग्यो।

म लोकन्थलीमा पुगेर ओर्लिन खोजें। एनएसीदेखिको भाडा कति हो भनेर २० रुपियाँ दिंदा त बीस नै हो भनेर फिर्ता नदिंदा पो थाहा पाएँ, साझा बस होइन रहेछ। यसरी ठूला बस राखेर यात्रुलाई सेवा पुऱ्याउनु धेरै राम्रो हो तर साझा बसजस्तै बनाएर यात्रुलाई झुक्याउँदै बढी भाडा असुल्नु सोह्रै आना ठगी हो। जब कि अहिले भक्तपुरमा साझा चल्न थालेदेखि लोकन्थलीसम्मको भाडा १५ रुपियाँ लिने गरेको पाइन्छ। खास भाडा १६ लेखिए पनि कतिपय माइक्रो बसले समेत १५ रुपियाँ मात्रै लिने गरेका छन्। जति कमाउनु पहिले नै कमायौ यात्रुलाई सास्ती दिएर, अब त यस्तो ठगी कहिलेसम्म चल्छ र ?

- विनयकुमार कार्की, भक्तपुर

सामाजिक सञ्जाल

यस्तो बिजोगसँग चलाउनुभन्दा विज्ञान मन्त्रालय खारेज गरे देशका लागि ठूलो गुन हुने थियो। विज्ञानको विकास होइन, भाग पुऱ्याउन देउवाले खोलेका हुन्।

Mani Dahal
@maninagarik



कति अनौठो छ हाम्रो समाज- पुरूषले गर्ने कार्य महिलाले गर्दा महिला मर्द हुन्छिन् तर महिलाले गर्ने कार्य पुरूषले गर्दा पुरूष नामर्द हुन्छन्।'

मनीषा दाहाल
@Dahalfuchhu

धरापमा पर्ने आँटेका नेपाली मौलिक लोकभाकाहरू फेरि पूरै नेपालमा गुञ्जिएका छन्, जीवन्त भएका छन्।

युनिक आचार्य छब्बु
@Acharyaxabbu800

२०७४, साउन
आइतबार
१५

> मेट्रिक पद्धतिमा अन्तर्राष्ट्रियरुपमै नाप्ने पद्धति किलोग्राम भएकाले पनि गुणस्तर तथा नाप तौल विभागले यस विषयमा खासै चासो दिएको छैन।

नेपाल

पाउको हिसाब गोलमाल

प्रशान्त वली

- **काठमाडौंको कीर्तिपुर दुई पाउ बराबर ४ सय ग्राम।**
- **बाँकेको कांत्रादोचोक दुई पाउ बराबर ५ सय ग्राम।**

माथिका दुई वटा उदाहरण हेर्दा नाप तौलको फरक-फरक मान्यता देखिएको छ। प्राय:जसो जिल्लामा ५ पाउको १ केजी मानिँदै आए पनि कतिपय जिल्लामा ४ पाउको १ केजी मानिँदै आएको कुरा आम पाठकलाई थाहा नहुन सक्छ। कहीं एक पाउको २ सय त कहीं १ पाउको २ सय ५० ग्रामका आधारमा हिसाब गरिन्छ। जसले गर्दा कतिपय उपभोक्ता यो नाप तौललाई हेरेर अन्योलमा पर्ने गरेको पाइन्छ।

काठमाडौं, भक्तपुर, काभ्रेपलाञ्चोक लगायतका केही जिल्लामा ५ पाउको १ केजी मानिँदै आएको छ भने पश्चिम नेपालका सल्यान, रोल्पालगायतका अधिकांश जिल्लामा चार पाउको १ केजी मानिँदै आएको छ। आम सर्वसाधारणले आवश्यक सामग्रीहरु खरिद गर्दा किलोग्रामको हिसाबमा भाग लगाएर पाउमा किन्ने हुँदा ठगिने सम्भावना कम भए पनि अन्योलता भने छाएको देखिन्छ। जहाँ ५ पाउको १ केजी मानिँदै आएको छ। त्यहाँ २ सय ग्रामको हिसाब गरिन्छ भने ४ पाउको १ केजी मानिँदै आएका जिल्लामा १ पाउको २ सय ५० ग्रामका आधारमा हिसाब गरिन्छ।

मेट्रिक पद्धतिमा अन्तर्राष्ट्रियरूपमै नाप्ने पद्धति किलोग्राम भएकाले पनि गुणस्तर तथा नाप तौल विभागले यस विषयमा खासै चासो दिएको छैन। तर, नाप तौल विभागले आम उपभोक्तालाई पाउको हिसाबमा भन्दा पनि ग्रामलाई विशेष ख्याल गर्न आग्रह गरेको छ।

चार पाउको १ केजी कि पाँच पाउको १ केजी भन्ने विषयमा नेपाल समाचारपत्रले जिज्ञासा राख्दा विभागका महानिर्देशक विश्वबाबु पुडासैनी भन्नुहुन्छ- 'मेट्रिक पद्धतिमा तौलको नाप किलो ग्राममा हुने भएकाले हामी सबैले पाउभन्दा पनि ग्राममा ध्यान दिनुपर्‍यो। पाउ स्थानीय चलनचल्तीको परम्परागत भाषा मात्रै हो।'

यसैबीच, यस आर्थिक वर्षमा विभागले २ हजार ५ सय जनालाई नाप तौल शीर्षकमा कारबाही गरेको जनाएको छ। कतिपय स्थानमा ढुंगाको प्रयोग गरेर पनि नाप तौल प्रयोगमा ल्याई ठगी गरेको पाइएकाले सचेत रहन गुणस्तर तथा नाप तौल विभागले सेवाग्राहीलाई आग्रह गरेको छ। नाप तौल जाँच नगराएको र नाप तौल यन्त्र ठीक नभएको भन्दै ५ जनालाई मुद्दासमेत चलाएको बताइएको छ।

लियो क्लबको वार्षिकोत्सव सम्पन्न

काठमाडौं, (नेस)

लियो क्लब अफ काठमाडौं विशाल बजारको १४औं वार्षिकोत्सव कार्यक्रम शनिबार राजधानीमा विविध कार्यक्रमका बीच सम्पन्न भएको छ।

सो अवसरमा देशव्यापी निबन्ध प्रतियोगिताका विजेतालाई पुरस्कारसमेत वितरण गरिएको थियो। कार्यक्रममा पास्ट प्रेसिडेन्ट लियो वासुदेव (सुडान) रायमाझी, रिचा पिया, अमित श्रेष्ठ, अस्मिता श्रेष्ठ, सुशान्त तुलाधर, अमन पौडेल, योगेश श्रेष्ठ, राजेन्द्र बराल, चन्दबाबु कार्की, चन्द्रमान शाक्य, दामोदर कार्की, अमृतरत्न ताम्रकारलगायतले बोल्नुभएको थियो।

बाघ जोगाउन गतिलो समन्वयमा जोड

काठमाडौं, (नेस)

विश्वमै लोपोन्मुख सूचीमा सूचीकृत बाघको संख्या सुधार गर्न सुरक्षित बासस्थान र आहारा प्रजाति बढाउन सरोकारवालाले जोड दिएका छन्। बाघ र बाघका आहारा प्रजाति बढाउन स्वस्थ पर्यावरण अपरिहार्य रहेको विज्ञहरूले औंल्याएका छन्।

७औं विश्व बाघ दिवसका अवसरमा आयोजित मूल समारोहका वक्ताहरूले बाघको अवैध चोरी शिकार नियन्त्रण, सीमसार एवं पानी पोखरी व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, बासस्थानको वैज्ञानिक अध्ययन, अन्तरदेशीय समन्वय जस्ता पक्षलाई जोड दिनुपर्ने बताए।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै वन मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले खुम्चिँदै गएका प्राकृतिक बासस्थान, आहारा प्रजातिको अभाव, बासस्थान आसपासमा बढ्दो मानवीय गतिविधिका कारण लोपोन्मुख जन्तु बाघ संरक्षणमा चुनौती रहेको बताउनुभयो।

नतिजामा सुधार ल्याउन सरकारी निकाय र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संरक्षण साझेदारबीच गतिलो समन्वय हुनुपर्ने उहाँको भनाइ छ। 'बढ्दो वन विनाश, मिचाहा प्रजातिका झार नियन्त्रण, जैविक मार्ग अतिक्रमण नियन्त्रण जरुरी छ', डा. ढकालले भन्नुभयो- 'यससँगै संस्थागत र नीतिगत सुधार पनि उत्तिकै जरुरी छ।' पछिल्लो सरकारी तथ्यांकअनुसार नेपालमा १ सय ९८ वयश्क बाघ भेटिएका छन्। त्यसमध्ये सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा १ सय २०, बाँकेमा ४, पर्सामा ७, शुक्लाफाँटामा १७ र बर्दिया राष्ट्रिय निकुञ्जमा ५० बाघ छन्। शनिबार 'स्वास्थ पर्यावरणका लागि बाघको संरक्षण' भन्ने नारासहित मुलुकभर बाघ दिवस मनाइएको छ।

कार्यक्रममा अन्य वक्ताले निकुञ्ज र मध्यवर्ती क्षेत्रसँगै अन्तरदेशीय बाघ करिडोर जोडेर प्राकृतिक बासस्थान व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याए। सन् २०१५ देखि २०१६ को अन्त्यसम्ममा नेपाल-भारतसँग सीमा जोडिएका प्राकृतिक करिडोर र आसपासका क्षेत्रमा १ दर्जनभन्दा बढी बाघ मारिएकाले एक-अर्को मुलुकबीच गतिलो समन्वय जरुरी भएको विज्ञहरूको भनाइ थियो।

नेपालमा २००९ मा १ सय २१ रहेका बाघको संख्या बढेर सन् २०१३ को गणनामा १ सय ९८ पुगेको थियो। पछिल्लो अवधिमा पनि बाघ पाइने मुलुकका सबै निकुञ्ज र आरक्षमा बाघको संख्या बढेको अनुमान गरिएको छ।

नेपालसहित बाघ पाइने विभिन्न १४ मुलुकले सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएअनुसार नेपाल लक्ष्य प्राप्तिमा अघि बढिरहेको सरोकारवालाहरूको दाबी छ।

सन् २०१० मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको कार्यकालमा रुसको सेन्ट पिटर्सवर्गमा भएको बाघ पाइने मुलुक आबद्ध अन्तर्राष्ट्रिय सम्मेलनले त्यस्तो प्रतिबद्धता जनाएको थियो।

सरकारले हाम्रा मागलाई सम्बोधन गरेन : ज्येष्ठ नागरिक

नेपाल समाचारपत्र

भक्तपुर

ज्येष्ठ नागकिलाई बाँच्न पुग्ने गरी सरकारले पाउँदै आएको भत्तालाई वृद्धि गर्नुपर्ने, भत्तामा विभेदको अन्त्य गर्नुपर्ने, स्वास्थ्य संस्थामा नि:शुल्क उपचारको व्यवस्था गर्नुपर्ने र परिवारले अनिवार्यरूपमा आफ्ना बाबुआमाको रेखदेख गर्नुपर्ने गरी सरकारले व्यवस्था गर्न उनीहरूले माग गरेका छन्।

शनिबार भक्तपुरको लोकन्थलीमा अग्रज समाज नेपालले आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै अग्रज समाज नेपालका अध्यक्ष महाप्रसाद पराजुलीले जुनसुकै सरकारले पनि ज्येष्ठ नागरिकको मागलाई सम्बोधन नगर्ने र आश्वासन मात्रै दिने गरेको भन्दै रोष प्रकट गर्नुभयो।

कार्यक्रममा महिला तथा बालबालिकामन्त्री आशा कोइरालाले माग्ने जति सबैलाई सरकारले भत्ता दिन नसक्ने बताउनुभयो विभिन्न समूहले भत्ता माग गर्दै आएको अवस्थामा विकास बजेट काटेर भत्ता वितरण गर्न नसकिने बताउनुभयो। राज्यले ज्येष्ठ नागरिकको संरक्षणको दायित्व लिनुपर्ने औंल्याउँदै उहाँले ज्येष्ठ नागरिकलाई पनि दिँदै आएको भत्तामा वृद्धि गरेर दोब्बर, तेब्बर भत्ता दिनसक्ने अवस्थामा सरकार नरहेको उहाँको भनाइ थियो।

संविधानले दिएको जनताको मौलिक हक, अधिकार कार्यान्वयन गर्दै लैजान सरकारले ऐन, कानुन बनाउने बताउनुभयो। ज्येष्ठ नागरिकलाई परिवारमै आदर र सम्मानका साथ रहन पाउने व्यवस्था भने गर्नु आवश्यक रहेको उहाँले औंल्याउनुभयो। त्यस अवसरमा मन्त्री कोइरालाले भक्तपुरका नवनिर्वाचित जनप्रतिनिधि र पत्रकारहरूलाई सम्मान गर्नुभएको थियो। कार्यक्रममा चाँगुनारायण नगरपालिकाका नगरप्रमुख सोम मिश्रले ज्येष्ठ नागरिकलाई बोझ मान्ने परिवार बढ्दै गएको अवस्थालाई रोक्न नसके भयावह हुनसक्नेमा सचेत हुनुपर्ने बताउनुभयो।

त्यस अवसरमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, नेपाल पत्रकार महासंघ भक्तपुर शाखाका अध्यक्ष पुष्करराज बुढाथोकीले राज्यले ज्येष्ठ नागरिकको आवश्यक मागलाई सम्बोधन गर्न ढिलाई गर्न नहुनेमा जोड दिनुभयो।

मृत फेला

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ बौद्धस्थित भक्किएको घरको भुइँतलामा हाल नाम, थर, वतन नखुलेको करिब ३५ वर्षीय पुरुष शुक्रबार मृत अवस्थामा फेला परेका छन्। उनी सो क्षेत्रमा मागेर खाई हिँड्ने गरेको बुझिएको छ।

डा. केसी प्रति ऐक्यबद्धता जनाउँदै प्रदर्शन

नेपाल समाचारपत्र

काठमाडौं

स्वास्थ्य सेवामा सुधार तथा चिकित्सा शिक्षा क्षेत्रमा देखिएको विकृतिको अन्त्यको माग गर्दै ११औं पटक अनशनमा रहेका डा. गोविन्द केसीको समर्थनमा शनिबार राजधानीमा प्रदर्शन गरिएको छ। डा. केसीको आन्दोलनलाई ऐक्यबद्धता जनाउँदै उक्त प्रदर्शनको आयोजना गरिएको हो। उक्त अवसरमा चिकित्सक राजनीतिक दलका नेता कार्यकर्ता विद्यार्थीलगायत सयौं सर्वसाधारणको सहभागिता रहेको थियो। माइतीघर मण्डलादेखि बानेश्वरसम्मको च्यालीमा सहभागीले डा. केसीको पक्षमा नारा लगाउँदै स्वास्थ्य क्षेत्रमा देखिएका विकृतिको अन्त्य र चिकित्सा शिक्षामा व्यापक सुधार गर्नुपर्ने जस्ता माग राखी सरकारविरुद्ध नाराबाजी गरेका थिए।

चिकित्सा शिक्षामा व्यापक सुधार गर्नुपर्ने माग राखी डा. केसीले २०६९ सालदेखि पटक-पटक अनशन बस्दै आइरहेका छन्। सरकारले विगतमा गरिएको सम्झौता इमान्दारितापूर्वक कार्यान्वयन नगरेका कारण उनले आफ्नो आन्दोलनलाई निरन्तरता दिइरहेका छन्।

फोटो पत्रकारिता तालिम सम्पन्न

नेपाल समाचारपत्र

भक्तपुर

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपीजे) भक्तपुर शाखाले भक्तपुरका सञ्चारकर्मीका लागि आयोजना गरेको ५ दिने व्यवसायिक फोटो पत्रकारिता तालिम सम्पन्न भएको छ। भक्तपुरका सञ्चारकर्मीलाई गुणस्तरीय फोटो खिच्न सक्ने बनाउने उद्देश्यले आयोजना गरिएको तालिमको शनिबार समापन कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख मदनसुन्दर श्रेष्ठले तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गर्नुभयो।

उहाँले सयौं शब्दमा भन्न नसकिने कुरा एउटा फोटोले भन्न सक्ने भन्दै फोटो पत्रकारिताको महत्त्व विश्वव्यापीरूपमा बढ्दै गएकाले मध्यपुर थिमि नगरपालिकाले फोटो पत्रकारिताका लागि फोटोग्राफी स्कुल नै सञ्चालनका लागि पहल गर्ने बताउनुभयो। त्यस अवसरमा एनएफपीजेका केन्द्रीय अध्यक्ष ध्रुव आलेले यस तालिममा सहभागी फोटो पत्रकाहरुले उत्कृष्ट फोटो खिचेर काठमाडौंका महँगा क्यामरा बोक्ने फोटोग्राफरभन्दा कम छैनौं भन्नेरूपमा पहिचान स्थापित गर्न सक्षम हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले मानिसले सिकेर कहिल्यै पूर्ण नहुने चर्चा गर्दै तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न सके त्यही नै सफलता हुने बताउनुभयो। त्यस अवसरमा बंगलादेशबाट आएका क्याननका बजार व्यवस्थापक सुनील त्रिभेदी, प्रशिक्षक मधुसूदन थापा, प्रशिक्षार्थीद्वय सुशीला सिग्देल, चन्द्र चक्रधरलगायतले थोरै समयको प्रशिक्षणमा पनि महत्त्वपूर्ण विषयको ज्ञान पाएकाले यसको कार्यान्वयन प्रभावकारी हुनेमा विश्वास दिलाउनुभयो।

कार्यक्रमका सभापति एवं एफएनपीजे भक्तपुर अध्यक्ष रत्नकृष्ण श्रेष्ठ, उपाध्यक्ष रमेश गिरी, सचिव जयराम बास्तोलालगायतले फोटो पत्रकारलाई दक्ष बनाउन प्रशिक्षणको शुरुआत भएको चर्चा गर्दै केही समयपछि नै दोस्रो तहको तालिम सञ्चालन गर्ने बताउनुभयो।

सरकार संविधान कार्यान्वयनमा लाग्छ : मन्त्री

नेपाल समाचारपत्र

भक्तपुर

सहकारी तथा गरिबी निवारणमन्त्री अम्बिका बस्नेतले सरकार संविधान कार्यान्वयनका लागि कार्ययोजनाअनुसार अघि बढ्ने बताउनुभएको छ। शनिबार भक्तपुर जिल्लामा नेपाली कांग्रेसको तर्फबाट निर्वाचित हुनुभएका जनप्रतिनिधिहरुको बधाई तथा प्रशिक्षण कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले वर्तमान सरकारकै पालामा सबै निर्वाचन सम्पन्न भएसँगै संविधान पूर्णरूपमा कार्यान्वयनमा आउने दाबी गर्नुभयो।

संविधान कार्यान्वयनको नेतृत्व नेपाली कांग्रेसको काँधमा आएको बताउँदै उहाँले मुलुककै ठूलो दल र सत्तासिन दलको भूमिकामा कांग्रेसले संविधान कार्यान्वयनको नेतृत्व गर्ने उल्लेख गर्नुभयो।

नेपाली कांग्रेसको केन्द्रीय सदस्यसमेत रहनुभएकी मन्त्री बस्नेतले विगतका सबै क्रान्तिको नेतृत्व कांग्रेसले गरेको बताउँदै संविधान निर्माण पनि कांग्रेसकै पालामा भएको उल्लेख गर्नुभयो।

स्थानीय तहको निर्वाचनमा कांग्रेसले सोचेजस्तो परिणाम ल्याउन नसकेको बताउँदै उहाँले अबको निर्वाचनमा विगतको समीक्षा गरी पार्टीले जित हासिल गर्ने गरी सिंगो पार्टी पक्ति एकढिक्का भएर होमिनुपर्ने औंल्याउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका भक्तपुर जिल्ला सभापति दुर्लभ थापा, पूर्वसभापति गणेशमान चक्रधर, सांसद रामेश्वर ढुंगेल, सचिव उद्धव सिलवाल, पार्टी क्षेत्र नम्बर २ का सभापति नारायणभक्त खायमली, महिला संघका जिल्ला अध्यक्ष सरु बानिया, मथिनपाका उपमेयर अञ्जना मधिकर्मीलगायतले अब आउने निर्वाचनमा कांग्रेसलाई विजयी गराउन सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

सिनेमा कर्नर



Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00



माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
वृष : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
मिथुन : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ।
कर्कट : अपच, दिनचर्या अस्तव्यस्त, परिवारमा विवाद, तनाव।
सिंह : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
कन्या : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
तुला : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
वृश्चिक : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
धनु : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
मकर : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाँगर बढ्ने।
कुम्भ : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि।
मीन : रोगको भय, कार्यमा बाधा, धनहानि, अस्वस्थता हुनेछ।

नेपाल

पछिल्ला दिनमा नेपालगन्जमा दिउँसै चोरी गर्ने गिरोह सक्रिय भएको छ। ताला लागेको घर खोज्दै हिँड्ने र देख्नेबित्तिकै चोरी गर्ने गरेको पाइएको छ। दिउँसो चोर्ने चोरको गिरोह ठूलो रहेको आँकलन गरिएको छ।

दिउँसोको चोरी अनियन्त्रित

नेपाल समाचारपत्र
बाँके

नेपालगन्जकी आशमा अन्सारी एक्लै घरमा बस्न अल्छी लागेपछि घरमा ताला लगाएर छिमेकी घरमा गफ गर्न जानुभयो। दिउँसो १२ बजेतिर घरबाट निस्केर छिमेकीको घरमा गएकी आशमाले २ बजेतिर फर्किंदा लाखौं रुपियाँ गुमाउनुभयो।

बाहिर मात्रै नभएर भित्री कोठामा समेत ताला लगाएर निस्किएकी आशमाको दुई घण्टामा फर्किंदा चोरले घरमा रहेको गहना र नगद सफाचट गरिसकेको थियो। ग्यालरी र कोठामा लगाएको ताला फोरेर चोरले दिउँसै आशमाको दुई तोलाको सिक्री, डेढ तोलाको औंठी, १२ आनाको कानको झुम्का र २ लाख ५ हजार नगद लग्यो।

आशमाको घरमा डेरा गरी बस्ने शिला गुरुङको कोठाबाट चोरी भयो। कोठाको ताला फोरेर चोरले शिलाको सवा दुई तोलाको सुनको बाला र ५ हजार नगद लग्यो। चोरले आशमाको दराज र बाकससमेत फोरेको थियो। शिलाको भने दराजको साँचो भेटाएको थियो। आशमा कहिल्यै अर्काको घरमा गफ गर्न जानुहुन्नथ्यो। त्यही दिन दशा लागेर गएको स्थानीयहरूले बताए।

त्यही दिन चोरले आशमाको घर नजिकै रहेको दिवश पोखरेलको घरबाट पनि लाखौंको गहना र नगद लगेको छ। घरमा कोही नभएको बेला ताला फोरेर चोरले पोखरेलको घरबाट ५ तोला सुन र ५० हजार लगेका छन्। पोखरेलको घरमा रहेको ८० हजारको मोबाइल भने चोर लगेको थिएन।

पछिल्ला दिनमा नेपालगन्जमा दिउँसै चोरी गर्ने गिरोह सक्रिय भएको छ। ताला लागेको घर खोज्दै हिँड्ने र देख्नेबित्तिकै चोरी गर्ने गरेको पाइएको छ। दिउँसो चोर्ने चोरको गिरोह ठूलो रहेको आँकलन गरिएको छ। घटनाहरू हेर्दा यो समूहले दिउँसो कोही नहुने घरको 'रेक्की' गरिरहेको देखिन्छ। आशमाको जसरी एकैछिन आफन्त या छिमेकीको घरमा जानेबित्तिकै घरमा चोरी भएका घटना धेरै आएका छन्।

बसपार्क पछाडिको बरालथरकी महिला नजिकै रहेको माइतीमा एकछिन जाँदा सात तोला सुन गुमाउनुपरेको थियो। आमालाई सन्चो छैन भन्ने सुनेर एकछिन माइतीमा जाँदा ताला फोरेर घरमा चोरी भएको थियो। प्रत्यक्षदर्शीहरू भन्छन्- दिउँसो ताला लगाएर गएको र एक घण्टामा फर्किंदा घरमा चोरी भएको थियो। यो मात्रै होइन, कारकादोकी यशोदा शाहको घरबाट पनि दिउँसै लाखौंका गहना र नगद चोरी भयो।

बाँके प्रहरीका लागि अहिले दिउँसोको चोरी टाउको दुखाइको विषय बनेको छ। दिउँसोको चोर धेरै चलाख रहेका छन्। उनीहरूले सुन र नगद पैसाबाहेक अरू लगेको पाइँदैन। चोरले चोरिएको सुन भारतमा लगेर बेच्ने गरेको प्रहरीको बुझाइरहेको छ। 'चोरहरू सबैजसो नै लागूपदार्थ प्रयोगकर्ता हुन्। चोरिएको सुनलाई रूपैडिहा या बहराइचमा लगेर बेचेर मस्ती गर्ने गरेको बुझिन्छ' -प्रहरी अधिकृतहरू भन्छन्।

प्रहरीले चोरलाई नसमातेको पनि होइन। एउटै चोर ६ पटकसम्म समातिएको छ। चोरीको सामान फेला नपर्दा अदालतले धरौटीमा छोड्ने गरेको पाइन्छ। चोरीको समान त उसले तत्कालै बेचिसकेको हुन्छ। पटके चोरका घरपरिवार त उसलाई बुझ्नसमेत प्रहरीकहाँ आउदैनन्। नेपालगञ्जमा चोरी बढेपछि प्रहरीले शंकास्पद चोरहरू धेरैलाई समातेर राख्दा केही नियन्त्रण भएको थियो। उनीहरू सार्वजनिक मुद्दा या अदालतबाट धरौटीमा छुटेपछि फेरि चोरी बढेको छ। घरपरिवारले नहेरे पनि कतिपय चोरहरूको त गजबको सम्बन्ध रहेका छन्। अदालतले तोक्ने धरौटी अर्को चोरले बुझाइदिने गरेको छ।

दिउँसो भएको चोरीका घटना प्रायः १० देखि १२ बजेको बीचमा भएको पाइएको छ। जिल्ला प्रहरी कार्यालय, बाँकेका सई यमबहादुर साउदले पुस/माघदेखि आफूहरूले सूक्ष्म तरिकाले दिउँसोको चोरी नियालिरहेको र अधिकांश चोरी १० देखि १२ बजेसम्ममा भएको बताउनुभयो। रातीको चोरीमा संलग्न हुनेलाई समातिए पनि प्रहरीले दिउँसोका ठूलो चोरीमा लागेकालाई समात्न सकेको छैन।

पटके चोरले लागूऔषधमा फस्दै गरेका नयाँलाई धन्दामा लगाइरहेको पाइन्छ। पुरानाहरू आफू संलग्न भएर नयाँलाई चोर्न लगाई भाग लिने गरेको सम्बद्धहरू बताउँछन्। नेपालगन्जमा चोरेर भारतको बहराइचमा गएर मस्ती गर्ने चोरको समूह बढेको प्रहरी स्रोतको भनाइ छ।

जुम्लाको सरकारी टोली बाजुरा प्रस्थान



नन्दराम जैशी, जुम्ला

जुम्लाको एक सरकारी टोलीलाई शुक्रबार नेपाली सेनाले सलामी दिएर जुम्ला सदरमुकामबाट बिदाइ गरेको छ। बाजुरामा रहेको बडिमालिका भगवती मन्दिरतर्फ प्रस्थान गरेको उक्त सरकारी टोलीलाई नेपाली सेनाले सलामी दिएर बिदाइ गरेको हो।

तीर्थालु र सुरक्षाकर्मीसहित प्रस्थान गरेको १५ जना बढीको सरकारी टोलीलाई नेपाली सेनाले पाँचवटा सलामी, ब्यान्डबाजा र बिगुल फुकेर सम्मानका साथ पठाएको छ। संस्कृतिविद् रमानन्द आचार्यका अनुसार परम्परादेखि नै हरेक वर्षको एकपटक जुम्लाको सरकारी टोली पूजाका लागि बडिमालिका जाने चलन रहेको छ। हरेक वर्ष नाग पञ्चमीको दिन तीर्थालुसहित जुम्लाबाट सरकारी टोली बाजुरामा रहेको बडिमालिका भवतीको मन्दिर दर्शनका लागि प्रस्थान गर्ने गर्दछ। शुक्रबार दिउँसो २ बजेतिर नेपाली सेना, नेपाल प्रहरी र सरकारी तथा गैरसरकारी निकायलगायत सर्वसाधाणले फूलमाला, अबिरसहित पञ्चेबाजाका साथ सरकारी टोलीलाई बिदाइ गरेको निमित्त प्रमुख जिल्ला अधिकारी टेकबहादुर बुढ्थापाले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय जुम्लाका नायब सुब्बा बिष्णुबहादुर महतको नेतृत्वमा प्रस्थान गरेको सरकारी टोली १७ दिनपछि जुम्ला सदरमुकाम आइपुग्ने बताइएको छ। दरबार मालिका भगवतीको मन्दिरमा गएर भगवतीको झोली र तीर्थालुलाई परिक्रमा गराएपछि उक्त सरकारी टोलीलाई बाजुरातर्फ पठाइएको हो। जिल्ला प्रशासन कार्यालयको तर्फबाट सुनको टीका, बिनायो, चाँदीको काँगियो, छत्र, मुरुली गरी ५ वटा पूजाका सामानहरू पनि पेटारो नामक झोलीमा राखेर बडिमालिका मन्दिरमा पूजाका लागि पठाइएको छ।

त्यस्तै भक्तजनले आफ्नो वर पूर्तिका लागि भेटीसँगै मार्सीधानको अक्षता, फूलपाती, फलफूल, ध्वजा, तोरणजस्ता प्रसादहरू पठाएका छन्। जिल्लाबाट गएको टोलीसँगै गाउँगाउँबाट पनि अन्य धर्मावलम्बीहरू थपिँदै जाने गर्दछन्। समाजसेवी चित्रलाल श्रेष्ठको घरबाट भगवती निकालेर चन्दननाथ, भैरवनाथ मन्दिर परिक्रमापछि सो टोली बढिमालिका प्रस्थान गरेको हो।

वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०१६
४२१९६१२, ४२१९४४५

श्री भूमिसुधार कार्यालय ललितपुरबाट जारी भएको ल.पु.जि. साविक सैवु गा.वि.स. वडा नं. ४ बस्ने मोही टेकबहादुर चनेका नामको जोत हक दावी सम्बन्धी दिन ३० को सार्वजनिक सूचना ।

का.जि.का.म.पा. वडा नं. २३ को हाल ल.पु.जि.म.न.पा वडा नं. २५ बस्ने सुलोचना जोशीले निजको नाममा दर्ता रहेको ललितपुर जिल्ला सैवु गा.वि.स. वडा नं. ३ (ख) कि.नं. ४१३ क्षे.फ. ०-४-०-० जग्गाको मोही महलमा उल्लेख भएका टेक बहादुर चनेको मिति २०३५/११/०४ र निजको पत्नी कृष्ण कुमारी चन्दको समेत मृत्यु भै निजहरुको तर्फबाट छोरा छोरीको जायजन्म नभई निजको हकदार कोही नभएकोले उक्त कित्ता जग्जा म आफैले जोत कमोद गरी आएकाले जोत लगतकट्टा गरी पाउँ भनि निज ज.ध.बाट निवेदन पर्न आएको हुँदा उक्त कित्ता जग्गाका दर्तावाला मोही टेक बहादुर चनेका भू.सं. ऐन बमोजिमका कोही हकदार भई जोत लगतकट्टा हुन नपर्ने कोही कसैको जोत हक दावी भए यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक ३० दिन भित्र स-प्रमाण जोत हकदावी गर्न आउनु होला अन्यथा नियमानुसार जोत लगतकट्टा तर्फ कारवाही भै जाने व्यहोरा समेत यसै द्वारा जानकारी गराइएको छ।

सिरहामा आपराधिक गतिविधि बढ्दै

नेपाल समाचारपत्र
सिरहा

गत आर्थिक वर्ष २०७३/७४ मा जिल्ला प्रहरी कार्यालय सिरहामा ६ सय ९४ मुद्दा दर्ता भएका छन्। विगत वर्षको तुलनामा आपराधिक गतिविधिहरू बढ्दै गएको देखिएको छ।

जिल्ला प्रहरीले एक वर्ष अवधिमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार विभिन्न किसिमका आपराधिक क्रियाकलाप तथा अन्य शीर्षकमा गरी कुल ६ सय ९४ वटा मुद्दा प्रहरी कार्यालयमा दर्ता भएका हुन्।

कार्यालयले दिएको जानकारीअनुसार गत आवको साउनदेखि असार मसान्तसम्मको अवधिमा सबैभन्दा धेरै १ सय ७६ वटा सार्वजनिक अपराधका मुद्दा दर्ता भएका छन्। त्यसै गरी भवितव्य ज्यान १ सय १२, सवारी ज्यान ७१, लागूऔषध ७०, झुन्डिएर आत्महत्या ५७, विष खाएर २९, जबरजस्ती करणी २६ र साधारण चोरी २० वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

त्यसै गरी ज्यान मार्ने उद्योग १८, कर्तव्य ज्यान १७, सवारी चोरी १७, ठगी ११, जबरजस्ती करणी उद्योग ११, बहुविवाह १०, हातहतियार खरखजाना ९, सरकारी छाप दस्तखत कीर्ते ७, नागरिकता सम्बन्धी र बोक्सीको आरोपमा ४/४ वटा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिरहाले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ।

त्यसै गरी सवारी अंगभंग ३, बम विस्फोट २, जातीय भेदभाव तथा छुवाछुत २, आगो लगाएर आत्महत्या २, फुटकर ज्यान २, हातहतियारबाट आत्महत्या, डाका चोरी, जुवा, खोटा चलन, व्यक्ति अपरहण, कुटपिट अंगभंग, राज्यविरुद्धको अपराध, मानव बेचबिखन तथा ओसारपसार, बालविवाह, कुटपिट गरी गर्भ तुहाएको, आगलागी सम्बन्धी, अपरहण, परीक्षा तथा शिक्षा ऐन र अन्य १/१ ओटा गरी कुल ६ सय ९४ वटा मुद्दा दर्ता भएका थिए।

वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार
हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३८५३७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९१ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● थ्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९९७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, साउन
आइतबार
१५

यसअघि मतदाता नामावलीमा नाम छुटेका मतदान गर्ने उमेर पुगेकाहरूका लागि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ताका लागि साउन १ गतेदेखि नामावली दर्ता गर्ने काम शुरु गरेको हो।

नेपाल

दुई मिनेट

भरुवा बन्दुकसहित दुई पक्राउ

ताप्लेजुङ, (नेस)

ताप्लेजुङमा दुई नाल भरुवा बन्दुकसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा ताप्लेजुङ सिरिजंघा गाउँपालिका-५ बस्ने वर्ष २८ को सनकुमार मावो र सोही गाउँपालिका-८ घर भई वडा नम्बर ५ मा डेरा गरी बस्ने वर्ष २२ को छिरिङ शेर्पा रहेका छन। दुवै जनालाई शुक्रबार साँझ इलाका प्रहरी कार्यालय तेल्लोकको गस्ती टोलीले भरुवा बन्दुक बोकेर हिँडिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ। पक्राउ परेका उनीहरूलाई बरामद हतियारसहित अनुसन्धानका लागि प्रहरी कार्यालयमा राखिएको छ।

ट्रकको ठक्करबाट वडा अध्यक्ष घाइते

दोलखा, (नेस)

दोलखा जिरी नगरपालिका-७ का वडा अध्यक्ष डुके शेर्पा ट्रकको ठक्करबाट घाइते भएका छन्। उनलाई उपचारका लागि हेलिकोप्टरबाट काठमाडौंस्थित ग्रान्डी अस्पताल लगिएको जिरी नगरपालिकाको उपप्रमुख कृष्णकुमारी बुढाथोकीले जानकारी दिनुभयो। शनिवार बिहान घरबाट मोटरसाइकलमा चढेर नगरपालिकाको बैठकमा सहभागी हुन जाँदै गर्दा वडाध्यक्ष शेर्पालाई लामोसागु जिरी सडक खण्डको बासामा जफ्ख ८५६ नम्बरको ट्रकले ठक्कर दिएको थियो। ट्रकको ठक्करबाट उनको हातमा चोट लागेको प्रहरीले जनाएको छ। ट्रकका चालक कृष्णहरि कार्कीलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान शुरू गरिएको इलाका प्रहरी कार्यालय जिरीका प्रहरी निरीक्षक राजेश कार्कीले बताउनुभयो।

आगलागीपीडितलाई २ लाख वितरण

लमजुङ, (नेस)

बेंसीशहर नगरपालिकाको-७ हाइस्कुलचोकका भएको आगलागीपीडितलाई राहत रकम वितरण गरिएको छ। स्थानीय मनाङे चौतारा जनचेतना आमा समूह र लमजुङ उद्योग वाणिज्य संघको महिला उद्यम समूहले आर्थिक संकलन गरी अग्निपीडितलाई राहत रकम वितरण गरेका हुन्। मनाङे चौतारा जनचेतना आमा समूहले १ लाख २३ हजार ८ सय ४० रुपियाँ, लमजुङ उद्योग वाणिज्य संघको महिला उद्यम समूहबाट ५३ हजार रुपियाँ र अन्यबाट १२ हजार ३ सय ८५ रुपियाँ र लमजुङ सुनचाँदी व्यवसायी संघले पीडित रामबहादुर विश्वकर्मालाई १२ हजार १ सय २५ रुपियाँ गरी कुल २ लाख १ हजार ३ सय ५० रुपियाँ हस्तान्तरण गरिएको हो। पीडित विना अधिकारीलाई ७९ हजार ५ सय, रामबहादुर विश्वकर्मालाई ७९ हजार ५ सय, कृष्णकुमारी विश्वकर्मालाई २९ हजार ५ सय रुपियाँ हस्तान्तरण गरिएको हो।

हेटौंडा अस्पतालमा आईसीयू यही महिना

हेटौंडा, (नेस)

हेटौंडा अस्पतालमा यही महिनाभित्र आईसीयू सेवा सञ्चालनको तयारी गरिएको छ। भौतिक व्यवस्थापन प्रायः भइसकेको अस्पतालको व्यवस्थापन पक्ष अब जनशक्ति व्यवस्थापनतर्फ केन्द्रित देखिएको छ। अस्पताल विकास समिति अध्यक्ष रमेश गिरीले यही महिनाभित्र आईसीयू सञ्चालन गर्न जनशक्ति व्यवस्थापनतर्फ आफू लागेको बताए। उनका अनुसार असार १६ गतेको बोर्ड बैठकले आवश्यक कर्मचारी/जनशक्ति माग गर्ने निर्णय गरी जनशक्ति खोजी कार्य जारी राखेको छ।

खाद्य सुरक्षा प्रतिकार्य तालिम शुरु

लमजुङ, (नेस)

लमजुङमा खाद्य सुरक्षा प्रतिकार्य विश्लेषण ४ दिने तालिम शुरू भएको छ। नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको आयोजनामा तथा विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) को सहयोग र कृषि मन्त्रालयको समन्वयमा गरिएको हो।

तालिमको उद्घाटन गर्दै क्षेत्रीय कृषि निर्देशनालय पोखराका क्षेत्रीय निर्देशक शरदचन्द्र श्रेष्ठले स्थानीय तहपछि खाद्य सुरक्षा योजना हरेक स्थानीय तहले बनाउनुपर्ने र खटिएर जाने कर्मचारीको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो। अहिलेसम्म संकलन गरिएका तथ्यांक, तथ्यांक जस्तो नभई अनुमानका भरमा लिइएको स्थिति छ त्यसैले अब तथ्यमा आधारित भएर तथ्यांक संकलन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

अनुगमन अभावमा अवैध उत्खनन जारी

गोकुल घोरसाइने, बारा

जिल्ला प्रहरी कार्यालय कलैयाबाट खटेको टोलीले अवैध रूपमा बालुवा उत्खनन गर्दै गरेको अवस्थामा बिहीबार निजगढ नपा-८ स्थित बकैया खोलाबाट २ वटा ट्याक्टर नियन्त्रणमा लिएर कारबाही शुरू गरेको छ। अवैध उत्खनन आरोपमा ४ वटा ट्याक्टर नियन्त्रणमा लिएर कारबाही गरेको दुई साता बिल्न नपाउँदै प्रहरीले पूर्वपश्चिम राजमार्गमा पर्ने बकैया खोलाबाट नाश्त ३२२९ र नाश्त ५०७४ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको हो। प्रहरी पुगेको खबर पाएपछि ट्याक्टर छोडेर जंगलतर्फ भागेकाले प्रहरीले चालक र बालुवा लोड गर्ने मजदुरहरूलाई भने पक्राउ गर्न भ्याएन।

निषेधित अवधिमा पनि क्रसर उद्योग र व्यवसायीले मिलेमतोमा खोला बगरबाट उत्खनन तीव्र पारेको गुनासो बढिरहेका बेला प्रहरीले यो महिनामा मात्र ६ वटा ट्याक्टर नियन्त्रणमा लिएको हो। सरकारले हरेक वर्ष असार महिनादेखि भाद्र मसान्तसम्म खोलाबगरबाट नदीजन्य पदार्थ उत्खनन र संकलनमा रोक लगाउँदै आएका छ। उचित दण्ड र प्रभावकारी गस्ती एवं अनुगमन अभावमा निषेधित अवधिमा पनि जिल्लाका खोला बगरबाट तस्करी जारी रहेको हो।

'एक दिन आएर प्रहरीले समाउँछ', निजगढका एक स्थानीयले भने- 'अर्को दिनबाट फेरि धन्दा शुरू भइहाल्छ।' उनले बकैया खोलाबाट वर्षभरि नै उत्खनन हुने गरेको र अहिले पनि दिनहुँ सयौं ट्याक्टरबाट गिटी, बालुवा र ढुंगा संकलन हुँदै आएको सुनाए। व्यवसायीले निजगढ नपा पूर्वको धन्सार र बकैया खोलाको तल्लो भागबाट उत्खनन तीव्र पार्दै आएका छन्। बिहानी, साँझ र रात्रि समयमा प्रहरी र वन कर्मचारीको आँखा छलेर गिटी, बालुवा र ढुंगा उत्खनन हुँदै आएको स्थानीयको भनाइ छ। निजगढ नगरपालिकाभित्र मापदण्ड विपरीत सञ्चालनमा रहेका क्रसर उद्योग, जिल्ला विकास समितिका ठेकेदार र ढुंगा, गिटी, बालुवा व्यवसायीले बकैया, धन्सार, पसाहा र बालगंगा नदीबाट ट्याक्टर, पिपर, ट्रकबाट नदीजन्य पदार्थको अवैध उत्खनन जारी राखेका हुन।

प्रभावकारी अनुगमन र दण्ड सजाय व्यवस्था अभावमा निषेधित अवधिमा जिल्लाबाट नदीजन्य पदार्थको तस्करी मौलाएको हो। सरकारले प्रमुख जिल्ला अधिकारी संयोजक रहेको जिल्ला अनुगमन समितिलाई खोला बगरबाट हुने अवैध उत्खनन नियन्त्रणको जिम्मा लगाएको छ। समितिमा जिविस, वन, सडक र जिल्ला प्रहरी कार्यालय प्रतिनिधि सदस्य रहने व्यवस्था भए पनि आवश्यक समन्वय अभावमा समितिले प्रभावकारी काम गर्न सकेको छैन। जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक दिलीप घिमिरे ढुंगा, गिटी र बालुवा तस्करी नियन्त्रण प्रहरीको जिम्मेवारीभित्र नपर्ने बताउँछन्। 'तोकिएको जिम्मेवारी पनि होइन र कारबाही गर्ने अधिकार पनि छैन', उपरीक्षक घिमिरेले भने- 'गुनासोको आधारमा नियन्त्रणमा लिएर बुझाइदिने मात्र हो।' उनले प्रहरीले नियन्त्रणमा लिएको साधन जिल्ला समन्वय समितिको जिम्मा लगाइदिने र समितिले बढीमा प्रति ट्याक्टर १० हजार रुपियाँ जरिवानामा छोडिदिने गरेको पनि जानकारी दिए।

निमित्त प्रमुख जिल्ला अधिकारी मुकेश केशरी समितिले जथाभावी उत्खननमा कडाइ गरेको बताउँछन्। 'निषेधित अवधिमा उत्खनन नगर्न बारम्बार जानकारी गराइएको छ', केशरीले भने- 'अटेर गर्ने जो कोहीमाथि पनि नियमअनुसार कारबाही हुन्छ।' सरकारले बाढी, पहिरोको जोखिम र धनजनको क्षति बढाउने भन्दै बगरबाट वर्षायामका ३ महिना ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य पदार्थ संकलनमा रोक लगाउँदै आएको छ। घरायसी प्रयोग प्रयोजनको लागि भने निषेधित अवधिमा पनि नदीजन्य पदार्थ संकलन गर्न सकिने व्यवस्था रहेको र यो सुविधाको पनि दुरुपयोग गर्दै अधिकांशले क्रसर उद्योगमा पुऱ्याएर बिक्री गर्ने गरेका छन्।

गुल्मीका महिला महिनावारी बार्दैनन्

गुल्मी, (नेस)

नेपालको कैयौं ठाउँ यस्ता पनि छन् जहाँ महिनावारी हुँदा छाउगोठमा बस्दा ज्यान जान्छ। पुरानो अन्धविश्वासलाई हाल पनि नेपालका धेरै ठाउँमा महिनावारीलाई फरक तरिकाले हेर्ने प्रचलन जीवितै छ।

सुदूरपश्चिम क्षेत्रमा मासिक रूपमा महिलाहरूमा हुने महिनावारीलाई पापकै रूपमा लिएर 'छाउगोठ' बस्ने चलन अझै पनि व्याप्त छ। धेरैले महिनावारीलाई प्राकृतिक वरदानका रूपमा नलिई 'पाप' भनेर सम्झने गरेका छन्। यसैका कारण कैयौं किशोरीहरूको ज्यान समेत गइसक्यो। तर, गुल्मीका महिलाहरूले महिनावारीलाई 'प्रकृतिले दिएको बरदान' का रूपमा लिने गरेका छन्।

जिल्लाका बहुसंख्यक महिलाहरूले महिनावारी भएको समयमा छुट्टै स्थानमा बस्ने परम्परालाई तोडिसकेका छन्। 'महिनावारी भएको बेलामा सरसफाइमा ध्यान दिने गरेका छौं', इस्मा गाउँपालिका-४ स्थित दोहोलीकी ७५ वर्षीया ज्ञानकुमारी कार्कीले भनिन्- 'हामी बूढाबूढीले त महिनावारी बार्दैनौं केटीहरूले किन बार्ने?' घरमा भएका दुईवटी बुहारीहरूले समेत महिनावारी भएको बेला छुट्टै बस्ने नगरेको उनले बताइन्।

'शुरूमा धेरै कुरा थाहा नपाउँदा महिनावारी बार्ने पनि गरेका थियौं', कार्कीले भन्नुभयो- 'गाउँमा चेतनामूलक कार्यक्रम हुन थालेपछि कुरा बुझेर महिनावारी बार्न छाडेको हो।' सुरक्षित महिनावारी सम्बन्धी कार्यक्रम गाउँगाउँमा पुग्न थालेपछि जिल्लाका महिलाहरूले महिनावारीको बेला अलग बस्ने परम्परा छाडिसकेको मुसीकोट नगरपालिकाकी नागरिक समाजका अगुवा विष्णु सापकोटाको भनाइ छ। 'जिल्लाका पुरुषहरूले पनि यस अभियानलाई सघाउने गरेका छन्', उनले भनिन्- 'बजार क्षेत्रमा भन्दा जिल्लाका दुर्गम गाउँका नागरिकहरूमा यसबारे धेरै कुराको चेतना भइसकेको छ।'

सुरक्षित महिनावारी राष्ट्रिय अभियानमार्फत् ६ वर्षअघिदेखि जिल्लामा कार्यक्रम हुन थालेपछि महिलाहरूले महिनावारी बार्न छोडेको सेवा सञ्चारकी अध्यक्ष गंगा खड्काले बताइन्। जिल्लाका थुप्रै विद्यालयमा पुगेर छात्रालाई अभिमुखीकरण गर्ने गरिएको उक्त संस्थाले जनाएको छ। संस्थामार्फत् जिल्ला प्रहरी कार्यालय गुल्मीलाई समेत महिनावारीका लागि सुरक्षित सामग्रीयुक्त कार्यालय घोषणा गरिएको थियो। छात्राहरूलाई विद्यालयमा पुगेर कार्यक्रम गर्दा दीर्घकालीन रूपमा यसको सकारात्मक प्रभाव परेको अध्यक्ष गंगा खड्काको भनाइ छ।

अस्वस्थ मासुको बिगबिगी

पर्वत, (नेस)

पर्वतको जलजला गाउँपालिकामा रहेका अधिकांश मासु पसल मापदण्ड विपरीत पाइएको छ। पशु सेवा कार्यालयको अगुवाइमा गरिएको अनुगमनमा दर्ता नभएको र अस्वस्थ मासु बिक्रीवितरण भइरहेको पाइएको हो। जलजलामा पहिलोपटक गरिएको अनुगमनमा अधिकांश मासु पसलबिना दर्ता सञ्चालन भएको भेटिएको पशु चिकित्सक विमल पौडेलले जानकारी दिए।

'गुनासो आएपछि यसपटक सदरमुकामभन्दा बाहिर गएर अनुगमन गरेका थियौं तर मापदण्डविपरीत मासु बिक्रीवितरण भइरहेको पायौं' -उनले भने। कतिपय पसलमा मासु काट्ने र मासु राखिएका स्थान निकै फोहोर भएको पाइएको छ।

एक वर्षमा १ सय ८ गर्भवतीको शल्यक्रिया

नेपाल समाचारपत्र

ताप्लेजुङ

जिल्ला अस्पताल ताप्लेजुङले एक वर्षमा १ सय ८ गर्भवतीको सफल शल्यक्रिया गरेको छ। यो गत वर्षको भन्दा झन्डै दोब्बर संख्याले बढी भएको जिल्ला अस्पतालले जनाएको छ। गत वर्ष ७१ जनाको मात्र शल्यक्रिया भएको थियो।

सामान्य अवस्थाबाहेक बच्चा कुठाउँ (अन्ननली) मा बसेको, पाठेघरको मुखबाट अधिक रगत बगेको, साल नझरेको, गर्भमा भएको बच्चालाई खान पुग्ने अवस्था नभएको, शरीरमा रगत सुकेको जस्तो अवस्थाका गर्भवतीको शल्यक्रिया गरेको अस्पतालका चिकित्सक उत्तम पाच्याको भनाइ छ।

तत्काल शल्यक्रिया नगरे बाँच्नै नसक्ने अवस्थाका गर्भवती बचाउन आफूहरू सफल भएको पाच्याले बताए। यो वर्ष अस्पताल आएर सुत्केरी हुनेको संख्या पनि बढेको अस्पतालले जनाएको छ। ६ सय ६३ जना जिल्ला अस्पताल आएर सुत्केरी भएको तथ्यांक शाखाले जनाएको छ। उनीहरू चिकित्सकको निगरानीमा सामान्य अवस्थामा सुत्केरी भएका थिए। यो संख्या गत वर्षको तुलनामा भने सन्तोषजनक होइन। गत वर्ष पनि ६ सय ३४ अस्पतालमै सुत्केरी भएका थिए।

मतदाता नामावलीमा नाम दर्ता गराउने बढे

नेपाल समाचारपत्र

बाजुरा

निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक शुरू गरेसँगै बाजुरामा पनि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउनेको भीड लाग्ने गरेको छ। मतदाता नामावलीमा नाम छुट भई स्थानीय तहको निर्वाचनमा मतदान गर्न नपाएकाहरूले जिल्ला निर्वाचन कार्यालय बाजुरामा आएर नाम दर्ता गराइरहेका छन्।

यसअघि मतदाता नामावलीमा नाम छुटेका मतदान गर्ने उमेर पुगेकाहरूका लागि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ताका लागि साउन १ गतेदेखि नामावली दर्ता गर्ने काम शुरू गरेको हो। बुधबारसम्म ४ सय ४४ जना महिला र ५ सय ३० जना पुरुष गरी जम्मा ९ सय ७४ जनाले फोटोसहितको मतदाता नामावली नाम दर्ता गरेको जिल्ला निर्वाचनका मार्यालय बाजुराकी कम्प्युटर अपरेटर दुर्गा थापाले बताएकी छन्। मतदात नामावली संकलन कार्यक्रम साउन १५ गते सम्म जिल्ला निर्वाचन कार्यालयमा र श्रावण १६ गतेदेखि बाजुराका नै ओटै स्थानीय तहमा गएर फोटोसहितको मतदाता नामावली दर्ता गर्ने अपरेटर थापाले बताएकी छन्।

स्थानीय तहको निर्वाचनपछि आयोगले प्रदेश र संघको निर्वाचनको तयारी थालिरहेको छ। त्यसैका लागि मतदाता नामावली अद्यावधिक गर्न लागेको बताएको छ। स्थानीय तहको निर्वाचनमा मतदान गर्न नपाएका मतदातालाई नाम दर्ता गर्ने अवसर दिएको हो। १८ वर्ष उमेर पुगेकाहरूले उक्त फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्न पाउने भएका छन्।

एघार दिनमै १५ सय थपिए

खोटाङ, (नेस)

फोटोसहितको मतदाता नामावली दर्ता गर्न यसअघि छुटेकालाई साउन मसान्तसम्मको समय दिएपछि जिल्ला निर्वाचन कार्यालय खोटाङमा उत्साहजनक ढंगले फोटोसहितको मतदाता नामावली दर्ता भइरहेको छ। साउन १ गतेबाट शुरू गरिएको फोटोसहितको मतदाता नामावली दर्ता अभियानको एघार दिनमै १ हजार ३ सय ६७ मतदाता थप भइसकेको र दैनिक रूपमा नै नाम दर्ता गराउन भीड लागिरहेको जिल्ला निर्वाचन अधिकारी दिनेश खत्रीले जानकारी दिनुभयो।

निर्वाचन कार्यालयले फोटोसहितको मतदाता नामावली दर्ता अभियान शुरू गरेपछि सबै राजनीतिक दलले आफ्नो कार्यकर्ता तथा समर्थकलाई अनिवार्य नाम दर्ता गराउन अनुरोध गरेको छ। कतिपय नेता तथा कार्यकर्ताले आफू समर्थकलाई निर्वाचन कार्यालयमै पुऱ्याएर नामावली दर्ता गराउन लगाउने गरेका छन्।

हाल सदरमुकाम दिक्तेलमै मात्र सीमित मतदाता नामावली संकलन अभियान साउन १६ गतेबाट सबै गाउँपालिकामा पुऱ्याइने कार्यालयले जनाएको छ। उमेर पुगेका सबै व्यक्तिले मतदान गर्न पाउने अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले सबै पालिकामा टोली पठाउने तयारी गरिएको जिल्ला निर्वाचन अधिकारी खत्रीले जानकारी दिनुभयो। पछिल्लो समय सञ्चालन गरिएको मतदाता नामावली संकलन अभियानमा करिब १० हजार मतदाता थपिने अपेक्षा गरिएको जिल्लामा यसअघि भएको स्थानीय तहको निर्वाचनमा १ लाख १५ हजार ४ सय ४४ मतदाता रहेका थिए।

भावपूर्ण श्रद्धाञ्जली

जन्म : २०२२ साल पुस
स्वर्गारोहण : २०७४ साल साउन

स्व. सन्तोष कुमार मार्पा तामाङ

नेपाल समाचारपत्रका संवाददाता सुरेश तामाङका पुजनीय पिता गोदावरी-६, ललितपुर निवासी

सन्तोष कुमार मार्पा तामाङको

यही साउन १ गते उपचारका क्रममा असामयिक स्वर्गारोहण भएकोमा हामी दुःखी छौं । हामी दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

साथै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्ने क्षमता प्राप्त होस् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना समेत व्यक्त गर्दछौं ।

कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.
परिवार, भीमसेनस्थान, काठमाडौं

विश्व

ध्वस्त

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मारा साल्भाट्रुचा अर्थात् एमएस-१३ को नामले कुख्यात स्ट्रिट ग्याङलाई ध्वस्त पार्ने प्रतिबद्धता जाहेर गरेका छन्।

समर्थन

हालै राजीनामा दिएका पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफको समर्थनमा निस्केको जुलुस।

2017, JULY
Sunday
30

विश्व २ मिनेट

केन्या

रुतोको घरमा आक्रमण

नैरोबी, (एजेन्सी)

केन्याका उपराष्ट्रपति विलियम रुतोको पश्चिमी उआसिन गिसु काउन्टीको ग्रामीण क्षेत्रमा रहेको घरमा शनिबार अज्ञात बन्दुकधारीले आक्रमण गरेको सुरक्षा सूत्रले जनाएको छ। स्थानीय सञ्चारमाध्यमले उनको घरको गेटमा तैनाथ एकजना प्रहरीलाई नियन्त्रणमा लिएर तिनीहरू घरभित्र प्रवेश गरेको बताएको छ। घरभित्र गोली चलेको आवाज निरन्तर सुनिएको र उक्त घर वरपर प्रहरीले घेराबन्दी गरेको पनि बताइएको छ। तर आक्रमणको समयमा रुतो घरभित्र नरहेको बुझिएको छ। दश दिनपछि केन्यामा राष्ट्रपतीय, विधानसभा र क्षेत्रीय चुनाव हुँदै छ।

श्रीलंका

चीनसँग सम्झौता

कोलम्बो, (एजेन्सी)

श्रीलंकाले आफ्नो दक्षिणी सामुद्रिक बन्दरगाह हाम्बान्तोताको नियन्त्रण र विकासका लागि चीनसँग १ खर्ब १० अर्ब अमेरिकी डलर बराबरको सम्झौतापत्रमा हस्ताक्षर गर्ने भएको छ। उक्त बन्दरगाह चिनियाँ सेनाले प्रयोग गर्न सक्ने आशंकाको कारण लामो समयदेखि यो सम्झौता रोकिएको हो। श्रीलंकाली सरकारले अहिले आएर एसिया र युरोपबीचको मुख्य समुद्री मार्गको रूपमा रहेको उक्त बन्दरगाह चीनले व्यावसायिक उद्देश्यले मात्र सञ्चालन गर्न लागेको जनतालाई विश्वस्त पारेको छ। श्रीलंकाले यसबाट हुने आय आर्जन वैदेशिक ऋण तिर्न प्रयोग गरिने जनाएको छ।

उज्बेकिस्तान

गुल्नारा हिरासतमा

तासकन्त, (एजेन्सी)

कुनै समय निकै शक्तिशाली मानिने उज्वेक पूर्वराष्ट्रपति इस्लाम कारिमोभकी पुत्री गुल्नारा कारिमोभा सन् २०१५ देखि भ्रष्टाचारको अभियोगमा हिरासतमा राखिएको सरकारी अधिकारीहरूले शनिबार पुष्टि गरेकाछन्। ४५ वर्षीया कारिमोभाले आफ्नो पिताको राजनीतिक सफलताका लागि ठूलै योगदान दिएकी थिइन्। तर उनी सन् २०१४ मा परिवारबाट अलग्गिएकी थिइन्। पूर्वराष्ट्रपति इस्लाम कारिमोभको भने गत वर्ष निधन भएको थियो। उनलाई नजरबन्दी बनाइएको अनुमान गरिएको छ। तर उनलाई राखिएको स्थान अझै अज्ञात रहेको छ।

जर्मनी

सुपरमार्केटमा हमला

ह्याम्वर्ग, (एजेन्सी)

जर्मनीको ह्याम्वर्गस्थित एउटा सुपरमार्केटमा छुरा प्रहार गरी एक व्यक्तिको ज्यान लिनुका साथै अन्य छ जनालाई घाइते बनाउने व्यक्ति इस्लामिक भएको शनिबार प्रहरीले जनाएको छ। प्रहरी प्रवक्ता एन्डी ग्रोटले ती व्यक्ति मुस्लिम भए पनि जिहादी नभएको बरु उनमा मानसिक असुन्तलन रहेको देखिएको जानकारी गराएकी छिन्। संयुक्त अरब इमिरेट्स (यूएई)मा जन्मेका तथा जर्मनीमा शरणार्थी बन्न असफल रहेका ती व्यक्तिले सुपरमार्केटका ग्राहकमाथि शुक्रबार आक्रमण गरेका थिए। प्रहरीले उनलाई बटुवाले नै नियन्त्रणमा लिएको बताएको छ।

नवाजकै भाइ शहवाज भावी प्रमका दाबेदार

इस्लामावाद, (एजेन्सी)

हालै भ्रष्टाचार अभियोगको कारण राजीनामा दिएका पाकिस्तानका प्रधानमन्त्री नवाज सरिफका भाइ शहवाज सरिफ आगामी प्रधानमन्त्रीका दाबेदार बनेका छन्। सत्तारूढ पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन)ले उनलाई भावी प्रधानमन्त्रीका रूपमा शनिबार अघि सारेको छ।

तर यसका लागि उनी पहिले राष्ट्रियसभामा निर्वाचित हुनुपर्नेछ। हाललाई भने पूर्व पेट्रोलियम मन्त्री शाहिद खाकान अब्बासीले अन्तरिम प्रधानमन्त्रीको हैसियतले काम गर्ने भएका छन्। पाकिस्तानको सर्वोच्च अदालतले भ्रष्टाचार अभियोगका कारण सरिफलाई अयोग्य घोषित गरेपछि उनले शुक्रबार पदबाट राजीनामा दिएका थिए।

सन् २०१५ मा भएको पानामा पेपर्स चुहावटपछि सरिफको परिवारको सम्पत्तिमाथि गरिएको छानविनबाट सर्वोच्चले उक्त आदेश दिएको हो। उक्त अनुसन्धान सरिफका सन्तानको विदेशमा रहेका कम्पनीहरूमाथि समेत केन्द्रित रहेको थियो। नवाजका भाइ ६५ वर्षीय शहवाज सरिफले पञ्जाव प्रान्तको गभर्नर पदबाट राजीनामा दिएर यसका लागि संसद्मा मध्यावधि चुनाव जित्नुपर्छ।

यसका लागि प्रधानमन्त्री पद रिक्त भएको ४५ दिन पुग्नुपर्छ। नवाज सरिफविरुद्ध ५ जना न्यायाधीशको इजलासले निर्णय सुनाएको थियो।

उक्त अदालतको निर्णयमा सरिफले सन् २०१३ को आम निर्वाचनका लागि उम्मेदवारी मनोनयन दाखिला गर्दा दुबईस्थित आफ्नो एउटा कम्पनीको आम्दानीबारे केही उल्लेख नगरी बेइमानी गरेको जनाइएको छ।

अदालतले सरिफ, उनकी पुत्री मर्यम र मर्यमका पति साफदार तथा अर्थमन्त्री इसाक दारलगायत अन्य थुप्रै व्यक्तिविरुद्ध भ्रष्टाचारको मुद्दा चलाउन अनुमति दिएको थियो। सरिफ पाकिस्तानमा तेस्रो पटक प्रधानमन्त्री बनेका थिए। यसअघि सन् १९९० को नोभेम्बरदेखि १९९३ को जुलाईसम्म र १९९७ को फेब्रुअरीदेखि १९९९ को अक्टोबरसम्म उनी प्रधानमन्त्री रहेका थिए। १९९९ मा उनलाई जनरल परवेज मुसरफले रक्तविहीन सैनिक विद्रोहबाट अपदस्थ गरेका थिए।

अमेरिकी रक्षा बजेटको ठूलो हिस्सा भियाग्रामा खर्च

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्विटर गर्दै सेनामा हिजडाहरूलाई प्रवेश नदिलाउने विवादास्पद अभिव्यक्ति दिइरहेका बेला सरकारी सेनामा यौन उत्तेजक औषधि भियाग्राबारे पनि प्रश्न उठ्न थालेको छ। ट्रम्पले हिजडाहरूको स्वास्थ्य उपचारमा धेरै पैसा खर्च हुने कारण तिनीहरूलाई यस सेवाबाट टाढै राख्न खोजिएको बताएका छन्।

दि मिलिटरी टाइम्स अखबारका अनुसार अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले वर्षेनी झन्डै ८ करोड ४० लख डलर यौन शक्तिवर्द्धक औषधि खरिदमा खर्च गर्ने गरेको छ। तर त्यसको विपरीत गत वर्ष ग्यान्ड कर्पोरेसन नामक एक बौद्धिक संस्थाले हिजडाहरूको स्वास्थ्य उपचारलाई लिएर सेनाको स्वास्थ बजेटमा अधिकतम ८४ लाख डलर मात्र बढ्न जाने बताएको थियो। तर अमेरिकी रक्षा विभागले लिंग उत्तेजित गर्ने यस औषधिमा किन यति धेरै खर्च गर्दछ त ? सन् २०१४ को रक्षा स्वास्थ्य निकायको तथ्यांकमा आधारित सन् २०१५ को फेब्रुअरीमा सार्वजनिक भएको मिलिटरी टाइम्सको प्रतिवेदनले यो वास्तविकता खोलेको हो। उक्त प्रतिवेदनमा सन् २०११ यता भियाग्रा, सियालिस र अन्य यौन उत्तेजक औषधिका लागि मात्र रक्षा मन्त्रालयले २९ करोड ४० लाख डलर खर्च गरिसकेको जनाइएको छ।

जुन रकमले केही लडाकू जेट

विमान नै खरिद गर्न पुग्छ। सन् २०१४ मा स्वास्थ्य उपचार सम्बन्धमा करिब ११ लाख ८० हजार डाक्टरी सिफारिसपत्र प्राप्त भएको थियो। त्यसमध्ये पनि सबैभन्दा बढी सिफारिस भियाग्राका लागि प्राप्त भएको थियो। तर त्यति धेरै परिमाणमा सिफारिस कसका लागि प्राप्त भएको थियो भन्ने स्पष्ट भएको छैन।

तीमध्ये केही औषधि कार्यरत र सक्रिय फौज र कर्मचारीलाई गएको भने पक्कै हो। तर बाँकी थुप्रो परिमाणमा भियाग्रा अन्य समूहमा पुगेको बताइएको छ। यसरी भियाग्रा प्राप्त गर्नेमा लाखौं अवकाश प्राप्त सैनिक र तिनका सम्बन्धित परिवार रहेका छन्।

वास्तवमा सन् २०१२ मा मात्र पेन्टागनले अनुमानित १ करोड व्यक्तिलाई लक्षित गर्दै स्वास्थ स्याहार प्राणलीअन्तर्गत ५२ अर्ब डलर खर्च गरेको थियो। वृद्ध पुरुषहरूमा लिंग उत्तेजनामा समस्या आउने भएकाले सबैभन्दा ठूलो बिल अवकाश प्राप्त सैनिकका लागि खर्च भएको स्पष्ट हुन्छ।

दि मिलिटरी टाइम्सका अनुसार हाल कार्यरत सैनिकका लागि यसमा १० प्रतिशतभन्दा कम पैसा खर्च भएको छ। तर इराक र अफगानिस्तान युद्ध शुरू भएयता भने यौन उत्तेजना समस्या भएका अमेरिकी सेनाको संख्या बढ्दै गइरहेको छ।

भाइरल पान्डा भिडियोप्रति आक्रोश

बेइजिङ, (एजेन्सी)

चीनको चेंगडुस्थित एउटा चर्चित अनुसन्धान केन्द्रमा दुईवटा पान्डाको बच्चालाई दुर्व्यवहार गरिएको एउटा भिडियोलाई लिएर चीनभरि नै जन आक्रोश फैलिएको छ। अहिले चीनको सामाजिक सञ्जालमा भाइरल भइरहेको उक्त भिडियोमा सो केन्द्रका एकजना कर्मचारीले ती दुईवटै पान्डाको डमरुलाई घिसार्दै पसार्दै गरेको देखिन्छ।

चिनियाँ जनताले जनावरमाथिको क्रुरतालाई लिएर आलोचना गरिरहेका छन्। तर ती पान्डा हेरचाह गर्ने गुओ जिङपेङ नामक व्यक्तिले ती डमरु निकै आक्रामक र हिंसात्मक रहेको भन्दै सो कार्यबारे सफाइ पेस गरेका छन्। गुओले सरकारी समाचार निकाय सिन्ह्वालाई बताएका छन्- 'त्यस भिडियोमा खाना खुवाउने क्रममा तिनीहरूले मलाई टोकेको चाहिँ देखाइएको छैन। मलाई एउटा डमरुले हातमा बेस्सरी टोकेको थियो। घाउबाट रगत नै बग्न थालेको थियो। अहिले पनि हातमा त्यस चोटको खत बाँकी नै छ। दोस्रो पटक टोक्न खोज्ने डमरुलाई मैले प्रतिरक्षा स्वरूप पर घच्याडेको कुरा सत्य हो। जुलाईको शुरुतिर खिचिएको उक्त भिडियो भाइरल भएपछि सबैले मलाई नै गलत ठहराएका छन्।'

गुओले स्थानीय सञ्चारमाध्यमलाई भनेका छन्- 'अनलाइन समुदायले हामीले पान्डालाई माया नै गर्दैनौं भनी दाबी गऱ्यो। तर यस प्राणीलाई मनपराउने भएकाले नै हामीले यहाँ बसेर काम गर्ने निर्णय गरेका हौं। मैले पान्डालाई फाल्नुको कारण स्पष्ट गर्न खोजेको छु।'

चीनको प्रतीककै रूपमा लिइने पान्डा सरकारी तबरमा निकै संरक्षित प्रजाति हो। सिचुवान प्रान्तको चेंगदु पान्डा आरक्षण केन्द्र सरकारले सञ्चालन गर्दै आएको हो। सो केन्द्रले भने आफ्नो कर्मचारी गुओलाई टोके पनि चिथोरे पनि पान्डलाई कुनै नराम्रो व्यवहार नगर्न निर्देशन दिएको छ।

नियन्त्रित मदिराबाट मधुमेहको खतरा न्यून

लन्डन, (एजेन्सी)

डेनिस अनुसन्धानकर्ताहरूले हालै गरेको एक अध्ययनले कहिल्यै पनि मदिरा सेवन नगर्ने भन्दा एक साताको तीनदेखि चार पटकसम्म थोरै मात्रामा पिउने व्यक्तिहरूलाई टाइप २ डायबिटिज लाग्ने सम्भावना कमै हुने देखाएको छ।

त्यसमा पनि वियर, ह्विस्की, जिन वा भोड्काभन्दा वाइन पिउनु अझै हितकर हुने बताइएको छ।

डायबेटोलोजियामा प्रकाशित प्रतिवेदनमा वाइनले शरीरको चिनीको मात्रालाई नियन्त्रणमा राख्ने जनाइएको छ। ती अनुसन्धानकर्ताले ७० हजार जनाभन्दा बढी व्यक्तिले गर्ने मदिरा सेवनको परिमाण र पटकमाथि गम्भीर अध्ययन गरेका थिए। तर विशेषज्ञहरूले यसो भन्दैमा चिकित्सकले सिफारिस गरिएभन्दा बढी पिउनु नहुने बताएका छन्।

तर पब्लिक हेल्थ इंग्ल्यान्डले भने मदिरा सेवनको कारण केही क्यान्सरलगायत मुटु र कलेजोको रोग लाग्ने जनाएको छ। पब्लिक हेल्थ यंगल्यान्डकी महिला प्रवक्ताले मानिसहरूले पिउने बेला आफूले कति पिउनु राम्रो होला भनी राम्ररी सोच्नुपर्ने बताएकी छिन्।

यस अनुसन्धानको नेतृत्व गर्ने युनिभर्सिटी अफ साउदर्न डेनमार्कको नेसनल इन्स्टिच्युट अफ पब्लिक हेल्थका प्राध्यापक जान्ने टोल्स्टुपले ५ वर्ष लगाएर गरिएको अध्ययनमा पिउने परिमाण र पटकको नै स्वास्थ्यमा बढी प्रभाव पर्ने गरेको बताएका छन्।

रेड वाइनमा हुने पोलिफेनोल्स नामक तत्त्वले मानव शरीरको रगतमा चिनीको मात्रा सन्तुलनमा ल्याउने बताइएको छ। तर उनले मदिराको अन्य विभिन्न रोगसँग पनि प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार हुने हुनाले सकेसम्म यसबाट टाढै बस्नु बुद्धिमानी हुने पनि बताएका छन्।

उत्तर कोरियाको अमेरिकालाई चेतावनी

सोल, (एजेनसी)

उत्तर कोरियाले हालै आफूले गरेको अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र (आईसीबीएम)को सफल परीक्षणको स्वागत गर्दै यसको प्रमुख लक्ष्य नै संयुक्त राज्य अमेरिकालाई चेतावनी दिनु रहेको जनाएको छ।

उत्तर कोरियाका नेता किम जोङ उनले यस परीक्षणले अमेरिकाको सम्पूर्ण भूभागमा अब उत्तर कोरियाको मार हान्ने पहुँचभित्र रहेको प्रमाणित गरेको बताएको उत्तरको सरकारी समाचार निकाय कोरियन सेन्ट्रल न्युज एजेन्सीले शनिबार जनाएको छ।

उत्तर कोरियाले पहिलो आईसीबीएम परीक्षण गरेको तेस्रो सातापछि अर्को क्षेप्यास्त्रको परीक्षण प्रक्षेपण गरिएको हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली सरकारले पुनः

अनावश्यक र खतरनाक काम गरेको भनी टिप्पणी गरेका छन्।

चीनले पनि उत्तरको पछिल्लो क्षेप्यास्त्र परीक्षणको आलोचना गर्नुका साथै तनाब चर्काउनुभन्दा सम्पूर्ण सम्बन्धित पक्षले संयमित भएर समस्याको समाधान गर्नुपर्ने विचार व्यक्त गरेको छ।

२०७४, साउन
आईतबार
१५

> सुदूरपश्चिमको क्षेत्रीय सदरमुकाम दीपायलमा रहेको कृषि सामग्री कम्पनीमा ठूलो ट्रक जाने बाटो नभएका कारण सयौं क्विन्टल युरिया मल फिर्ता भएको छ।

नेपाल

राजपाको केन्द्रीय समिति बैठक हुँदै

नेपाल समाचारपत्र

काठमाडौं

निर्वाचन आयोगमा दर्ता भएपछि पहिलोपटक बस्न लागेको राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको केन्द्रीय समिति बैठक काठमाडौंमै हुने भएको छ। यसअघि वीरगन्जमा हुने भनिएको केन्द्रीय समिति बैठक साउन २२ देखि २४ गतेसम्म काठमाडौंमा हुने भएको छ।

बबरमहलस्थित एक बैंक्वेटमा केन्द्रीय समिति बैठक हुने राजपाका महासचिव केशव झाले बताउनुभयो। केन्द्रीय समिति बैठकको शुरुमा ६ वटै अध्यक्षले धारणा राखेपछि समूह बनाएर रिपोर्टिङ हुनेछ। त्यसपछि निर्णयहरू लिइनेछ। बैठकमा प्रस्तुत हुने दस्तावेजहरूको टुंगो लाग्दै छ। केन्द्रीय समिति बैठकमा जिल्लाका अध्यक्ष मण्डलका सदस्यहरूलाई पनि आमन्त्रित गरिएको छ। झाले १८ देखि २० गतेसम्म पदाधिकारी बैठक बबरमहलस्थित पार्टी कार्यालयमा बस्ने जानकारी दिनुभयो।

त्यस्तै, एकीकृत भएका ६ वटै पार्टीका भातृ संगठनको समायोजन बैठक २१ गते हुने भएको छ। उक्त बैठकबाट सबै पार्टीका भातृ संगठनहरूलाई समायोजन गरेर महाधिवेशनको मिति तय गरिनेछ।

नयाँ शक्तिका नेताहरूले पार्टी छाडे

नेपाल समाचारपत्र

रुकुम

नयाँ शक्ति नेपालका दलित नेताहरूले सामूहिकरूपमा राजीनामा दिएका छन्। नयाँ शक्तिसम्बद्ध दलित शक्ति नेपालका संयोजकसहित जिम्मेवार नेताहरूले राजीनामा दिएका हुन्। उनीहरूले पनि दलित समुदायको हितका लागि कुनै काम गर्न नसकेको आरोप लगाउँदै राजीनामा दिएका हुन्।

'दलित समुदायको सार्थक सहभागिता, प्रतिनिधित्व र उनीहरूको राजनीतिक व्यवस्थापन हुन नसक्दा नयाँ शक्ति नेपाल पनि पुरानै सामन्ती प्रवृत्तिबाट अछुतो रहन सकेन', विज्ञप्तिमा भनिएको छ- 'नयाँ शक्ति पनि पुरानै सामन्ती शैलीमा हिँडेको, राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण र दलित समुदायका सवालहरू ओझेलमा पर्ने देखिएको हामीले आफ्ना पदबाट सामूहिक राजीनामा दिएका छौं।'

यसरी नयाँ शक्ति पार्टी नेपालको सबै जिम्मेवारीबाट सामूहिक राजीनामा दिनेहरूमा दलित शक्ति नेपाल केन्द्रीय समिति संयोजक सुशीला शेर्पाली, संगठन विभाग प्रमुख दीपेन्द्र विक 'मुस्कान', केन्द्रीय प्रवक्ता दलमर्दन कामी, प्रचार विभाग प्रमुख गणेश विक चिन्तन, केन्द्रीय कार्यालय सचिव महेन्द्रसुनार रहनुभएको छ।

उहाँहरू सबै नयाँ शक्ति पार्टीका केन्द्रीय सदस्य हुनुहुन्थ्यो।

वीरगन्ज–पथलैया सडक विस्तार हुने

कृष्णउदास खनाल, वीरगन्ज

अत्याधिक सवारी दुर्घटना हुने सडकको रूपमा चिनिने वीरगज-पथलैया सडकखण्डको परवानीपुरदेखि गण्डक चोकसम्म ४ लेनको सडक विस्तार कार्य आगामी मंसिरदेखि शुरू हुने भएको छ।

सडक विस्तार कार्यका लागि आह्वान भएको बोलपत्रमा ८ वटा ठेकेदार कम्पनीले बोलपत्र दर्ता गराएको र एक महिनाभित्र ठेक्का प्रक्रिया थालिने योजना कार्यालयले जनाएको छ। ४ लेनको सडक विस्तारका लागि करिब ४० करोड रुपियाँको लागतमा कार्यालयले गत जेठ २९ गते बोलपत्र अह्वान गरेको थियो। बोलपत्रको एक महिनाको समय सीमामा पप्पु रकनटेक, सपना, आशिष र रोशन, बिरुवा र कञ्चन, मोतीदाना, आश्रयलगायत ८ वटा कम्पनीले बोलपत्र हालेका छन्। ठेकेदार कम्पनीहरूको मूल्यांकनको काम चलिरहेको छ २०/२५ दिनमै ठेक्का प्रक्रिया पूरा भई ठेकेदार कम्पनीहरूसँग सम्झौता हुनेछ।

२५/२५ मिटर दायाँ-बायाँ सडकको विस्तार कार्य हुनेछ। चार लेन सडकको बीचमा चार मिटरको हरित क्षेत्र (डिभाइडर) हुन्छ। डिभाइडरको दायाँ-बायाँमा समान ११ मिटर चौडा साढे ३/३ मिटरको ७ मिटरको २ लेन सडक र ४ मिटरको फुटपाथ बनाइनेछ। दायाँबायँ दुवै र डिभाइडरको चौडाइ जोडने हो भने ४ लेन सडकको चोडाइ २६ मिटरको हुनेछ।

सडक विस्तारका लागि २ वर्षको समयावधि तोकिएको छ। काम सम्पन्न भएपछि वीरगन्ज-पथलैया सडकको ट्राफिक व्यवस्थापनमा सहयोग मिल्नेछ। साथै परवानीपुरदेखि गण्डकसम्म हुने ट्राफिक जामबाट पनि मुक्ति पाइने चालकहरूले बताएका छन्।

यसैबीच परवानीपुर-गण्डक सडक किनारको अधिकांश जग्गा अतिक्रमित भएका कारण समस्या भएको छ। सडकको दुवै छेउमा पसल, टहरा, पक्की भवनलगायत विभिन्न भौतिक संरचना खडा गरी जग्गा मिचिएकाले सडक विस्तार कार्य अघि बढे पनि समस्या भइरहेको डिभिजन सडक कार्यालय, हेटौंडाले जनाएको छ ।

बजेट सक्न अवहेलना

जलेश्वर, (नेस)

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले बजेट सक्न अदालतको अवहेलना गर्दै निर्माण कार्य जारी राखेको छ। जलेश्वरनाथ महादेव मन्दिरको मूलद्वारमा कुदिएका कलाकृति नाश हुन नदिन उच्च अदालत जनकपुरले साउन ५ गते निर्माण कार्य रोक्न आदेश दिएको थियो। तर, उक्त आदशेको अवहेलना गर्दै बृहत्तरका अध्यक्ष एवं नयाँ शक्ति पार्टी नेपालका नेता रामकुमार शर्माले निर्माण कार्य जारी राखेका छन्।

उच्च अदालत जनकपुरले सम्पूर्ण कागजातसहित अदालतमा उपस्थिति हुन र साउन १६ गतेसम्मका लागि आदेश जारी गरे पनि मन्दिरको गेट निर्माण कार्य रोकिएको छैन।

जलेश्वर १ का जुगनु भनिने राम विलास मेहतरीले धार्मिक, ऐतिहासिक तथा पौराणिक सम्पदा जलेश्वरनाथ मन्दिरको मुख्य सिंहद्वार भत्काएको विरुद्धमा जनकपुर क्षेत्र विकास परिषद् कार्यालय तथा अध्यक्ष, जिल्ला प्रशासन कार्यालय, ठेकेदार, जलेश्वर नगरपालिका र गुठी कार्यालयमाथी उच्च अदालत जनकपुरमा रिट दिएका थिए।

रिटमाथि सुनुवाई गर्दै उच्च अदालतले पहिलोपटकको छलफलमा विपक्षीहरूलाई अदालतमा उपस्थित हुन आदेश जारी गरेपनि बृहत्तरका अध्यक्ष रामकुमार शर्मा अनुपस्थित रहेका थिए। विपक्षबाट पर्याप्त सबुत प्रमाणहरू पेस नगरिँदा उच्च अदालतले निषेधाज्ञा आदेश जारी गरेको थियो।

न्यायाधिश नारायणप्रसाद पोखरेल र ठाकुरप्रसाद शर्मा पौडेलको संयुक्त इजलासले साउन १६ गते मूलद्वार निर्माण सम्बन्धमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को फाइल, सोको ठेक्कासम्बन्धी सक्कल फाइल तथा गुठीको राय तथा सिभिल र आर्किटेक इन्जिनियरले बनाएको नक्सासमेतका साथ छलफलमा बोलाएको छ।

हत्यारामाथि कारबाही माग गर्दै चौकी घेराउ

नेपाल समाचारपत्र

बारा

छिमेकीको घरमा मृत फेला परेका एक किशोरको हत्या गरिएको भन्दै दोषीमाथि कारबाहीका लागि स्थानीयले शनिबार इलाका प्रहरी कार्यालय निजगढ घेराउ गरेका छन्।

निजगढ नगरपालिका-५ का मनोज सापकोटाका १६ वर्षीय छोरा निसानको छिमेकी विचारी थापाको घरमा शव फेला परेपछि आक्रोशित स्थानीयले थापा परिवारका सदस्यमाथि कारबाहीको माग गर्दै बिहान १० बजेबाट ४ बजेसम्म चौकी घेराउ गरेका हुन्। आक्रोशित भीडले पूर्व-पश्चिम राजमार्गमा २ घण्टा सवारीसमेत अवरुद्ध पारेका थिए। स्थानीयको अवरोधका कारण शवको पोस्टमार्टसमेत हुन सकेको छैन।

स्थानीय सार्वजनिक मावि कक्षा ८ मा अध्ययनरत निशानको घरको माथिल्लो तलामा शुक्रबार साँझ ५.३० बजे घाटी रेटेको अवस्थामा शव फेला परेको थियो। थापासहित श्रीमती विमला र १३ वर्षीय छोरी विपनाको मिलेमतोमा हत्या भएको स्थानीयको आरोप छ। प्रहरीले थापा परिवारका एक नाबालक छोरासहित चार अन्य दुई जनालाई नियन्त्रणमा लिएर अनुसनधान भइरहेको जानकारी दिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक दिलीप घिमिरेले घटना रहस्यमय रहेको र वास्तविकता बाहिर आउन केही समय लाग्ने बताए। डीएसपी घिमिरेले प्रारम्भिक अध्ययनबाट घटना हत्या वा आत्माहत्या पनि हुनसक्ने देखिएकाले अहिले नै यकिन गर्न नसकिने बताए।

गाडी छिर्ने बाटो नहुँदा मल फिर्ता

विमल विष्ट, डोटी

सुन्दा पनि अचम्म लाग्नसक्छ। सुदूरपश्चिमको क्षेत्रीय सदरमुकाम दीपायलमा रहेको कृषि सामग्री कम्पनीमा ठूलो ट्रक जाने बाटो नभएका कारण सयौं क्विन्टल युरिया मल फिर्ता भएको छ।

यहाँका किसानहरूका लागि भैरहवाबाट मगाइएको ६ सय ४० क्विन्टल मल लिएर आएका ३ वटा लोड एलपी ट्रक कार्यालयसम्म पुग्न नसक्दा राजमार्गको बाटोबाटै फिर्ता भएको कृषि सामग्री कम्पनी, दीपायलका प्रमुख कुम्भराज जोशीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'किसानका लागि मल मगाएका थियौं, कार्यालयसम्म आउने बाटो नहुँदा रोकिएका छन्, अब ती लोड ट्रक कैलाली जान्छन् वा भैरहवा फर्किन्छन् थाहा छैन।' कार्यालयसम्म ठूलो ट्रक जाने बाटो नहुँदा मल फिर्ता भएपछि स्थानीय किसान मर्कामा परेका छन्। कृषि सामग्री कम्पनीमा ठूलो ट्रक जाने बाटो नभए पनि साना जिप तथा ट्याक्टरहरू भने निर्बाध रूपमा चलिरहेका छन्। ठूला गाडीहरू कार्यालयसम्म जाने बाटोमा नछिरे पनि साना गाडीहरूमा मल अन्लोड गरी कार्यालयसम्म किन पुऱ्याइएन यो भने चासोको विषय बनेको छ।

यति मात्र नभई दीपायलका लागि भैरहवाबाट ४ वटा युरिया मलका गाडी लोड भएको कृषि सामग्री कम्पनी प्रमुख जोशीले बताउनुभयो। उहाँले भन्नुभयो- 'मल कम्पनीसम्म भित्र्याउनका लागि नगरपालिकालगायत विभिन्न निकायमा पहल गरेको छु, दीपायलस्थित एरपोर्टको बाटोमा ग्राभेल गरेर भए पनि फिर्ता हुन लागेका गाडी भित्र्याउने कोशिस गर्दै छौं।' उता डोटीका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बाटो नभएकै कारण मलका गाडी फिर्ता नहुने बताउनुभयो।

ज्यानको बाजी राखेर नदीमा बालुवा संकलन गर्दै

नन्दराम जैशी, जुम्ला

जुम्ला चन्दननाथ नगरपालिका-१ कुलालवाडा गाउँका महिलाहरू आफ्नो ज्यानको बाजी राखेर नदिमा बालुवा संकलन गर्दै छन्। गाउँ नजिकै रहेको दानसाँघु नदीमा महिलाहरू आफ्नो ज्यान जोखिममा राखेर जीविकोपार्जनका लागि बालुवा संकलन गर्दै आएका हुन्। घरमा खेतिपाती गर्नका लागि जग्गा नभएको बताउने उनीहरू विगत केही दिनयता नदीबाट बालुवा निकाल्दै आएका छन्। हरेक दिन बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म महिलाहरू नदिमा बालुवा निकाल्नमा व्यस्त देखिन्छन्।

साउने भेलमा आफ्नो ज्यान जोखिममा राखेर बालुवा निकाल्दै गरेकि गौंकली कुलालले भनिन्- 'दुःख नगरे एकछाक पनि घरमा खान पुग्दैन, घरमा खेतीपाती गर्नका लागि जग्गा पनि छैन, ज्याला मजदुरी नगरी एकसरो लुगाफोटा फेर्न पनि मुश्किल हुन्छ।' नदिको भेलसँग काम गर्नुपरेकाले कतिबेला के हुन्छ भन्ने आफैंलाई थाहा नभएको भन्दै उनले दुःख पोखिन्। उनले भनिन्- 'प्रतिट्ली ट्याक्टर बालुवाको ४ हजार ५ सय रुपियाँमा बेच्ने गर्छौं। खासै त्यसले पनि परिश्रमअनुसार फाइदा हुँदैन। त्यसैमा पनि ५ सय रुपियाँ कर तिर्नुपर्छ, र ५ सय रुपियाँ जग्गावालालाई दिनुपर्छ।'

उनले साउन महिनाभरि बालुवा निकालेमा ३५ हजार जति कमाइ हुने बताइन्। 'एक महिना बालुवा निकालेको पैसाले के पुग्थ्यो र, तर घर खर्चका लागि भए पनि काम गर्न पऱ्यो' -उनको भनाइ छ। उनीजस्तै गाउँका अन्य ४० जना बढी महिलाहरूको दिनचर्या बालुवा निकाल्नमा वित्ने गरेको छ। लुगाफाटो फेर्नकै लागि भए पनि कुलालबाडा गाउँका ४५ घरधुरीका सबै महिलाहरू बालुवा निकाल्नमा व्यस्त छन्।

चुटुका कुलालले भनिन्- 'नदीमा बालुवा निकाल्न महिलाहरू आफैं जान्छन्, भनेर सोच्छन्। तर हामी नदीमा जानु साहस नभएर बाध्यता हो। छोराछोरीको पढाई-लेखाई र रोजीरोटीका लागि नदीमा डर मान्दै बालुवा निकाल्ने गरेको उनले तीतो अनुभव सुनाइन्। 'काम नगरी भोको पेटलाई पाल्ने जुक्ति नभएको चुटुकाको भनाइ छ। जीवनमा धेरै दुःख पाएको कथा सुनाउँदै उनले भनिन्- 'घरको अवस्था राम्रो भएको भए, किन शीतमा भिजेर बालुवा निकाल्नुपर्थ्यो। कहिले भोको पेट त, कहिले खाना खाएर बिहानैदेखि बालुवा निकाल्न चन्दननाथ नगरपालिका-१ कुलालवाडा गाउँका महिलाहरूको बाध्यता छ।'

'जनतालाई कुरा बुझाउन नसक्नु हारको मुख्य कारण'

बुटवल, (नेस)

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रभावशाली नेता बालकृष्ण खाँणले कांग्रेसले गरेका र गर्न खोजेका कामका बारेमा जनतालाई राम्रोसँग बुझाउन नसक्दा स्थानीय निकायमा अपेक्षाकृत परिणाम आउन नसके पनि कांग्रेसले सबैका समस्या र मागलाई समान रूपमा अगाडि बढाउने बताउनुभएको छ।

कांग्रेस कुनै निश्चित वर्ग, समुदाय र जातमा मात्र नभई सबैको साझा पार्टी भएकाले आफूहरूले निर्वाचनमा पनि साझा मुद्दाहरू उठाएको, तर त्यसलाई राम्रोसँग बुझाउन नसकिएको उहाँको स्पष्टोक्ती थियो। नेपाली कांग्रेस, सिद्धार्थ नगर समिति भैरहवाले शनिबार आयोजना गरेको निर्वाचित जनप्रतिनिधिको स्वागत तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले चौतर्फीरूपमा कांग्रेसमाथि आक्रमण भइरहेको बेला पनि यत्तिको परिणाम आउनु निराशाजनक भने नभएको बताउनुभयो।

उहाँले कांग्रेसलाई थप मजबुत बनाउन पार्टी भित्र पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्ने भन्दै त्यो सबैका लागि लागू हुनुपर्नेमा जोड दिनुभयो। अनुशासन माथिबाटै पालना हुनुपर्ने र भंग गर्नेलाई पनि माथिबाटै कारबाही थालिनुपर्ने भन्दै यसपटक त्यसको शुरुआत हुने बताउनुभयो। अर्को एक प्रसंगमा पूर्वरक्षामन्त्रीसमेत रहेका खाँणले राष्ट्रियता र सीमाको रक्षा गर्ने काम विगतदेखि सीमा क्षेत्रकै बासिन्दाले गर्दै आएकाले उनीहरूको योगदानको अवमूल्यन गर्न नहुने जिकीर गर्नुभयो। उत्तरको सीमा सरंक्षण उत्तरका बासिन्दा र दक्षिणको सीमा संरक्षण दक्षिणका बासीले गरेको भन्दै नेपाल सबैको साझा भएको उहाँले बताउनुभयो। एमाले दक्षिण सीमाबासीको मुद्दामा गम्भीर नभएको र सधैं अपहेलनाको दृष्टिले हेरको भन्दै उहाँले कांग्रेस सबै नेपालीले सामान हक-अधिकार पाउनुपर्छ भन्ने पक्षमा रहेको बताउनुभयो।

तराईमा द्वन्द्वको अन्तय गरी शान्ति ल्याउन सविधान संशोधन अनिवार्य रहेको भन्दै संविधान संशोधन कुनै समुदाय विशेषको नभई नेपाली र नेपालको हितमा रहेको बताउनुभयो। सविधान संशोधनको भित्री मर्म र उद्देश्यलाई बुझ्दा बुझेदै पनि एमालेले बुझेको नबुझेझैं गरी तराईलाई अपहेलित र उपेक्षित गर्दै आएको उहाँको आरोप थियो।

चुनाव...

प्रधानमन्त्री देउवाले डा. गोविन्द केसीले विभिन्न माग राख्दै गरिरहेको अनशनको सम्बोधन गर्न सरकार सकारात्मक भएको र आफूले टोली खटाइरहेको समेत सो अवसरमा बताउनुभयो।

प्रधानमन्त्री देउवाले अहिले सशक्त ढंगले आइरहेको सामाजिक सञ्जालमा आएका कुरालाई पनि आफ्नो सचिवालयले हेरिरहेको बताउँदै भन्नुभयो- 'मैले सचिवालयलाई सशक्त बनाउन लागेको छु।' उहाँले आफूले ब्रोडसिट दैनिक पत्रिकाहरु नियमितरूपमा हेरिरहेको समेत बताउनुभयो।

तीन...

तास खेल्ने खेलाउनेलाई जुवा ऐन २०२०, जुवा वा सट्टाबाजी खेल्ने वा खेलाउने कार्य नियन्त्रण गर्न बनेको विधेयक २०७० ले कानुनी कारबाहीको समेत व्यवस्था गरेको छ भने उक्त कार्य गैरकानुनी र सामाजिक अपराध हो। ऐनले जुवा भन्नाले सम्पत्ति हार्ने वा जित्ने गरी कुनै आधारमा बाजी थापी खेलेको खेल भन्ने सम्झनुपर्दछ भनी व्याख्या गरेको छ।

तर अहिले मोबाइल एप्लिकेसनका रूपमा एक जना व्यक्तिले मात्रै पनि तासका विभिन्न खेलहरु खेल्न सकिन्छ।

साझा...

सञ्चालक समितिमा अध्यक्ष रहेका शर्माले एमाले नेता प्रदीप नेपाल, माओवादी केन्द्रका दीनानाथ शर्मा, साहित्यकार कृष्णहरि बराल, विजय सुब्बा, जीवनचन्द्र कोइराला र हरिहर खनाललाई फन्दामा पारेर विभिन्न निर्णय गर्ने गरेका छन्। सञ्चालक समितिको बैठकमा एउटा निर्णय गराउने तर पछि अर्को थपेर नया निर्णय गराउने गरेको खुलासा भएको छ। अहिले मनपरी गरेको जानकारी हुन थालेपछि सञ्चालकले बैठक सकिएपछि माइन्युट गरेर निर्णय सुनेपछि मात्रै बैठक सम्पन्न गर्ने गरेका छन्। बैठकमा समेत आमन्त्रीतको नाममा मनपरी व्यक्ति बोलाउने गरेको स्रोतको भनाइ रहेको छ। कहिले त्रिविको नेपाली विभागको प्रमुख त कहिले पाठ्यक्रम विकास केन्द्रका प्रमुखलाई बैठकमा डाकिन्छ। कहिले शिक्षा विभागका महानिर्देशक कहिले त्रिविको अंग्रेजी विभागका प्रमुखलाई समेत आमन्त्रित सदस्यको रूपमा बोलाउने गरिएको छ। यतिसम्म कि कानुनविद् हरि उप्रेतीलाई समेत बैठकमा बोलाइएकोमा उनले आग्रह अस्वीकार गरेको बुझिएको छ। सबैलाई साथमा लिन आमन्त्रितको रूपमा भीडभाड गराइन्छ' -स्रोतले भन्यो। सात सदस्यीय सञ्चालक समिति मात्रै वैधानिक हुन्छ। मनपरी आमन्त्रितको रूपमा बोलाएर गरिएको बैठकले गरेको निर्णय वैधानिक हुने वा नहुने भन्ने विषयमा गम्भीर प्रश्न उठेको छ।

त्यति मात्रै होइन साझाले कुनै पनि प्रक्रिया पूरा नगरी सामान खरिद गर्ने गरेको खुलेको छ। कुनै पनि सामग्री खरिद गर्नुपर्दा कर्मचारीले माग गर्ने, सिफारिस गर्ने, त्यसपछि स्वीकृत गरी खरिद गर्ने प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ तर अध्यक्ष शर्माले आफूखुसी सामग्री खरिद गर्ने गरेको खुलेको छ। साढे २ वर्षदेखि अध्यक्ष एवं महाप्रबन्धकको भूमिकामा रहेका शर्माको कार्यकालमा निजीले पाठ्यपुस्तक छपाई दिने भने तापनि हालसम्म दिएका छैनन्। तत्कालीन उच्च माध्यामिक शिक्षा परिषद्सँग सम्झौता भएको सबैको नेपाली पुस्तकका लाखौं रुपियाँ भ्रष्टाचार गरेको आरोप लागेका शर्माले 'एक चिहान' पुस्तक छपाई गरेर बजार पठाए पनि त्यसमा एकमात्रै अधिकार प्रदायक संस्था साझा प्रकाशनको लोगो नै छैन।

त्यसमा पनि लाखौं रुपियाँ भ्रष्टाचार भएको आशंका गरिएको छ। कैयौं सहित्यकारको पुस्तक छपाई गर्ने सम्झौता हुन्छ। लोगो साझाकै हुन्छ तर कहाँबाट छापिन्छ जानकारी नै हुँदैन' -एक कर्मचारीको भनाइ थियो। पछिल्लो समय पार्टीका नेताको चाकडी गर्न माहिर रहेका अध्यक्ष डोलेन्द्रले साझा प्रकाशनलाई डुबाउन खोजेको कर्मचारीको आरोप छ। साहित्यकारको सम्मान गर्नुपर्छ भन्ने वकालत गर्दै हिँड्ने अध्यक्ष शर्माको पछिल्लो क्रियाकलाप देखेर सञ्चालक समितिसमेत दिक्क भइसकेको कर्मचारीहरु बताउँछन्।

उता अध्यक्ष शर्माले नेपाल समाचारपत्रसँगको कुराकानीमा आफूमाथि लागेका आरोप आधारहीन भएको जिकीर गरेका छन्। उनले भने- 'साझाले प्रगति गर्न थालेपछि डाह गर्न थालेका हुन्।' उनले आफूले ११ वर्षदेखि हुन नसकेको लेखा परीक्षण गर्नकै लागि ठूलो संख्यामा कर्मचारी भर्ती गरेको स्वीकार्दै भने- 'भदौमा अडिट रिपोर्टको प्रतिवेदन प्राप्त भएपछि ती कर्मचारी हटाउनेछौं। तर साझामा कार्यरत अधिकांश नयाँ कर्मचारीलाई अडिटबाहेकको काम लगाइएको छ।'

जनक शिक्षाले वेब मेसिन भाडामा लिएर सञ्चालन गर्न हुने अनि मैले अल्पाइनबाट रकम नै नलिई मेसिन राख्न नहुने ? सबै प्रगति देख्न नसकेर आतिएका कर्मचारी र अन्यको आरोप हो। उनले आफै सञ्चालक रहेको अल्पाइनबाट वेब मेसिन ल्याएर साझामा स्थापना गरेको स्वीकारेका छन्। आफूले छनौट गरेका ६९ जना कर्मचारी नियमअनुसार भएको दाबी गर्दै आफूले गलत गरेको भए कारबाहीको भोगी हुन तयार रहेको स्पष्ट पारे। सञ्चालक समितिका सदस्य एवं पूर्वमन्त्री प्रदीप नेपालले अध्यक्षले गरेको काम सही भएको विश्लेषण गर्दै अडिटको लागि कर्मचारी भर्ति गरेको स्वीकारे।

माइन्युटमा जस्ताको तस्तै निर्णयमा हस्ताक्षर गर्ने गरेको र साझाले छपाई गर्न नसकेका पुस्तक अन्य प्रेसबाट छपाई गरी साझा प्रकाशनमा ल्याउने गरेको बताए। नयाँ नियुक्ति भएका कर्मचारीलाई भदौ वा असोजबाट बिदा दिने भनिएको छ, अडिट भएपछि ती कर्मचारी बिदा हुनेछन्। डोलिन्द्रको निर्णयप्रति सन्तुष्ट रहेको बताउने नेपालले कृति बढी छपाई हुन थालेपछि केही बुक बाइन्डरसमेत थप गरेको जिकीर गरे।

अर्थ

विद्युत्गृह, टर्बाइन, जेनेरेटर, कन्ट्रोलर उपकरण जडान गर्ने काम भइरहेको छ। इलेक्ट्रोमेकानिकल ठेकेदार भेजियाङले २०७३ पुस १६ गते काम सक्ने गरी प्राधिकरणसँग चौथोपटक म्याद थप गरेको थियो।

हिमाल स्टील आजको भाउ

ज्योति

	टोरस्टिल			टि. एम. टि. टेम्पकोर			टोरकारी	एनिल्ड
	८ मि.मि.	१०-२० मि.मि.	२५-३२ मि.मि.	८ मि.मि	१०-२० मि.मि	२५-३२ मि.मि.	४.७५-७ मि.मि.	
काठमाडौं	७७.८५	७६.८५	७९.३५	७८.३५	७५.३५	७७.८५	७७.६५	८७.२२
बीरगंज	७५.९५	७४.९५	७७.४४	७६.४५	७३.४५	७५.९४	७५.७५	८५.४२
बिराटनगर	७६.४५	७५.४५	७७.९४	७६.९५	७३.९५	७६.४४	७६.२५	८६.०२

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	७६	७३	७६	७६
सिमरा, बिरगंज, कलैया	७४/४०	७१/४०	७४/४०	७४/४०
मलंगवा, जनकपुर, नारायणघाट	७५/४०	७२/४०	७५/४०	७५/४०
लाहान, विराटनगर, धरान, इटहरी	७६/९५	७३/९५	७६/९५	७६/९५
वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	७५/१०	७२/१०	७५/१०	७५/१०
पोखरा, स्याङ्जा	७५/६०	७२/६०	७५/६०	७५/६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन १५ जुलाई ३० २०१७

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० का रु.	९६०.००	९६०.१५
अमेरिकी डलर १ का रु.	१०२।३५	१०२।९५
युरो १ का रु.	११९।८४	१२०।५५
पाउन्ड स्टर्लिङ १ का रु.	१३४।०१	१३४।८०
स्विस फ्रन्क १ का रु.	१०५।४२	१०६।०३
अस्ट्रेलियन डलर १ का रु.	८१।४५	८१।९३
क्यानाडियन डलर १ का रु.	८१।५७	८२।०५
सिङ्गापुर डलर १ का रु.	७५।३०	७५।७४
जापानी यन १० का रु.	९।२०	९।२६
चिनियाँ युआन १ का रु.	१५।१८	१५।२७
साउदी अरब रियाल १ का रु.	२७।२९	२७।४५
कतारी रियाल १ का रु.	२८।१०	२८।२७
थाई भाट १ का रु.	३।०७	३।०९
सं. अरब इमिरट दिराम १ का रु.	२७।८६	२८।०३
मलसियन रिङ्गिट १ का रु.	२३।९०	२४।०४
दक्षिण कारियन वन १०० का रु.	९।१३	९।१८

खरिद दर

स्विडिस क्रानर १ का रु.	१२।५७
डनिस क्रानर १ का रु.	१६।१२
हङकङ डलर १ का रु.	१३।१०

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

वैदेशिक रोजगारीमा जाने ९ प्रतिशतले घटे

रोविन पौडेल, काठमाडौं

रोजगारका सिलसिलामा विदेशिनेको गत वर्षको भन्दा घटेको छ। वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिई विदेश जाने नेपालीको संख्या प्रतिदिन १ हजार ३७ जनामा सीमित भएको छ। अघिल्लो वर्षसम्म विदेशिने नेपालीको संख्या प्रतिदिन १ हजार १ सय ४७ रहेको थियो।

आर्थिक वर्ष २०७३/७४ मा वेदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको कुल संख्या ३ लाख ७८ हजार ३ सय ४२ रहेको वैदेशिक रोजगार विभागले जनाएको छ। यो संख्या विगतको भन्दा ९ दशमलव ६४ प्रतिशतले कम हो। विभागको प्रतिवेदनअनुसार असार मसान्तसम्म संस्थागततर्फ श्रम स्वीकृति लिनेको संख्या ३ लाख ६९ हजार ७ सय ७३ रहेको छ। त्यस्तै व्यक्तिगततर्फ ८ हजार ५ सय ६९ जनाले श्रम स्वीकृति लिएका छन्। गत आर्थिक वर्ष २०७३/७४ मा रोजगारीको क्रममा विदेशिनेको संख्यामा अघिल्लो आवको तुलनामा ४० हजारले कमी आएको हो।

गत आवको तथ्यांकले वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा प्रतिवर्ष कमी हुँदै आएको देखाएको छ। आव २०७१/७२ मा कुल ५ लाख १२ हजार ८ सय ८७ जनाले नयाँ श्रम स्वीकृति लिएकोमा आव २०७२/७३ मा सो घटेर ४ लाख १८ हजारमा सीमित भएको थियो। त्यस्तै आव २०७३/७४ मा पनि सो संख्या घट्नुले रोजगारीको सिलसिलामा नयाँ श्रम स्वीकृति लिई विदेशिने नेपालीको संख्यामा गिरावट आएको पुष्टि हुन्छ। आव २०७३/७४ मा संस्थागततर्फ श्रम स्वीकृति लिने नेपालीको संख्या ५ दशमलव ९९ प्रतिशतले घटेको छ। अघिल्लो आवमा कुल ३ लाख ९३ हजार ३ सय ५२ जनाले संस्थागततर्फ श्रम स्वीकृति लिएकोमा गत आवमा सोको संख्या ३ लाख ६९ हजार ७ सय ७३ रहेको देखिन्छ।

त्यस्तै गत आवमा व्यक्तिगत रुपमा वैधानिकरण प्रक्रिया पुऱ्याई नयाँ श्रम स्वीकृत लिनेको संख्यामा ६६ प्रतिशतले गिरावट आयो। अघिल्लो आवमा कुल २५ हजार ३ सय ६१ जनाले वैधानिकरण गरी श्रम स्वीकृति लिएकोमा गत आवमा यो संख्या घटेर ८ हजार ५ सय ६९ पुगेको हो।

नयाँ श्रम स्वीकृति लिनेको संख्यामा गिरावट आए पनि बिदामा नेपाल आई पुनः श्रम स्वीकृति लिनेको संख्यामा भने वृद्धि भएको छ। अघिल्लो आवमा कुल २ लाख ३८ हजार ९८ जनाले पुनः श्रम स्वीकृति लिएकोमा गत आवमा सो संख्या बढेर २ लाख ६० हजार २ सय ५२ पुगेको छ। यो अघिल्लो वर्षको तुलनामा ९ दशमलव ३ प्रतिशत बढी हो।

तर सबैलाई जोड्दा गत आवमा श्रम स्वीकृति लिनेको संख्यामा खासै फरक भने नदेखिने विभागका प्रवक्ता मोहन अधिकारीले जानकारी दिनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'संस्थागत रुपमा श्रम स्वीकृति लिनेको संख्या घटे पनि व्यक्तिगत रुपमा पुनः स्वीकृति लिनेको संख्या भने बढेको छ। यस हिसाबमा विदेशिने संख्या घटेको भन्न मिल्दैन।' उहाँका अनुसार रोजगार व्यवसायीमा कामदार भर पर्न छाडेको कारण संस्थागत रुपमा सो संख्या घटेको हो। उहाँले विदेशमा काम गरी फर्कने नेपाली त्यहाँको सुविधा तथा राम्रो आयका कारण आकर्षित हुने गरेको समेत जानकारी दिनुभयो।

गत आवमा चैत महिनामा सबैभन्दा धेरै कामदारले श्रम स्वीकृति लिएका थिए। चैतमा सर्वाधिक ३८ हजार ७ सय ५० जनाले श्रम स्वीकृति लिएकोमा २०७३ असोजमा सबैभन्दा कम २३ हजार ३२ जनाले श्रम स्वीकृति लिए। विभाग अनुसार गत वर्ष सबैभन्दा बढी नेपाली कतार गएका छन्। यो अवधिमा कतारमा १ लाख २४ हजार नेपाली कतार गएका छन्। अघिल्लो वर्ष कतार नेपाली कामदारका लागि जाने दोस्रो आकर्षणको केन्द्र थियो।

कतारपछि धेरै नेपाली कामका लागि जाने मुलुकमा मलेसिया दोस्रो स्थानमा रहेको छ। तेस्रो स्थानबाट उक्लिएर मलेसिया गत आवमा दोस्रो बनेको हो। गत वर्ष ९७ हजार ९ सय नेपाली कामदार मलेसिया गएका छन्। आव २०७१/७२ सम्म पहिलो रोजगार गन्तव्यका रुपमा रहेको मलेसिया आव २०७२/७३ मा जम्मा ६० हजार मात्र नेपाली रोजगारीको लागि गएका थिए।

खाडी मुलुकमा तेलको मूल्य घटेर आर्थिक वृद्धि हासिल नहुँदा नयाँ रोजगारी सिर्जना भएको छैन। त्यसमाथी कतारसँग अन्य छिमेकी देशले कूटनीतिक सम्बन्ध विच्छेद गर्दा त्यसको विकल्प मलेसिया बनेको जानकारको बुझाई छ।

मलेसियापछि साउदी अरेबिया नेपाली कामदारका लागि रोजगार गन्तव्यमा तेस्रो नम्बरमा परेको छ। गत आवमा ७६ हजार ९ सय जना कामदार रोजगारीको क्रममा साउदी अरेबिया गएका छन्। अघिल्लो आवमा पहिलो रोजगार गन्तव्यमा परेको साउदीमा १ लाख ३९ हजार नेपाली रोजगारीको लागि गएका थिए।

त्यस्तै संयुक्त अरव ईमिरेट्स (युएई) चौथो स्थानमा रह्यो। गत आवमा ५५ हजार नेपाली कामदार वैदेशिक रोजगारीको क्रममा युएई गएको वैदेशिक रोजगार विभागले तथ्यांकमा उल्लेख छ। अघिल्लो आर्थिक वर्षमा यो संख्या ५३ हजार रहेको थियो।

आर्थिक वर्षको अन्त्यमा खाडी मुलुकले कतारसँगको कूटनीतिक सम्बन्ध विच्छेद गरेपछि कतार जाने नेपालीको संख्यामा गिरावट आएको छ। गत आवको अन्तिम तीन महिनामा कतार जाने कामदारको संख्या मासिक औसत ८ हजार रहेको तथ्यांकले देखाएको छ।

त्यसपूर्व सो संख्या औसत १२ हजार रहेको देखिन्छ। कतार जान श्रम स्वीकृति लिने नेपालीको संख्या चैतमा १३ हजार ७ सय रहेकोमा वैशाख, जेठ र असारमा सो संख्या क्रमशः १० हजार १ सय, ९ हजार ५ सय र ५ हजार ८ सय रहेको छ। चैतको तुलनामा असारमा कतार जानेको संख्यामा ६० प्रतिशतभन्दा बढीले गिरावट आएको देखिन्छ।

केरूङ नाकाबाट आयात ठप्प

चारसय कन्टेनर नाकामै रोकिए

नेपाल समाचारपत्र

रसुवा

नेपालतर्फ निकासी हुने मालवस्तुको क्लिरियन्स शुल्कमा चीनको केरूङका स्थानीय भन्सारका प्रतिनिधिले दोब्बरभन्दा बढी वृद्धि गरेपछि आयात ठप्प भएको छ।

नेपाली व्यापारीले प्रतिगाडी एक हजारदेखि १५ सय आरएमबीसम्म तिर्दै आएकोमा भन्सार प्रतिनिधिले एकैचोटी पाँच हजार आरएमबी पुऱ्याएपछि चीनको केरूङ पुगेका नेपाली व्यापारीले सामग्री लोड नगरी बसेका छन्।

क्लिरियन्स शुल्कमा वृद्धि हुँदा यसअघि करिब २२ हजार रुपियाँ पर्नेमा अहिले प्रतिगाडी ८० हजार रुपियाँ तिर्नुपर्ने अवस्था आएपछि नेपाली व्यापारीको भनाइ छ। रसुवागढी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केदार पनेरुका अनुसार समस्या समाधानका लागि चीनको केरूङस्थित जेलुंगका डेपुटी प्रमुख र भन्सार प्रतिनिधिसाग शुक्रबार छलफल गरिएको थियो।

बैठक सकरात्मक भएको र सोमबारदेखि शुल्क घटाउने सहमति भएको प्रमुख भन्सार अधिकृत पनेरुले जानकारी दिनुभयो। बैठकमा चीनको तर्फबाट जिलोङ पोर्ट एडमिनिस्ट्रेसका प्रमुख लिउ जियान, जिलोङ भन्सारका प्रमुख याङ फेई, भन्सार एजेन्टका प्रतिनिधि लि चौरेन र दावा सहभागी थिए।

यसअघि क्लिरियन्स शुल्क तिब्तीयन सरकारले फिर्ता गरिदिने गरेकोमा यसपटकदेखि फिर्ता नगर्ने निर्णय गरेपछि त्यसको मार नेपाली व्यापारीमाथि परेको हो। गत आर्थिक वर्षमा लक्ष्यभन्दा बढी राजस्व असुली गरेको कार्यालयले आयात ठप्प भएपछि आर्थिक वर्षको पहिलो महिनामा नै समस्या देखिएको बताउनुभयो। आव २०७३/७४ मा २ अर्ब ४३ करोड राजस्व संकलन लक्ष्य राखेको कार्यालयले २ अर्ब ९२ करोड राजस्व असुल गरेको थियो।

यो आर्थिक वर्षको साउनको १३ गतेसम्म १ करोड ६४ लाख राजस्व संकलन गरेको छ। आयात ठप्प भएपछि करिब चार सय मालवाहक कन्टेनरको सामग्री गोदाममा थन्किएको छ। अन्य सामग्रीको आयात ठप्प भए पनि स्याउ र जलविद्युत् आयोजनाको सामग्री भने आयात भइरहेको छ।

यसैबीच नेपालबाट चीनमा लैजान सकिने सामग्रीको सूची उपलब्ध गराउन चिनियाँ टोलीले आग्रह गरेको छ। रसुवाको सदरमुकाम धुन्चेमा शनिबार बसेको सीमा सुरक्षा बैठकमा नेपालमा उत्पादन हुने कृषि तथा पशुजन्य वस्तु निर्यात गर्न तयार रहेकाले पहिलो चरणमा सामग्रीको सूची उपल्ध गराउन चिनियाँ टोलीले आग्रह गरेको हो। नेपालबाट जारी गरिने फाइटो स्यानिटरी प्रमाणपत्रका आधारमा साग सब्जी, मासुजन्य पदार्थ, बोडी, सिमी, आलुलगायतका सामग्री चीनतर्फ सहज रुपमा सामग्री निकासी गर्ने वातावरण सिर्जना गर्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेले जानकारी दिनुभयो।

नेपालको तर्फबाट सामग्रीको सूची उपलब्ध गराएपछि गुणस्तर परीक्षणका लागि चिनियाँ टोली आउने सहमति भएको प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताउनुभयो।

रसुवागढी नाकामा रहेको क्वारेन्टाइनलाई थप व्यवस्थित गरी दुई देशको व्यापार सहज बनाउका लागि समन्वय संयन्त्र तयार गरिने बताइएको छ।

सीमा नाकामा हुन सक्ने मानव बेचविखन, लागुपदार्थ ओसार पसार, वन्यजन्तुको अंगहरुको निकासी, बहुमूल्य जडिबुटी तथा अवैध सुन नियन्त्रणका लागि नाकामा गस्ती निगरानी बढाउने तथा चेकजाँचमा कडाई गर्ने विषयमा समेत छलफल भएको छ।

१ अर्ब १७ करोड राजस्व संकलन

काभ्रे, (नेस)

आर्थिक वर्ष २०७३/७४ मा जिल्लाको कुल आम्दानी १ अर्ब १७ करोड ६ लाख ७८ हजार ९ सय १६ रुपियाँ ९ पैसा राजस्व संकलन भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धुलिखेलका अनुसार गत आर्थिक वर्षमा सबैभन्दा धेरै आम्दानी गर्ने करदाता सेवा कार्यालय धुलिखेलले ५० करोड ४८ लाख ३५ हजार ८ सय ८५ रुपियाँ संकलन गरेको छ। जिल्लास्थित सरकारी कार्यालयबाट मात्रै ९० करोड ५८ लाख ८ हजार ३ सय २८ रुपियाँ आम्दानी भएको छ। व्यक्तिगत कर, आय कर, भ्याट असुलीमा कडाई गरेको करदाता सेवा कार्यालय अझै व्यवसायीसम्म पुग्न सकेको छैन। करदाता सेवा केन्द्रपछि जिल्ला मालपोत कार्यालय दोस्रो आम्दानी गर्ने कार्यालयका रुपमा चिनिएको छ।

त्यस्तै करदाता सेवा केन्द्रले २४ करोड ५४ लाख १३ हजार ५ सय ८८ मालपोत कार्यालय काभ्रेले ३० करोड ५० लाख संकलन गरेको छ भने जिल्ला प्रशासन कार्यालय काभ्रेले ४ करोड ४६ लाख ३५ हजार १९ रुपियाँ संकलन गरेको छ। जिल्ला प्रहरी कार्यालयले ट्राफिक राजस्वमार्फत् १ करोड ९४ लाख ५७ हजार आम्दानी गरेको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जानकारी दिएको छ। जिल्ला शिक्षा कार्यालय काभ्रेले १ करोड ३९ लाख २७ हजार २ सय ६० आम्दानी गरेको छ।

त्यस्तै जिल्ला अदालत काभ्रेपलाञ्चोकले ५६ लाख ८५ हजार ९ सय ८३, घरेलु तथा साना उद्योग कार्यालयले ८१ लाख ६ हजार ७ सय ७८ रुपियाँ संकलन गरेको छ। जिल्ला निर्वाचन कार्यालयले ७९ हजार ४ सय १०, जिल्ला आयोजना कार्यान्वयन इकाईले ५ लाख ८८ हजार ४ सय ८३, कोष तथा लेखा नियन्त्रक कार्यालयले १ लाख ४३ हजार ७ सय ६८, जिल्ला कृषि विकास कार्यालयले ९ लाख ३८ हजार ४ सय ४३, रेशम खेती विकास समितिले १ लाख ४१ हजार ६ सय ५०, मसला बाली विकास केन्द्रले १० लाख ९२ हजार ४६, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले २ लाख २६ हजार २ सय ५७, अञ्चल प्रहरी कार्यालय बाग्मतीले ८९ हजार १ सय ३८ रुपियाँ आम्दानी गरेका छन्।

त्यस्तै जिल्ला प्रहरी कार्यालय काभ्रेले १ लाख ५८ हजार ८ सय ४९, राष्ट्रिय अनुसन्धान कार्यालयले ५ हजार ४ सय ९५, कारागार कार्यालयले ५ हजार, जिल्ला पशु सेवा कार्यालयले २ लाख ३४ हजार ७ सय ३० रुपियाँ आम्दानी गरेको छ। जिल्ला वन कार्यालयले ८ लाख ७६ हजार ९ सय ५१, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले ४३ लाख ८५ हजार १ सय ५७, नापी कार्यालय धुलिखेलले ५३ लाख ९८ हजार ४ सय ३५, नापी कार्यालय बनेपाले ४७ सय ५५, महिला तथा बालबालिका कार्यालयले ६ सय ९६, २६ नम्वर बाहिनी १ लाख ६४ हजार ४ सय, शहरी विकास तथा भवन डिभिजन कार्यालय ७ लाख ५१ हजार ५ सय ७९, वीरेन्द्र शान्ति कार्य पाँचखाल २० हजार २ सय ३५, विष्णु दल गण धुलिखेलले ३० हजार ५ सय ५२ रुपियाँ आम्दानी गरी राजस्व बुझाएका छन्।

यसैगरी शैक्षिक तालिम केन्द्र २ लाख १८ हजार ८ सय ४०, डिभिजन सहकारी कार्यालय २ लाख ८२ हजार, मध्यमाञ्चल सिँचाइ कार्यालय २ लाख ६२ हजार ८७, भूमिगत जल सिँचाइ कार्यालय ६० हजार १ सय, जिल्ला हुलाक कार्यालय ३१ लाख २८ हजार ५ सय १३, जिल्ला विकास समितिको कार्यालय २५ लाख ५७ हजार ५ सय ६२, जिल्ला प्राविधिक कार्यालय ३१ हजार १ सय, जिल्ला समन्वय समितिको कार्यालय ४ लाख ९३ हजार ६ सय २०, खानीखोला गाउँपालिका १६ हजार, जिल्ला स्वास्थ्य कार्यालय १० लाख ३० हजार ६ सय ७४, जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र १७ हजार, मेथिन्कोट अस्पताल ६५ हजार ६ सय ४७ र शाखा तथ्यांक कार्यालय २५ हजार ९ सय २ रुपियाँ आम्दानी गरेका छन्।

नेपाललाई समृद्ध बनाउन प्रतिबद्ध छु : अर्थमन्त्री

काठमाडौं, (नेस)

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाललाई आत्मनिर्भर अर्थतन्त्रको रुपमा स्थापित गराउने प्रयासमा सरकारले काम गरिरहेको बताउनुभएको छ। राजधानीमा भोजपुर समाजले आयोजना गरेको एक कार्यक्रममा बोल्दै मन्त्री कार्कीले नेपाललाई समृद्ध राष्ट्र निर्माण गर्नका लागि मुलुकको अर्थतन्त्र उकास्न आफू प्रतिबद्ध रहेको बताउनुभएको हो।

अर्थमन्त्री कार्कीले संविधान निर्माणसँगै नेपालीको २००७ सालदेखिको सपना पूरा भएको उल्लेख गर्दै अबका दिनमा नेपालमा राजनीतिक आन्दोलन समाप्त भई आर्थिक क्रान्ति गर्नुपर्ने बेला आएको बताउनुभयो। उहाँले मुलुकले बेहोरिरहेको व्यापारघाटा र त्यसको न्यूनीकरणका ठुलो चुनौतीका रुपमा देखिँदै गएको बताउनुभयो।

उहाँले भन्नुभयो-'निर्यातको तुलनामा आयात निकै बढिरहेको छ। चालू आर्थिक वर्षमा सार्वजनिक गरिएको मौद्रिक नीतिले पनि कृषिको उत्पादन र ऊर्जा क्षेत्रको उत्पादन, विकास र विस्तारलाई प्राथमिकतामा राखेको छ। यसले पनि व्यापार घाटा सन्तुलन गर्न मद्दत गर्छ।' उहाँले मुलुकलाई समृद्ध बनाउनका लागि उद्योग कलकारखानाको विकास, रोजगारीमा वृद्धि र ऊर्जा, कृषि र पर्यटन क्षेत्रको विकास नै महत्त्वपूर्ण कुरा रहेकाले सरकारको ध्यान यसैमा केन्द्रित भएको बताउनुभयो।

अर्थमन्त्री कार्कीले जापान सरकारले नेपाललाई विभिन्न क्षेत्रमा गर्दै आएको सहयोगको सरहाना पनि गर्नु भएको थियो। त्यस्तै कार्यक्रममा बोल्दै पूर्वअर्थमन्त्री शंकर कोइरालाले मुलुकको दिगो आर्थिक विकासका लागि सरकारले गम्भीर भएर कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

कार्यक्रममा नेपालका लागि जापानी राजदूत मासासी ओगावा, सांसद जयन्ती राई, तारादेवी राई तथा मोहनकुमार राईको पनि कार्यक्रममा सहभागिता थियो। कार्यक्रममा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला, अल्ट्रा धाविका मिरा राई , शिक्षासेवी गुरुप्रसाद राईलगायतलाई सम्मान गरिएको थियो।

'हामीले भन्सार विभागको तथ्यांकलाई आधार मानेर वार्षिक रुपमा कुन विद्युतीय सामान कति मात्रामा नेपाल भित्रिन्छ र ती भित्रिएका सामान कति वर्षमा फोहोरमा परिणत हुन्छन भनेर हामीले अध्ययन गरिरहेका छौं।'

विज्ञहरु भन्छन्-

नेपाल विद्युतीय फोहोरको 'डम्पिङ साइट' बन्दै

नेपाल समाचारपत्र

काठमाडौं

विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम् आविष्कार भएसँगै त्यसको प्रयोग पनि मानवीय जीवनको अभिन्न अंग बनिसकेको छ। वर्षेनी विद्युतीय उपकरणको बढ्दो प्रयोगले निम्ताएको समस्या विकराल रुपमा देखिँदै गएको छ।

सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति र त्यस्ता सामग्रीको प्रयोगमा आएको व्यापक उपयोगसँगै त्यसबाट निस्किने समस्या र विद्युतीय फोहोर व्यवस्थापनमा पनि नयाँ चुनौतीका रुपमा देखिएको विज्ञहरूले बताएका छन्। विद्युतीय उपकरणको उपयोग गर्ने अवधि सकिएपछि अथवा प्रयोगविहीन अवस्थामा रहेका मोबाइल, कम्प्युटर, टेलिभिजन, ब्याट्रीलगायतका सामग्रीको उचित व्यवस्थापन हुन नसक्दा विद्युतीय फोहोरको जोखिम बढ्दै गएको उनीहरूको भनाइ छ। सन् २०१६ मा संयुक्त राष्ट्रसंघ विश्वविद्यालयले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा एसियाली मुलुकहरुमा विद्युतीय फोहोर उत्पादन सबैभन्दा धेरै उत्पादन हुने गरेको तथ्य सार्वजनिक गरेको थियो।

उक्त प्रतिवेदनअनुसार पछिल्ला ५ वर्षमा मात्र विद्युतीय फोहोरको उत्पादन ६३ प्रतिशतले बढेको देखिन्छ। नेपालले विद्युतीय सामानको उत्पादन कम गरे पनि आयातित सामानको प्रयोगबाट सिर्जीत फोहोरको 'डम्पिङ साइट' का रुपमा देखिएको छ।

त्यस्ता उपकरणले माटो पानी तथा वायुमा समेत असर गरिरहेको छ। जसले गर्दा मानव स्वास्थ्य तथा वातावरण प्रदुषणको जोखिम निम्ताइरहेको छ।

विद्युतीय फोहोर संकलन, पुनः प्रयोग र त्यसको विसर्जनका लागि नेपालमा अहिलेसम्म पनि कुनै ठोस नीति निर्माण भइनसकेको बताउनुहुन्छ पूर्वविज्ञानमन्त्री गणेश साह। 'नेपालमा पनि नीतिगत रुपमा नै 'जिरो वेस्ट' को अवधारणा आइरहको छ। अर्को भनेको औद्योगिक रुपमा जसले उत्पादन गऱ्यो त्यसले नै व्यवस्थापन गर्ने वा व्यवस्थापनका लागि भुक्तानी गर्नुपर्ने देखिन्छ।' साहले भन्नुभयो। सरकारले नै नीतिगत पक्षमा सुधार गर्नुपर्ने र विद्युतीय फोहोर व्यवस्थापनका लागि विज्ञान तथा प्रविधिमा विश्वव्यापी रुपमा के कस्ता प्रक्रियाहरु अवलम्बन भएका छन्। त्यसको नेपालमा प्रयोगका लागि पनि पहलकदमी गर्नु जरुरी रहेको उहाँले बताउनुभयो। फोहोर व्यवस्थापनमा आधारित उद्योगहरुको विकासका लागि पनि सरकारले कसरी प्रोत्साहन गर्ने र त्यो क्षेत्रमा काम गर्ने कामदारको व्यावसायिक स्वास्थ्य र सुरक्षाका लागि निश्चित मापदण्ड बनाउनु जरुरी छ।

ऊर्जा क्षेत्रमा आबद्ध विभिन्न संघ तथा संस्थाको छाता संगठनको रुपमा स्थापना भएको नेपाल नवीकरणीय ऊर्जा परिसंघका अध्यक्ष गुणराज ढकालले अहिले विश्वव्यापीरुपमा नै डिजिटल युगले वातावरणमा पारेको प्रभावलाई ठूलो समस्याका रुपमा लिइएको भए पनि नेपालमा अझै पनि यस विषयमा कम बहस भएको बताउनुभयो। 'अत्याधिक मात्रामा विद्युतीय सामग्रीको प्रयोग भइरहको छ। तर, त्यसबाट निस्किने फोहोरले निम्ताउने समस्या र त्यसको समयमा व्यवस्थापनमा हामीले चासो देखाएनौं भने आगामी दिनमा ठूलो समस्या निम्तिन सक्छ।' उहाँले भन्नुभयो।

रसायनविद् तथा त्रिभुवन विश्वविद्यालय व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा. रामेश्वर अधिकारीले विद्युतीय फोहोरले र त्यसबाट निस्किने रसायनले क्यान्सर, दम, छालाको रोग जस्ता समस्या मानिसमा देखिँदै गएको र त्यस्ता रसायन माटोमा मिसिँदा माटोको उर्वराशक्ति नष्ट हुने, हावामा मिसिँदा ओजनतह क्षय हुँदै जाने जस्ता समस्या देखिन थालेको बताउनुभयो। उहाँले मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर पार्ने विद्युतीय फोहोर कसरी उत्सर्जन भइराखेको छ, त्यसको स्रोत पहिचानमा सरकारले कदम चाल्नुपर्ने बताउनुभयो। डा. अधिकारीका अनुसार 'विद्युतीय सामान जुन निकायमार्फत् मुलुकमा भित्रिन्छ उनीहरुमार्फत् नै फिर्ता गर्नका लागि राज्यले त्यस्ता नीति निर्माण गर्नुपर्ने बताउनुभयो। मुलुकभित्रै पनि हामीले त्यसको व्यवस्थापनमार्फत् अन्य खालका लाभ लिन सक्छौं।

त्यस्तै जनसंख्या तथा वातावरण मन्त्रालयले नेपालमा विद्युतीय फोहोरको अवस्था र यसको व्यवस्थापनका लागि गठन गरेको साउन्ड मेनेजमेन्ट अफ पीसीपी एन्ड पीओपी पेस्ट्रिसाइड इन नेपाल, नेसनल इम्प्लिमेन्टेसन प्लानका निर्देशक डा. भुपेन्द्र देवकोटाले अहिले वातावरण व्यवस्था विभागले नेपालले विद्युतीय फोहोर कति मात्रामा छ भनेर आधिकारिक तथ्यांक संकलन गरिरहेको बताउनुभयो। अहिले ठूलो समस्याका रुपमा देखिएको विद्युतीय फोहोर र यसको उचित यवस्थापन वातावरण विभागले प्रारम्भिक अध्ययन मात्र गरेका उहाँले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'हामीले भन्सार विभागको तथ्यांकलाई आधार मानेर वार्षिक रुपमा कुन विद्युतीय सामान कति मात्रामा नेपाल भित्रिन्छ र ती भित्रिएका सामान कति वर्षमा फोहोरमा परिणत हुन्छन भनेर हामीले अध्ययन गरिरहेका छौं।' सो अध्ययनका क्रममा कस्ता वस्तुमा कस्ता खालका रसायनहरु प्रयोग भएका छन् भनेर पनि अध्ययन गरिने र विभिन्न उपकरणमा प्रयोग भएका अल्ड्रिन, एल्ड्रिन, क्लोर्डाइन, टेक्साफोन जस्ता पप्स् केमिकलले पार्ने असरका बारेमा पनि अध्ययन गरिने उहाँले बताउनुभयो।

त्यस्तै त्रिचन्द्र क्याम्पस, रसायनशास्त्रका सहप्राध्यापक ज्योति गिरीले विदेशमा उत्पादित विद्युतीय उत्पादनको डम्पिङसाइटका रुपमा देखिएको समस्याले तत्कालीन र दीर्घकालीन दुवै खालका समस्या निम्तिने बताउनुभयो। 'अहिले हामीले आयातमात्र गरिरहेका छौं र केही मात्रामा यस्ता वस्तु अवैधानिक रुपमा भारततिर गइरहेको छ। तर, धेरैजसो नेपालमै थन्किएर रहेको छ। नेपालमा उत्सर्जित यस्ता फोहोरको विसर्जनमा हामीले बैज्ञानिक विधि अपनाउन सकेका छैनौं। 'पोलिमर, मिथाइल, पोलिमिथाइल, ब्याट्री लिड जस्ता हानिकारक रसायन माटो, पानी र हावामा मिसिँदा मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्नुका साथै पर्यावरणमा दिगो असर देखिने गिरीले बताउनुभयो।

विद्युतीय फोहोर व्यवस्थापनका लागि हरेक व्यक्तिमा जनचेतना जगाउनुपर्ने र त्यसका लागि सरकारी क्षेत्रबाट पहल हुन जरुरी रहेको विज्ञहरुको सुझाव छ। सरकारले बनाएका नीति निर्देशिकाहरुले पनि विद्युतीय फोहोरमैला व्यवस्थापनका लागि भनेर अहिलेसम्म पनि छुट्टै नीति निर्माण भएको देखिँदैन। ठोस फोहोरमैला व्यवस्थापन ऐनभित्र नै सबै खालको फोहोरलाई समावेश गरिएको छ।

पर्यटक ३२ प्रतिशतले बढे

काठमाडौं, (नेस)

पछिल्लो छ महिनामा नेपाल भ्रमणका निम्ति आउने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको छ। अध्यागमन विभागका अनुसार सन् २०१७ को पहिलो छ महिनाको अवधिमा अघिल्लो वर्षभन्दा १ लाख १५ हजार ५ सय ५९ जना अर्थात ३२ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका छन्। यस वर्षको पहिलो छ महिनामा ४ लाख ७५ हजार २ सय ६९ पर्यटक नेपाल भित्रिएका छन्। सन् २०१६ को सोही अवधिमा ३ लाख ५९ हजार ६ सय ७२ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

नेपाल घुम्न आउने पर्यटकमा भारतीयको संख्या उल्लेख्य रहेको विभागले जनाएको छ। अध्यागमन विभागका अनुसार भारतबाट यस अवधिमा ९३ हजार ४९ जना पर्यटक नेपाल भ्रमणमा आएका छन्। सन् २०१६ को सोही अवधिमा ६४ हजार ८ सय ४२ भारतीयले नेपाल भ्रमण गरेका थिए। त्यस्तै चीनबाट ५४ हजार ९० जना पर्यटक आएका छन्। सन् २०१६ को सोही अवधिमा ३९ हजार ६ सय ४९ जना चिनियाँ पर्यटक नेपाल आएका थिए।

यसैगरी अमेरिकाबाट ४१ हजार ६ सय ९१ र श्रीलंकाबाट १९ हजार ७ सय २९ जना र पर्यटक नेपाल भ्रमणमा आएका छन्। सन् २०१६ मा ७ लाख २९ हजार ५५० पर्यटक नेपाल भित्रिएको तथ्यांक विभागसँग छ। यो संख्या अघिल्लो वर्षको तुलनामा ३६ दशमलव ११ प्रतिशतले बढी हो। सन् २०१५ मा ५ लाख ३६ हजार पर्यटकमात्रै नेपाल भित्रिएका थिए। सन् २०१४ मा पर्यटक आगमनको संख्या भने झन्डै ८ लाख थियो। पहिलो छ महिनाको तथ्यांक हेर्दा सन् २०१७ मा करिब ९ लाख पर्यटक नेपाल भित्रिन सक्ने अनुमान गरिएको छ। राजनीतिक वातावरण सुधिदै गएको तथा सरकारले बढीभन्दा बढी पर्यटक भित्र्याउन विश्वव्यापी प्रचारमा जुटेका कारण सन् २०१७ पर्यटन उद्योगका निम्ति सुखद् हुने आशामा व्यवसायीहरू रहेका छन्।

पर्यटकलाई आकर्षित गर्ने नेपालको वास्तुकला, ट्रेकिङ रुटलगायतका अन्य संरचनाहरू भूकम्पपछि पुनर्जीवन पाउने क्रममा रहेको तथा नेपाल भ्रमण गर्न सुरक्षित छ र नेपालको सौन्दर्य कायमै रहेको सरकारको प्रचारले सकारात्मक प्रभाव पार्न थालेको व्यवसायीहरू बताउँछन्। पछिल्लो समयमा पर्यटन क्षेत्रमा देखिएको सुधारले सरकारले सन् २०१८ को नेपाल भ्रमण वर्ष र सन् २०२० मा २० लाख पर्यटक नेपाल ल्याउने लक्ष्यका निम्ति सहयोग हुन सक्ने सरोकारवालहरूको भनाइ छ।

कुरिलोको व्यावसायिक खेती

नेपाल समाचारपत्र

पाल्पा

विभिन्न रोगको औषधि र तरकारी अचारमा प्रयोग हुने कुरिलो खेती पाल्पामा व्यावसायिक रुपमा हुन थालेको छ। विभिन्न फाइदा हुने भएकाले घरायसी प्रयोजनका लागि मात्र नभएर व्यावसायिक रुपमा पनि यसको खेती हुन थालेको हो।

कम खर्चमा बढी आम्दानी हुने कुरिलो खेतीका लागि पाल्पाको हावापानी राम्रो भएका कारण पनि किसानमा कुरिलो खेतीको आकर्षण बढ्न थालेको हो।

कुरिलो खाँदा रोग प्रतिरोधात्मक क्षमता बढाउने हुँदा यसको माग बढ्दै गएको किसान बताउनुहुन्छ। विगत चार वर्षदेखि कुरिलो खेती गरेकी पाल्पा बराङदीकी लुमकला घिमिरे बजारमा कुरिलोको माग बढ्दै गएकाले एक किलोको चार सय रुपियाँमा सजिलै बिक्री हुने बताउनुहुन्छ।

विरुवा रोपेको चार/पाँच महिनामा तयार हुने कुरिलो खेतीमा दिनदिनै टुसा पलाउने हुँदा यसबाट राम्रो आम्दानी हुने कृषकको भनाइ छ। बराङदीबाहेक अन्य ठाउँमा पनि यसको खेती हुन थालेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।

किसानले एक सिजनमा कुरिलोबाट ५० हजारदेखि १ लाख रुपियाँसम्म आम्दानी गर्न थालेको हुँदा यो खेतीको विस्तार गर्दै जाने बताउँछन्। यसका लागि जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोग आवश्यक रहेको किसानको माग छ।

हेटौंडामा तीनतारे होटल सञ्चालनमा

हेटौंडा, (नेस)

टीसीएन बाइपास रोडमा सुविधा सम्पन्न तीन तारे होटल सञ्चालनमा आएको छ। करिब ३५ करोड खर्चेर निर्माण गरिएको होटल प्रकाश सञ्चालनमा आएको हो। होटलको बुधबार हेटौंडाका मेयर हरिबहादुर महतले उद्घाटन गर्नुभयो।

३ कट्ठा क्षेत्रफलमा बनेको ५ तले होटलमा हाल २७ कोठा रहेका छन्। कोठाको संख्या ६० पुऱ्याउने लक्ष्य रहेको प्रवन्धक राजेन्द्रप्रसाद श्रेष्ठले बताउनुभयो। २७ कोठामध्ये ५ वटा कोठा स्विटरुम, ८ वटा सुपर डिलक्स र १४ वटा डिलक्स कोठा रहेको श्रेष्ठले जानकारी दिएका छन्। होटल सञ्चालक रवि गुप्ताले पर्यटन क्षेत्र प्रवर्द्धनका लागि होटलमा लगानी गरेको बताउनुभयो।

हेटौंडालाई आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणको केन्द्र बनाउने उद्देश्य सहित होटल प्रकाश इन्टरनेसनल प्रालिको औपचारिक सुरुवात भएको हो। होटलले हेटौंडाको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुका साथै हेटौंडाबारे पर्यटकलाई जानकारी उपलब्ध गराउन सहयोग समेत पुग्ने सञ्चालक ओमप्रकाश गुप्ताले बताउनुभयो।

होटलमा एउटा बार र एउटा फाष्टफुड रेष्टुरा छ। होटलमा तालिम, भेला र अन्तर्क्रिया लगायत कार्यक्रम गर्न १ सय २० सिट क्षमताको एउटा र २५ सिट क्षमताको अर्को हल छ। होटलमा स्विमिङ पुलनिर्माण गरिने जनाइएको छ।

पर्यटकीय पूर्वाधारको महत्वपूर्ण माध्यम तारा तथा पर्यटकीय होटलको संख्या बढ्दै गएको छ। आर्थिक सर्वेक्षण २०७३/०७४ अनुसार आर्थिक वर्ष २०७२/०७३ सम्म (पर्यटन विभागमादर्ता भएका) तारास्तरको होटल संख्या १ सय १६ रहेकोमाआव २०७३/०७४ को प्रथम आठ महिनासम्ममा यो संख्या बढेर १ सय २० पुगेको थियो।

तारास्तर बाहेकका पर्यटक स्तरीय होटल, लज तथा रिसोर्टको संख्या आव २०७२/०७३ सम्म ९ सय ६० भएकोमाआव २०७३/०७४ को प्रथम आठ महिना सम्ममा ९ सय ८५ पुगेको थियो।

बीउ संरक्षणमा स्थानीय किसान

डोटी, (नेस)

डोटीका किसानले स्थानीय जातको आलुलगायत अन्य विभिन्न कृषि उपजको बीउ संरक्षण गर्ने अभियनमा लागेका छन्। जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्थाको सहयोगमा जोरायल गाउँपालिका-२ स्थित गैराका किसानले उक्त अभियनको शुरूआत गरेका हुन्।

लोकल तथा उन्नत जातका आलुलगायत अन्य कृषि उपजको बीउ संरक्षणका लागि किसानले रिस्टक स्टोरसमेत स्थापना गरेका छन्। बीउ कुहिएर नोक्सान नहोस् र आवश्यक परेको बेला बीउका लागि अनेत्र भौतारिन नपरोस् भन्ने उद्धेश्यका साथ उक्त अभियानको थालनी गरिएको जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्था घण्टेश्वर २ गैराका अध्यक्ष भोजबहादुर मल्लले बताउनुभयो। उहाँले भन्नुभयो-'उन्नत तथा लोकल जातको आलु अन्यको बीउ संरक्षणको शुरूआत गरेका छौं, बीउका लागि अब अन्यत्र धाउनुपर्ने अवस्थाको अन्त्य हुनेछ।'

जिल्ला कृषि विकास कार्यालय डोटी र लिवर्ड संस्थाको आर्थिक सहयोगमा १० लाख ७५ हजार ३ सय ३७ रुपियाँको लगानीमा बीउ संरक्षण गर्ने रिस्टक स्टोरको निर्माण गरिएको जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्थाका महिला सदस्य सञ्जा बोहराले बताउनुभयो। उहाँले भन्नुभयो-'पहिले-पहिले आलुलगायत अन्य बीउका लागि गाउँघरमा कसैले बचाएर राखेको बिउ खोज्दै हिड्नु पर्थ्यो, नपाइएमा भारतबाट आएको गुणस्तरहिन बीउ प्रयोग गर्न बाध्य थियौं, हिजोआज रिस्टक स्टोरबाट आवश्यक बीउ प्रयोग गर्न पाएका छौं, यसैमा खुशी छौं।' बीउ संरक्षण गरिन थालेपछि स्थानीय किसानको बीउको अभावबाट पिरोलिनुपर्ने अवस्थाको पनि अन्त्य भएको छ। किसानले भनेकै समयमा घरैमा बीउ पाउन थालेपछि निकै खुशी भएको स्थानीय रुपेश मल्लले बताउनुभयो।

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com

अर्थ

विद्युत्गृह, टर्बाइन, जेनेरेटर, कन्ट्रोलर उपकरण जडान गर्ने काम भइरहेको छ। इलेक्ट्रोमेकानिकल ठेकेदार भेजियाङले २०७३ पुस १६ गते काम सक्ने गरी प्राधिकरणसँग चौथोपटक म्याद थप गरेको थियो।

हिमाल स्टील आजको भाउ

ज्योति

	टोरस्टिल			टि. एम. टि. टेम्पकोर			टोरकारी	एनिल्ड
	८ मि.मि.	१०-२० मि.मि.	२५-३२ मि.मि.	८ मि.मि	१०-२० मि.मि	२५-३२ मि.मि.	४.७५-७ मि.मि.	
काठमाडौं	७७.८५	७६.८५	७९.३५	७८.३५	७५.३५	७७.८५	७७.६५	८७.२२
बीरगंज	७५.९५	७४.९५	७७.४४	७६.४५	७३.४५	७५.९४	७५.७५	८५.४२
बिराटनगर	७६.४५	७५.४५	७७.९४	७६.९५	७३.९५	७६.४४	७६.२५	८६.०२

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	७६	७३	७६	७६
सिमरा, बिरगंज, कलैया	७४/४०	७१/४०	७४/४०	७४/४०
मलंगवा, जनकपुर, नारायणघाट	७५/४०	७२/४०	७५/४०	७५/४०
लाहान, विराटनगर, धरान, इटहरी	७६/९५	७३/९५	७६/९५	७६/९५
वितामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	७५/१०	७२/१०	७५/१०	७५/१०
पोखरा, स्याङ्जा	७५/६०	७२/६०	७५/६०	७५/६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन १५ जुलाई ३० २०१७

खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ १०० का रु.	९६०.००	९६०.१५
अमेरिकी डलर १ का रु.	१०२।३५	१०२।९५
युरो १ का रु.	११९।८४	१२०।५५
पाउन्ड स्टर्लिङ १ का रु.	१३४।०१	१३४।८०
स्विस फ्रन्क १ का रु.	१०५।४२	१०६।०३
अस्ट्रेलियन डलर १ का रु.	८१।४५	८१।९३
क्यानाडियन डलर १ का रु.	८१।५७	८२।०५
सिङ्गापुर डलर १ का रु.	७५।३०	७५।७४
जापानी यन १० का रु.	९।२०	९।२६
चिनियाँ युआन १ का रु.	१५।१८	१५।२७
साउदी अरब रियाल १ का रु.	२७।२९	२७।४५
कतारी रियाल १ का रु.	२८।१०	२८।२७
थाई भाट १ का रु.	३।०७	३।०९
सं. अरब इमिरट दिराम १ का रु.	२७।८६	२८।०३
मलसियन रिङ्गिट १ का रु.	२३।९०	२४।०४
दक्षिण कारियन वन १०० का रु.	९।१३	९।१८

खरिद दर

स्विडिस क्रानर १ का रु.	१२।५७
डनिस क्रानर १ का रु.	१६।१२
हङकङ डलर १ का रु.	१३।१०

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

वैदेशिक रोजगारीमा जाने ९ प्रतिशतले घटे

रोविन पौडेल, काठमाडौं

रोजगारका सिलसिलामा विदेशिनेको गत वर्षको भन्दा घटेको छ। वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिई विदेश जाने नेपालीको संख्या प्रतिदिन १ हजार ३७ जनामा सीमित भएको छ। अघिल्लो वर्षसम्म विदेशिने नेपालीको संख्या प्रतिदिन १ हजार १ सय ४७ रहेको थियो।

आर्थिक वर्ष २०७३/७४ मा वेदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको कुल संख्या ३ लाख ७८ हजार ३ सय ४२ रहेको वैदेशिक रोजगार विभागले जनाएको छ। यो संख्या विगतको भन्दा ९ दशमलव ६४ प्रतिशतले कम हो। विभागको प्रतिवेदनअनुसार असार मसान्तसम्म संस्थागततर्फ श्रम स्वीकृति लिनेको संख्या ३ लाख ६९ हजार ७ सय ७३ रहेको छ। त्यस्तै व्यक्तिगततर्फ ८ हजार ५ सय ६९ जनाले श्रम स्वीकृति लिएका छन्। गत आर्थिक वर्ष २०७३/७४ मा रोजगारीको क्रममा विदेशिनेको संख्यामा अघिल्लो आवको तुलनामा ४० हजारले कमी आएको हो।

गत आवको तथ्यांकले वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा प्रतिवर्ष कमी हुँदै आएको देखाएको छ। आव २०७१/७२ मा कुल ५ लाख १२ हजार ८ सय ८७ जनाले नयाँ श्रम स्वीकृति लिएकोमा आव २०७२/७३ मा सो घटेर ४ लाख १८ हजारमा सीमित भएको थियो। त्यस्तै आव २०७३/७४ मा पनि सो संख्या घट्नुले रोजगारीको सिलसिलामा नयाँ श्रम स्वीकृति लिई विदेशिने नेपालीको संख्यामा गिरावट आएको पुष्टि हुन्छ। आव २०७३/७४ मा संस्थागततर्फ श्रम स्वीकृति लिने नेपालीको संख्या ५ दशमलव ९९ प्रतिशतले घटेको छ। अघिल्लो आवमा कुल ३ लाख ९३ हजार ३ सय ५२ जनाले संस्थागततर्फ श्रम स्वीकृति लिएकोमा गत आवमा सोको संख्या ३ लाख ६९ हजार ७ सय ७३ रहेको देखिन्छ।

त्यस्तै गत आवमा व्यक्तिगत रुपमा वैधानिकरण प्रक्रिया पुऱ्याई नयाँ श्रम स्वीकृत लिनेको संख्यामा ६६ प्रतिशतले गिरावट आयो। अघिल्लो आवमा कुल २५ हजार ३ सय ६१ जनाले वैधानिकरण गरी श्रम स्वीकृति लिएकोमा गत आवमा यो संख्या घटेर ८ हजार ५ सय ६९ पुगेको हो।

नयाँ श्रम स्वीकृति लिनेको संख्यामा गिरावट आए पनि बिदामा नेपाल आई पुनः श्रम स्वीकृति लिनेको संख्यामा भने वृद्धि भएको छ। अघिल्लो आवमा कुल २ लाख ३८ हजार ९८ जनाले पुनः श्रम स्वीकृति लिएकोमा गत आवमा सो संख्या बढेर २ लाख ६० हजार २ सय ५२ पुगेको छ। यो अघिल्लो वर्षको तुलनामा ९ दशमलव ३ प्रतिशत बढी हो।

तर सबैलाई जोड्दा गत आवमा श्रम स्वीकृति लिनेको संख्यामा खासै फरक भने नदेखिने विभागका प्रवक्ता मोहन अधिकारीले जानकारी दिनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'संस्थागत रुपमा श्रम स्वीकृति लिनेको संख्या घटे पनि व्यक्तिगत रुपमा पुनः स्वीकृति लिनेको संख्या भने बढेको छ। यस हिसाबमा विदेशिने संख्या घटेको भन्न मिल्दैन।' उहाँका अनुसार रोजगार व्यवसायीमा कामदार भर पर्न छाडेको कारण संस्थागत रुपमा सो संख्या घटेको हो। उहाँले विदेशमा काम गरी फर्कने नेपाली त्यहाँको सुविधा तथा राम्रो आयका कारण आकर्षित हुने गरेको समेत जानकारी दिनुभयो।

गत आवमा चैत महिनामा सबैभन्दा धेरै कामदारले श्रम स्वीकृति लिएका थिए। चैतमा सर्वाधिक ३८ हजार ७ सय ५० जनाले श्रम स्वीकृति लिएकोमा २०७३ असोजमा सबैभन्दा कम २३ हजार ३२ जनाले श्रम स्वीकृति लिए। विभाग अनुसार गत वर्ष सबैभन्दा बढी नेपाली कतार गएका छन्। यो अवधिमा कतारमा १ लाख २४ हजार नेपाली कतार गएका छन्। अघिल्लो वर्ष कतार नेपाली कामदारका लागि जाने दोस्रो आकर्षणको केन्द्र थियो।

कतारपछि धेरै नेपाली कामका लागि जाने मुलुकमा मलेसिया दोस्रो स्थानमा रहेको छ। तेस्रो स्थानबाट उक्लिएर मलेसिया गत आवमा दोस्रो बनेको हो। गत वर्ष ९७ हजार ९ सय नेपाली कामदार मलेसिया गएका छन्। आव २०७१/७२ सम्म पहिलो रोजगार गन्तव्यका रुपमा रहेको मलेसिया आव २०७२/७३ मा जम्मा ६० हजार मात्र नेपाली रोजगारीको लागि गएका थिए।

खाडी मुलुकमा तेलको मूल्य घटेर आर्थिक वृद्धि हासिल नहुँदा नयाँ रोजगारी सिर्जना भएको छैन। त्यसमाथी कतारसँग अन्य छिमेकी देशले कूटनीतिक सम्बन्ध विच्छेद गर्दा त्यसको विकल्प मलेसिया बनेको जानकारको बुझाई छ।

मलेसियापछि साउदी अरेबिया नेपाली कामदारका लागि रोजगार गन्तव्यमा तेस्रो नम्बरमा परेको छ। गत आवमा ७६ हजार ९ सय जना कामदार रोजगारीको क्रममा साउदी अरेबिया गएका छन्। अघिल्लो आवमा पहिलो रोजगार गन्तव्यमा परेको साउदीमा १ लाख ३९ हजार नेपाली रोजगारीको लागि गएका थिए।

त्यस्तै संयुक्त अरव ईमिरेट्स (युएई) चौथो स्थानमा रह्यो। गत आवमा ५५ हजार नेपाली कामदार वैदेशिक रोजगारीको क्रममा युएई गएको वैदेशिक रोजगार विभागले तथ्यांकमा उल्लेख छ। अघिल्लो आर्थिक वर्षमा यो संख्या ५३ हजार रहेको थियो।

आर्थिक वर्षको अन्त्यमा खाडी मुलुकले कतारसँगको कूटनीतिक सम्बन्ध विच्छेद गरेपछि कतार जाने नेपालीको संख्यामा गिरावट आएको छ। गत आवको अन्तिम तीन महिनामा कतार जाने कामदारको संख्या मासिक औसत ८ हजार रहेको तथ्यांकले देखाएको छ।

त्यसपूर्व सो संख्या औसत १२ हजार रहेको देखिन्छ। कतार जान श्रम स्वीकृति लिने नेपालीको संख्या चैतमा १३ हजार ७ सय रहेकोमा वैशाख, जेठ र असारमा सो संख्या क्रमशः १० हजार १ सय, ९ हजार ५ सय र ५ हजार ८ सय रहेको छ। चैतको तुलनामा असारमा कतार जानेको संख्यामा ६० प्रतिशतभन्दा बढीले गिरावट आएको देखिन्छ।

केरूङ नाकाबाट आयात ठप्प

चारसय कन्टेनर नाकामै रोकिए

नेपाल समाचारपत्र

रसुवा

नेपालतर्फ निकासी हुने मालवस्तुको क्लिरियन्स शुल्कमा चीनको केरूङका स्थानीय भन्सारका प्रतिनिधिले दोब्बरभन्दा बढी वृद्धि गरेपछि आयात ठप्प भएको छ।

नेपाली व्यापारीले प्रतिगाडी एक हजारदेखि १५ सय आरएमबीसम्म तिर्दै आएकोमा भन्सार प्रतिनिधिले एकैचोटी पाँच हजार आरएमबी पुऱ्याएपछि चीनको केरूङ पुगेका नेपाली व्यापारीले सामग्री लोड नगरी बसेका छन्।

क्लिरियन्स शुल्कमा वृद्धि हुँदा यसअघि करिब २२ हजार रुपियाँ पर्नेमा अहिले प्रतिगाडी ८० हजार रुपियाँ तिर्नुपर्ने अवस्था आएपछि नेपाली व्यापारीको भनाइ छ। रसुवागढी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केदार पनेरुका अनुसार समस्या समाधानका लागि चीनको केरूङस्थित जेलुंगका डेपुटी प्रमुख र भन्सार प्रतिनिधिसाग शुक्रबार छलफल गरिएको थियो।

बैठक सकरात्मक भएको र सोमबारदेखि शुल्क घटाउने सहमति भएको प्रमुख भन्सार अधिकृत पनेरुले जानकारी दिनुभयो। बैठकमा चीनको तर्फबाट जिलोङ पोर्ट एडमिनिस्ट्रेसका प्रमुख लिउ जियान, जिलोङ भन्सारका प्रमुख याङ फेई, भन्सार एजेन्टका प्रतिनिधि लि चौरेन र दावा सहभागी थिए।

यसअघि क्लिरियन्स शुल्क तिब्तीयन सरकारले फिर्ता गरिदिने गरेकोमा यसपटकदेखि फिर्ता नगर्ने निर्णय गरेपछि त्यसको मार नेपाली व्यापारीमाथि परेको हो। गत आर्थिक वर्षमा लक्ष्यभन्दा बढी राजस्व असुली गरेको कार्यालयले आयात ठप्प भएपछि आर्थिक वर्षको पहिलो महिनामा नै समस्या देखिएको बताउनुभयो। आव २०७३/७४ मा २ अर्ब ४३ करोड राजस्व संकलन लक्ष्य राखेको कार्यालयले २ अर्ब ९२ करोड राजस्व असुल गरेको थियो।

यो आर्थिक वर्षको साउनको १३ गतेसम्म १ करोड ६४ लाख राजस्व संकलन गरेको छ। आयात ठप्प भएपछि करिब चार सय मालवाहक कन्टेनरको सामग्री गोदाममा थन्किएको छ। अन्य सामग्रीको आयात ठप्प भए पनि स्याउ र जलविद्युत् आयोजनाको सामग्री भने आयात भइरहेको छ।

यसैबीच नेपालबाट चीनमा लैजान सकिने सामग्रीको सूची उपलब्ध गराउन चिनियाँ टोलीले आग्रह गरेको छ। रसुवाको सदरमुकाम धुन्चेमा शनिबार बसेको सीमा सुरक्षा बैठकमा नेपालमा उत्पादन हुने कृषि तथा पशुजन्य वस्तु निर्यात गर्न तयार रहेकाले पहिलो चरणमा सामग्रीको सूची उपल्ध गराउन चिनियाँ टोलीले आग्रह गरेको हो। नेपालबाट जारी गरिने फाइटो स्यानिटरी प्रमाणपत्रका आधारमा साग सब्जी, मासुजन्य पदार्थ, बोडी, सिमी, आलुलगायतका सामग्री चीनतर्फ सहज रुपमा सामग्री निकासी गर्ने वातावरण सिर्जना गर्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेले जानकारी दिनुभयो।

नेपालको तर्फबाट सामग्रीको सूची उपलब्ध गराएपछि गुणस्तर परीक्षणका लागि चिनियाँ टोली आउने सहमति भएको प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताउनुभयो।

रसुवागढी नाकामा रहेको क्वारेन्टाइनलाई थप व्यवस्थित गरी दुई देशको व्यापार सहज बनाउका लागि समन्वय संयन्त्र तयार गरिने बताइएको छ।

सीमा नाकामा हुन सक्ने मानव बेचविखन, लागुपदार्थ ओसार पसार, वन्यजन्तुको अंगहरुको निकासी, बहुमूल्य जडिबुटी तथा अवैध सुन नियन्त्रणका लागि नाकामा गस्ती निगरानी बढाउने तथा चेकजाँचमा कडाई गर्ने विषयमा समेत छलफल भएको छ।

१ अर्ब १७ करोड राजस्व संकलन

काभ्रे, (नेस)

आर्थिक वर्ष २०७३/७४ मा जिल्लाको कुल आम्दानी १ अर्ब १७ करोड ६ लाख ७८ हजार ९ सय १६ रुपियाँ ९ पैसा राजस्व संकलन भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धुलिखेलका अनुसार गत आर्थिक वर्षमा सबैभन्दा धेरै आम्दानी गर्ने करदाता सेवा कार्यालय धुलिखेलले ५० करोड ४८ लाख ३५ हजार ८ सय ८५ रुपियाँ संकलन गरेको छ। जिल्लास्थित सरकारी कार्यालयबाट मात्रै ९० करोड ५८ लाख ८ हजार ३ सय २८ रुपियाँ आम्दानी भएको छ। व्यक्तिगत कर, आय कर, भ्याट असुलीमा कडाई गरेको करदाता सेवा कार्यालय अझै व्यवसायीसम्म पुग्न सकेको छैन। करदाता सेवा केन्द्रपछि जिल्ला मालपोत कार्यालय दोस्रो आम्दानी गर्ने कार्यालयका रुपमा चिनिएको छ।

त्यस्तै करदाता सेवा केन्द्रले २४ करोड ५४ लाख १३ हजार ५ सय ८८ मालपोत कार्यालय काभ्रेले ३० करोड ५० लाख संकलन गरेको छ भने जिल्ला प्रशासन कार्यालय काभ्रेले ४ करोड ४६ लाख ३५ हजार १९ रुपियाँ संकलन गरेको छ। जिल्ला प्रहरी कार्यालयले ट्राफिक राजस्वमार्फत् १ करोड ९४ लाख ५७ हजार आम्दानी गरेको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जानकारी दिएको छ। जिल्ला शिक्षा कार्यालय काभ्रेले १ करोड ३९ लाख २७ हजार २ सय ६० आम्दानी गरेको छ।

त्यस्तै जिल्ला अदालत काभ्रेपलाञ्चोकले ५६ लाख ८५ हजार ९ सय ८३, घरेलु तथा साना उद्योग कार्यालयले ८१ लाख ६ हजार ७ सय ७८ रुपियाँ संकलन गरेको छ। जिल्ला निर्वाचन कार्यालयले ७९ हजार ४ सय १०, जिल्ला आयोजना कार्यान्वयन इकाईले ५ लाख ८८ हजार ४ सय ८३, कोष तथा लेखा नियन्त्रक कार्यालयले १ लाख ४३ हजार ७ सय ६८, जिल्ला कृषि विकास कार्यालयले ९ लाख ३८ हजार ४ सय ४३, रेशम खेती विकास समितिले १ लाख ४१ हजार ६ सय ५०, मसला बाली विकास केन्द्रले १० लाख ९२ हजार ४६, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले २ लाख २६ हजार २ सय ५७, अञ्चल प्रहरी कार्यालय बाग्मतीले ८९ हजार १ सय ३८ रुपियाँ आम्दानी गरेका छन्।

त्यस्तै जिल्ला प्रहरी कार्यालय काभ्रेले १ लाख ५८ हजार ८ सय ४९, राष्ट्रिय अनुसन्धान कार्यालयले ५ हजार ४ सय ९५, कारागार कार्यालयले ५ हजार, जिल्ला पशु सेवा कार्यालयले २ लाख ३४ हजार ७ सय ३० रुपियाँ आम्दानी गरेको छ। जिल्ला वन कार्यालयले ८ लाख ७६ हजार ९ सय ५१, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले ४३ लाख ८५ हजार १ सय ५७, नापी कार्यालय धुलिखेलले ५३ लाख ९८ हजार ४ सय ३५, नापी कार्यालय बनेपाले ४७ सय ५५, महिला तथा बालबालिका कार्यालयले ६ सय ९६, २६ नम्वर बाहिनी १ लाख ६४ हजार ४ सय, शहरी विकास तथा भवन डिभिजन कार्यालय ७ लाख ५१ हजार ५ सय ७९, वीरेन्द्र शान्ति कार्य पाँचखाल २० हजार २ सय ३५, विष्णु दल गण धुलिखेलले ३० हजार ५ सय ५२ रुपियाँ आम्दानी गरी राजस्व बुझाएका छन्।

यसैगरी शैक्षिक तालिम केन्द्र २ लाख १८ हजार ८ सय ४०, डिभिजन सहकारी कार्यालय २ लाख ८२ हजार, मध्यमाञ्चल सिँचाइ कार्यालय २ लाख ६२ हजार ८७, भूमिगत जल सिँचाइ कार्यालय ६० हजार १ सय, जिल्ला हुलाक कार्यालय ३१ लाख २८ हजार ५ सय १३, जिल्ला विकास समितिको कार्यालय २५ लाख ५७ हजार ५ सय ६२, जिल्ला प्राविधिक कार्यालय ३१ हजार १ सय, जिल्ला समन्वय समितिको कार्यालय ४ लाख ९३ हजार ६ सय २०, खानीखोला गाउँपालिका १६ हजार, जिल्ला स्वास्थ्य कार्यालय १० लाख ३० हजार ६ सय ७४, जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र १७ हजार, मेथिन्कोट अस्पताल ६५ हजार ६ सय ४७ र शाखा तथ्यांक कार्यालय २५ हजार ९ सय २ रुपियाँ आम्दानी गरेका छन्।

नेपाललाई समृद्ध बनाउन प्रतिबद्ध छु : अर्थमन्त्री

काठमाडौं, (नेस)

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाललाई आत्मनिर्भर अर्थतन्त्रको रुपमा स्थापित गराउने प्रयासमा सरकारले काम गरिरहेको बताउनुभएको छ। राजधानीमा भोजपुर समाजले आयोजना गरेको एक कार्यक्रममा बोल्दै मन्त्री कार्कीले नेपाललाई समृद्ध राष्ट्र निर्माण गर्नका लागि मुलुकको अर्थतन्त्र उकास्न आफू प्रतिबद्ध रहेको बताउनुभएको हो।

अर्थमन्त्री कार्कीले संविधान निर्माणसँगै नेपालीको २००७ सालदेखिको सपना पूरा भएको उल्लेख गर्दै अबका दिनमा नेपालमा राजनीतिक आन्दोलन समाप्त भई आर्थिक क्रान्ति गर्नुपर्ने बेला आएको बताउनुभयो। उहाँले मुलुकले बेहोरिरहेको व्यापारघाटा र त्यसको न्यूनीकरणका ठुलो चुनौतीका रुपमा देखिँदै गएको बताउनुभयो।

उहाँले भन्नुभयो-'निर्यातको तुलनामा आयात निकै बढिरहेको छ। चालू आर्थिक वर्षमा सार्वजनिक गरिएको मौद्रिक नीतिले पनि कृषिको उत्पादन र ऊर्जा क्षेत्रको उत्पादन, विकास र विस्तारलाई प्राथमिकतामा राखेको छ। यसले पनि व्यापार घाटा सन्तुलन गर्न मद्दत गर्छ।' उहाँले मुलुकलाई समृद्ध बनाउनका लागि उद्योग कलकारखानाको विकास, रोजगारीमा वृद्धि र ऊर्जा, कृषि र पर्यटन क्षेत्रको विकास नै महत्त्वपूर्ण कुरा रहेकाले सरकारको ध्यान यसैमा केन्द्रित भएको बताउनुभयो।

अर्थमन्त्री कार्कीले जापान सरकारले नेपाललाई विभिन्न क्षेत्रमा गर्दै आएको सहयोगको सरहाना पनि गर्नु भएको थियो। त्यस्तै कार्यक्रममा बोल्दै पूर्वअर्थमन्त्री शंकर कोइरालाले मुलुकको दिगो आर्थिक विकासका लागि सरकारले गम्भीर भएर कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

कार्यक्रममा नेपालका लागि जापानी राजदूत मासासी ओगावा, सांसद जयन्ती राई, तारादेवी राई तथा मोहनकुमार राईको पनि कार्यक्रममा सहभागिता थियो। कार्यक्रममा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, पूर्वअर्थमन्त्री शंकरप्रसाद कोइराला, अल्ट्रा धाविका मिरा राई , शिक्षासेवी गुरुप्रसाद राईलगायतलाई सम्मान गरिएको थियो।

'हामीले भन्सार विभागको तथ्यांकलाई आधार मानेर वार्षिक रुपमा कुन विद्युतीय सामान कति मात्रामा नेपाल भित्रिन्छ र ती भित्रिएका सामान कति वर्षमा फोहोरमा परिणत हुन्छन भनेर हामीले अध्ययन गरिरहेका छौं।'

विज्ञहरु भन्छन्-

नेपाल विद्युतीय फोहोरको 'डम्पिङ साइट' बन्दै

नेपाल समाचारपत्र

काठमाडौं

विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम् आविष्कार भएसँगै त्यसको प्रयोग पनि मानवीय जीवनको अभिन्न अंग बनिसकेको छ। वर्षेनी विद्युतीय उपकरणको बढ्दो प्रयोगले निम्ताएको समस्या विकराल रुपमा देखिँदै गएको छ।

सूचना प्रविधिको क्षेत्रमा आएको क्रान्ति र त्यस्ता सामग्रीको प्रयोगमा आएको व्यापक उपयोगसँगै त्यसबाट निस्किने समस्या र विद्युतीय फोहोर व्यवस्थापनमा पनि नयाँ चुनौतीका रुपमा देखिएको विज्ञहरूले बताएका छन्। विद्युतीय उपकरणको उपयोग गर्ने अवधि सकिएपछि अथवा प्रयोगविहीन अवस्थामा रहेका मोबाइल, कम्प्युटर, टेलिभिजन, ब्याट्रीलगायतका सामग्रीको उचित व्यवस्थापन हुन नसक्दा विद्युतीय फोहोरको जोखिम बढ्दै गएको उनीहरूको भनाइ छ। सन् २०१६ मा संयुक्त राष्ट्रसंघ विश्वविद्यालयले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा एसियाली मुलुकहरुमा विद्युतीय फोहोर उत्पादन सबैभन्दा धेरै उत्पादन हुने गरेको तथ्य सार्वजनिक गरेको थियो।

उक्त प्रतिवेदनअनुसार पछिल्ला ५ वर्षमा मात्र विद्युतीय फोहोरको उत्पादन ६३ प्रतिशतले बढेको देखिन्छ। नेपालले विद्युतीय सामानको उत्पादन कम गरे पनि आयातित सामानको प्रयोगबाट सिर्जीत फोहोरको 'डम्पिङ साइट' का रुपमा देखिएको छ।

त्यस्ता उपकरणले माटो पानी तथा वायुमा समेत असर गरिरहेको छ। जसले गर्दा मानव स्वास्थ्य तथा वातावरण प्रदुषणको जोखिम निम्ताइरहेको छ।

विद्युतीय फोहोर संकलन, पुनः प्रयोग र त्यसको विसर्जनका लागि नेपालमा अहिलेसम्म पनि कुनै ठोस नीति निर्माण भइनसकेको बताउनुहुन्छ पूर्वविज्ञानमन्त्री गणेश साह। 'नेपालमा पनि नीतिगत रुपमा नै 'जिरो वेस्ट' को अवधारणा आइरहको छ। अर्को भनेको औद्योगिक रुपमा जसले उत्पादन गऱ्यो त्यसले नै व्यवस्थापन गर्ने वा व्यवस्थापनका लागि भुक्तानी गर्नुपर्ने देखिन्छ।' साहले भन्नुभयो। सरकारले नै नीतिगत पक्षमा सुधार गर्नुपर्ने र विद्युतीय फोहोर व्यवस्थापनका लागि विज्ञान तथा प्रविधिमा विश्वव्यापी रुपमा के कस्ता प्रक्रियाहरु अवलम्बन भएका छन्। त्यसको नेपालमा प्रयोगका लागि पनि पहलकदमी गर्नु जरुरी रहेको उहाँले बताउनुभयो। फोहोर व्यवस्थापनमा आधारित उद्योगहरुको विकासका लागि पनि सरकारले कसरी प्रोत्साहन गर्ने र त्यो क्षेत्रमा काम गर्ने कामदारको व्यावसायिक स्वास्थ्य र सुरक्षाका लागि निश्चित मापदण्ड बनाउनु जरुरी छ।

ऊर्जा क्षेत्रमा आबद्ध विभिन्न संघ तथा संस्थाको छाता संगठनको रुपमा स्थापना भएको नेपाल नवीकरणीय ऊर्जा परिसंघका अध्यक्ष गुणराज ढकालले अहिले विश्वव्यापीरुपमा नै डिजिटल युगले वातावरणमा पारेको प्रभावलाई ठूलो समस्याका रुपमा लिइएको भए पनि नेपालमा अझै पनि यस विषयमा कम बहस भएको बताउनुभयो। 'अत्याधिक मात्रामा विद्युतीय सामग्रीको प्रयोग भइरहको छ। तर, त्यसबाट निस्किने फोहोरले निम्ताउने समस्या र त्यसको समयमा व्यवस्थापनमा हामीले चासो देखाएनौं भने आगामी दिनमा ठूलो समस्या निम्तिन सक्छ।' उहाँले भन्नुभयो।

रसायनविद् तथा त्रिभुवन विश्वविद्यालय व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक डा. रामेश्वर अधिकारीले विद्युतीय फोहोरले र त्यसबाट निस्किने रसायनले क्यान्सर, दम, छालाको रोग जस्ता समस्या मानिसमा देखिँदै गएको र त्यस्ता रसायन माटोमा मिसिँदा माटोको उर्वराशक्ति नष्ट हुने, हावामा मिसिँदा ओजनतह क्षय हुँदै जाने जस्ता समस्या देखिन थालेको बताउनुभयो। उहाँले मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर पार्ने विद्युतीय फोहोर कसरी उत्सर्जन भइराखेको छ, त्यसको स्रोत पहिचानमा सरकारले कदम चाल्नुपर्ने बताउनुभयो। डा. अधिकारीका अनुसार 'विद्युतीय सामान जुन निकायमार्फत् मुलुकमा भित्रिन्छ उनीहरुमार्फत् नै फिर्ता गर्नका लागि राज्यले त्यस्ता नीति निर्माण गर्नुपर्ने बताउनुभयो। मुलुकभित्रै पनि हामीले त्यसको व्यवस्थापनमार्फत् अन्य खालका लाभ लिन सक्छौं।

त्यस्तै जनसंख्या तथा वातावरण मन्त्रालयले नेपालमा विद्युतीय फोहोरको अवस्था र यसको व्यवस्थापनका लागि गठन गरेको साउन्ड मेनेजमेन्ट अफ पीसीपी एन्ड पीओपी पेस्ट्रिसाइड इन नेपाल, नेसनल इम्प्लिमेन्टेसन प्लानका निर्देशक डा. भुपेन्द्र देवकोटाले अहिले वातावरण व्यवस्था विभागले नेपालले विद्युतीय फोहोर कति मात्रामा छ भनेर आधिकारिक तथ्यांक संकलन गरिरहेको बताउनुभयो। अहिले ठूलो समस्याका रुपमा देखिएको विद्युतीय फोहोर र यसको उचित यवस्थापन वातावरण विभागले प्रारम्भिक अध्ययन मात्र गरेका उहाँले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'हामीले भन्सार विभागको तथ्यांकलाई आधार मानेर वार्षिक रुपमा कुन विद्युतीय सामान कति मात्रामा नेपाल भित्रिन्छ र ती भित्रिएका सामान कति वर्षमा फोहोरमा परिणत हुन्छन भनेर हामीले अध्ययन गरिरहेका छौं।' सो अध्ययनका क्रममा कस्ता वस्तुमा कस्ता खालका रसायनहरु प्रयोग भएका छन् भनेर पनि अध्ययन गरिने र विभिन्न उपकरणमा प्रयोग भएका अल्ड्रिन, एल्ड्रिन, क्लोर्डाइन, टेक्साफोन जस्ता पप्स् केमिकलले पार्ने असरका बारेमा पनि अध्ययन गरिने उहाँले बताउनुभयो।

त्यस्तै त्रिचन्द्र क्याम्पस, रसायनशास्त्रका सहप्राध्यापक ज्योति गिरीले विदेशमा उत्पादित विद्युतीय उत्पादनको डम्पिङसाइटका रुपमा देखिएको समस्याले तत्कालीन र दीर्घकालीन दुवै खालका समस्या निम्तिने बताउनुभयो। 'अहिले हामीले आयातमात्र गरिरहेका छौं र केही मात्रामा यस्ता वस्तु अवैधानिक रुपमा भारततिर गइरहेको छ। तर, धेरैजसो नेपालमै थन्किएर रहेको छ। नेपालमा उत्सर्जित यस्ता फोहोरको विसर्जनमा हामीले बैज्ञानिक विधि अपनाउन सकेका छैनौं। 'पोलिमर, मिथाइल, पोलिमिथाइल, ब्याट्री लिड जस्ता हानिकारक रसायन माटो, पानी र हावामा मिसिँदा मानव स्वास्थ्यमा प्रत्यक्ष असर पार्नुका साथै पर्यावरणमा दिगो असर देखिने गिरीले बताउनुभयो।

विद्युतीय फोहोर व्यवस्थापनका लागि हरेक व्यक्तिमा जनचेतना जगाउनुपर्ने र त्यसका लागि सरकारी क्षेत्रबाट पहल हुन जरुरी रहेको विज्ञहरुको सुझाव छ। सरकारले बनाएका नीति निर्देशिकाहरुले पनि विद्युतीय फोहोरमैला व्यवस्थापनका लागि भनेर अहिलेसम्म पनि छुट्टै नीति निर्माण भएको देखिँदैन। ठोस फोहोरमैला व्यवस्थापन ऐनभित्र नै सबै खालको फोहोरलाई समावेश गरिएको छ।

पर्यटक ३२ प्रतिशतले बढे

काठमाडौं, (नेस)

पछिल्लो छ महिनामा नेपाल भ्रमणका निम्ति आउने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको छ। अध्यागमन विभागका अनुसार सन् २०१७ को पहिलो छ महिनाको अवधिमा अघिल्लो वर्षभन्दा १ लाख १५ हजार ५ सय ५९ जना अर्थात ३२ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका छन्। यस वर्षको पहिलो छ महिनामा ४ लाख ७५ हजार २ सय ६९ पर्यटक नेपाल भित्रिएका छन्। सन् २०१६ को सोही अवधिमा ३ लाख ५९ हजार ६ सय ७२ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

नेपाल घुम्न आउने पर्यटकमा भारतीयको संख्या उल्लेख्य रहेको विभागले जनाएको छ। अध्यागमन विभागका अनुसार भारतबाट यस अवधिमा ९३ हजार ४९ जना पर्यटक नेपाल भ्रमणमा आएका छन्। सन् २०१६ को सोही अवधिमा ६४ हजार ८ सय ४२ भारतीयले नेपाल भ्रमण गरेका थिए। त्यस्तै चीनबाट ५४ हजार ९० जना पर्यटक आएका छन्। सन् २०१६ को सोही अवधिमा ३९ हजार ६ सय ४९ जना चिनियाँ पर्यटक नेपाल आएका थिए।

यसैगरी अमेरिकाबाट ४१ हजार ६ सय ९१ र श्रीलंकाबाट १९ हजार ७ सय २९ जना र पर्यटक नेपाल भ्रमणमा आएका छन्। सन् २०१६ मा ७ लाख २९ हजार ५५० पर्यटक नेपाल भित्रिएको तथ्यांक विभागसँग छ। यो संख्या अघिल्लो वर्षको तुलनामा ३६ दशमलव ११ प्रतिशतले बढी हो। सन् २०१५ मा ५ लाख ३६ हजार पर्यटकमात्रै नेपाल भित्रिएका थिए। सन् २०१४ मा पर्यटक आगमनको संख्या भने झन्डै ८ लाख थियो। पहिलो छ महिनाको तथ्यांक हेर्दा सन् २०१७ मा करिब ९ लाख पर्यटक नेपाल भित्रिन सक्ने अनुमान गरिएको छ। राजनीतिक वातावरण सुधिदै गएको तथा सरकारले बढीभन्दा बढी पर्यटक भित्र्याउन विश्वव्यापी प्रचारमा जुटेका कारण सन् २०१७ पर्यटन उद्योगका निम्ति सुखद् हुने आशामा व्यवसायीहरू रहेका छन्।

पर्यटकलाई आकर्षित गर्ने नेपालको वास्तुकला, ट्रेकिङ रुटलगायतका अन्य संरचनाहरू भूकम्पपछि पुनर्जीवन पाउने क्रममा रहेको तथा नेपाल भ्रमण गर्न सुरक्षित छ र नेपालको सौन्दर्य कायमै रहेको सरकारको प्रचारले सकारात्मक प्रभाव पार्न थालेको व्यवसायीहरू बताउँछन्। पछिल्लो समयमा पर्यटन क्षेत्रमा देखिएको सुधारले सरकारले सन् २०१८ को नेपाल भ्रमण वर्ष र सन् २०२० मा २० लाख पर्यटक नेपाल ल्याउने लक्ष्यका निम्ति सहयोग हुन सक्ने सरोकारवालहरूको भनाइ छ।

कुरिलोको व्यावसायिक खेती

नेपाल समाचारपत्र

पाल्पा

विभिन्न रोगको औषधि र तरकारी अचारमा प्रयोग हुने कुरिलो खेती पाल्पामा व्यावसायिक रुपमा हुन थालेको छ। विभिन्न फाइदा हुने भएकाले घरायसी प्रयोजनका लागि मात्र नभएर व्यावसायिक रुपमा पनि यसको खेती हुन थालेको हो।

कम खर्चमा बढी आम्दानी हुने कुरिलो खेतीका लागि पाल्पाको हावापानी राम्रो भएका कारण पनि किसानमा कुरिलो खेतीको आकर्षण बढ्न थालेको हो।

कुरिलो खाँदा रोग प्रतिरोधात्मक क्षमता बढाउने हुँदा यसको माग बढ्दै गएको किसान बताउनुहुन्छ। विगत चार वर्षदेखि कुरिलो खेती गरेकी पाल्पा बराङदीकी लुमकला घिमिरे बजारमा कुरिलोको माग बढ्दै गएकाले एक किलोको चार सय रुपियाँमा सजिलै बिक्री हुने बताउनुहुन्छ।

विरुवा रोपेको चार/पाँच महिनामा तयार हुने कुरिलो खेतीमा दिनदिनै टुसा पलाउने हुँदा यसबाट राम्रो आम्दानी हुने कृषकको भनाइ छ। बराङदीबाहेक अन्य ठाउँमा पनि यसको खेती हुन थालेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।

किसानले एक सिजनमा कुरिलोबाट ५० हजारदेखि १ लाख रुपियाँसम्म आम्दानी गर्न थालेको हुँदा यो खेतीको विस्तार गर्दै जाने बताउँछन्। यसका लागि जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोग आवश्यक रहेको किसानको माग छ।

हेटौंडामा तीनतारे होटल सञ्चालनमा

हेटौंडा, (नेस)

टीसीएन बाइपास रोडमा सुविधा सम्पन्न तीन तारे होटल सञ्चालनमा आएको छ। करिब ३५ करोड खर्चेर निर्माण गरिएको होटल प्रकाश सञ्चालनमा आएको हो। होटलको बुधबार हेटौंडाका मेयर हरिबहादुर महतले उद्घाटन गर्नुभयो।

३ कट्ठा क्षेत्रफलमा बनेको ५ तले होटलमा हाल २७ कोठा रहेका छन्। कोठाको संख्या ६० पुऱ्याउने लक्ष्य रहेको प्रवन्धक राजेन्द्रप्रसाद श्रेष्ठले बताउनुभयो। २७ कोठामध्ये ५ वटा कोठा स्विटरुम, ८ वटा सुपर डिलक्स र १४ वटा डिलक्स कोठा रहेको श्रेष्ठले जानकारी दिएका छन्। होटल सञ्चालक रवि गुप्ताले पर्यटन क्षेत्र प्रवर्द्धनका लागि होटलमा लगानी गरेको बताउनुभयो।

हेटौंडालाई आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणको केन्द्र बनाउने उद्देश्य सहित होटल प्रकाश इन्टरनेसनल प्रालिको औपचारिक सुरुवात भएको हो। होटलले हेटौंडाको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुका साथै हेटौंडाबारे पर्यटकलाई जानकारी उपलब्ध गराउन सहयोग समेत पुग्ने सञ्चालक ओमप्रकाश गुप्ताले बताउनुभयो।

होटलमा एउटा बार र एउटा फाष्टफुड रेष्टुरा छ। होटलमा तालिम, भेला र अन्तर्क्रिया लगायत कार्यक्रम गर्न १ सय २० सिट क्षमताको एउटा र २५ सिट क्षमताको अर्को हल छ। होटलमा स्विमिङ पुलनिर्माण गरिने जनाइएको छ।

पर्यटकीय पूर्वाधारको महत्वपूर्ण माध्यम तारा तथा पर्यटकीय होटलको संख्या बढ्दै गएको छ। आर्थिक सर्वेक्षण २०७३/०७४ अनुसार आर्थिक वर्ष २०७२/०७३ सम्म (पर्यटन विभागमादर्ता भएका) तारास्तरको होटल संख्या १ सय १६ रहेकोमाआव २०७३/०७४ को प्रथम आठ महिनासम्ममा यो संख्या बढेर १ सय २० पुगेको थियो।

तारास्तर बाहेकका पर्यटक स्तरीय होटल, लज तथा रिसोर्टको संख्या आव २०७२/०७३ सम्म ९ सय ६० भएकोमाआव २०७३/०७४ को प्रथम आठ महिना सम्ममा ९ सय ८५ पुगेको थियो।

बीउ संरक्षणमा स्थानीय किसान

डोटी, (नेस)

डोटीका किसानले स्थानीय जातको आलुलगायत अन्य विभिन्न कृषि उपजको बीउ संरक्षण गर्ने अभियनमा लागेका छन्। जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्थाको सहयोगमा जोरायल गाउँपालिका-२ स्थित गैराका किसानले उक्त अभियनको शुरूआत गरेका हुन्।

लोकल तथा उन्नत जातका आलुलगायत अन्य कृषि उपजको बीउ संरक्षणका लागि किसानले रिस्टक स्टोरसमेत स्थापना गरेका छन्। बीउ कुहिएर नोक्सान नहोस् र आवश्यक परेको बेला बीउका लागि अनेत्र भौतारिन नपरोस् भन्ने उद्धेश्यका साथ उक्त अभियानको थालनी गरिएको जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्था घण्टेश्वर २ गैराका अध्यक्ष भोजबहादुर मल्लले बताउनुभयो। उहाँले भन्नुभयो-'उन्नत तथा लोकल जातको आलु अन्यको बीउ संरक्षणको शुरूआत गरेका छौं, बीउका लागि अब अन्यत्र धाउनुपर्ने अवस्थाको अन्त्य हुनेछ।'

जिल्ला कृषि विकास कार्यालय डोटी र लिवर्ड संस्थाको आर्थिक सहयोगमा १० लाख ७५ हजार ३ सय ३७ रुपियाँको लगानीमा बीउ संरक्षण गर्ने रिस्टक स्टोरको निर्माण गरिएको जैविक विविधता संरक्षण तथा कृषि सहकारी संस्थाका महिला सदस्य सञ्जा बोहराले बताउनुभयो। उहाँले भन्नुभयो-'पहिले-पहिले आलुलगायत अन्य बीउका लागि गाउँघरमा कसैले बचाएर राखेको बिउ खोज्दै हिड्नु पर्थ्यो, नपाइएमा भारतबाट आएको गुणस्तरहिन बीउ प्रयोग गर्न बाध्य थियौं, हिजोआज रिस्टक स्टोरबाट आवश्यक बीउ प्रयोग गर्न पाएका छौं, यसैमा खुशी छौं।' बीउ संरक्षण गरिन थालेपछि स्थानीय किसानको बीउको अभावबाट पिरोलिनुपर्ने अवस्थाको पनि अन्त्य भएको छ। किसानले भनेकै समयमा घरैमा बीउ पाउन थालेपछि निकै खुशी भएको स्थानीय रुपेश मल्लले बताउनुभयो।

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com